# हाम्रो प्रेमीलो परमेश्वरको कार्यहरु

## परमेश्वरको चरित्रमा एउटा नयाँ दिनको प्रारम्भ

जे ऐ शुल्बर्ग



# हाम्रो प्रेमीलो परमेश्वरको कार्यहरु

## परमेश्वरको चरित्रमा एउटा नयाँ दिनको प्रारम्भ

अहिंसाबादी परमप्रभु:

परमेश्वरको चरित्र सम्बन्धित भ्रमहरुको निवारण र बैकल्पिक बुझाई

जे ए शुल्बर्ग

# प्रतिलिपि अधिकार © २०१७ जे ऐ शुल्बर्ग

सबै अधिकार सुरक्षित गरिएको छ । बाहिरी संक्षिप्त उद्धरणको महत्वपुर्ण लेख बाहेक, यस पुस्तकको कुनै पनि अंश, कुनै पनि माध्यम, ग्राफिक, इलेक्ट्रोनिक, वा मेकनिकलद्वारा फोटोकपी, रेर्कडिङ्ग, टाइपिङ प्राप्त प्रणाली सहित लेखकको लेखित अनुमति बिना कुनै जानकारी पुनः भण्डारण गर्न वा पुन उत्पादन गर्न मनाही छ ।


धर्मशास्त्र उद्धरणहरु बाइबलको किङ्ग जेम्स संस्करणबाट लिइएको हो ।


प्रकाशकः

**फादर अफ लभ. इनफो** - fatheroflove.info

loveofgod-nepal.com

June 2019

# विषय सूची


के तपाईले अचम्म मान्नुभएको छ ? ..............................५

१. के यसले केहि अर्थ राख्छ ?.......................................... ८

२. हाम्रोलागि उत्कृष्ट नमूना ..........................................११

३. हाम्रो जीवनको स्रोत ..................................................१४

४. परमेश्वरको स्वरुपमा बनाइएको ...............................१७

५. झुटको पिता ........................................................................२०

६. पाप के हो ?...........................................................................२२

७. शैतान किन छ ? ..................................................................२६

८. विनाशकारी सर्प ...............................................................३६

९. अय्यूबको कैद ....................................................................४०

१०. हामी बाइबललाई किन गलत पढ्छौं ? .........................४९

११. हामी परमेश्वरलाई किन गलत रुपमा बुझ्छौं ?..............५२.

१२. परमेश्वरले कसरी विनाश गर्नुहुन्छ ?...............................५९

१३. परमेश्वरको क्रोध के हो ? .........................................६१

१४. परमेश्वरले कसरी युद्ध लडनु हुन्छ ?...................... ....७८

१५. सदोम र गमोरा..................................................................८२

१६. जलप्रलय के हो ?..............................................................८५

१७. कुसको गवाही ...................................................................९२.

१८. परमेश्वर क्रुर शासक हुनुहुन्न । ...................................९५

१९. हाम्रो सृष्टिकर्ता र पालनहार........................................ १०६
२०. हामीले कसरी अनन्त जीवन पाउन सक्छौं ?......................११४.
२१ . के हामीले न्यायको डर मान्नुपर्छ ?...................................१२३
२२. परमेश्वरको न्याय कस्तो हुनेछ ?....................................१३६
२३. परमेश्वर नम्र हुनुहुन्छ ..................................................१४२
२४. परमेश्वर एक सेवक हुनुहुन्छ दास बनाउने होइन................१४४
२५. परमेश्वरले तपाईलाई निःस्वार्थ प्रेम गर्नुहुन्छ ....................१४८
२६. परमेश्वरको राज्य । .........................................................१५१
२७. परमेश्वरले हामीलाई साँचो स्वतन्त्रता दिनुहुन्छ । ................ १५७

# प्रस्तावना

## के तपाइले अचम्म मान्नु भएको छ ?

कानुनी भाषामा प्रकोप पूर्ण रुपमा प्राकृतिकको शक्ती हो, र यसलाई रोक्न नसकिने परमेश्वरको कार्यको रुपमा सम्बोधन गरिएको छ । यो वाक्यांश प्राय जसो बीमा नीतिहरुमा सम्मिलित हुन्छन । हाम्रो संसारमा भइरहेका खराब कामहरका लागि परमेश्वर जिम्मेवार हुनुहुन्छ भन्ने कुरा हामीले कहाँबाट पायौं ? जब तुफान, भुकम्प, आंधीबेहरी, बाढी र अन्य प्राकृतिक प्रकोप जस्ता घटनाहरु हुन्छन, के उहाँले यी सब कहाँ र कहिले हुन्छ भनेर मनमानी गर्नुभएको निर्णय हो ? के परमेश्वरले यी कुराहरु हुनलाई केहि गर्नुहुन्छ ? के उहाँले आफ्नो इच्छित परिणाम ल्याउन प्राकृतिक संसारलाई हेरफेर गर्नुहन्छ ? किन उहाँले हाम्रो संसारमा भएको दुःख रोक्नलाई केहि गर्नुहुन्न ? अन्तमा, के हामीले बाइबलमा पढेको हिंसाहरुको जिम्मेवार परमेश्वर हुनुहुन्थ्यो ? के उहाँ आफैले हिंसाको सहारा लिनुभएको हो ? बाइबलले यी प्रश्नहरुको जवाफ दिन्छ, तर हामीले ति पत्ता लगाउनको लागि सतहमुनी गहिरिएर हेर्नु आवश्यक हुन्छ । परमेश्वर प्रतिको हाम्रो विश्वासलाई चुनौती भएता पनि उहाँले आफ्नो बारेमा के भन्नुहुन्छ र उहाँ कसरी काम गर्नुहुन्छ भनेर सुन्नलाई पनि हामी इच्छुक हुनुपर्दछ । यस पुस्तकले बाइबलमा प्रकट गरिएको परमेश्वरको चरित्रको अध्ययन गर्नेछ । कुन कार्यहरु परमेश्वरका हुन र कुन कार्यहरु

परमेश्वरका होइन्न केवल ती जान्नु महत्वपुर्ण छ । हामी धेरैले विश्वास गर्दछौं कि जब हामी उहाँका नियमहरु पलना गर्दछौं तब परमेश्वरले हामीलाई मायाँ गर्नुहुन्छ तर हाम्रो गल्तीबाट उहाँ क्रोधित हुनुहुन्छ र उहाँको आदेशको विपरीत जानेहरुलाई दण्ड दिनुहुन्छ । यस अध्ययनको उद्देश्य भनेको यो देखाउनु हो कि परमेश्वरले कहिल्यै विध्वंसको रुपमा काम गर्नु भएन तर केवल सृष्टिकर्ता पालनहार र उद्धारकको रुपमा काम गर्नुहुन्छ ।

*"तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशिल, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ ।"*

*-याकुब ३:१७*

# के यसले केहि अर्थ राख्छ ?

परमेश्वर कस्तो हुनुहुन्छ भनेर जान्न किन महत्वपुर्ण छ ? हामी परमेश्वरको बारेमा के सोच्दछौं भन्नेकुराले केहि अर्थ राख्छ ? हामी उहाँको बारेमा मात्र सोच्छौं भन्ने कुराले पनि केहि अर्थ राख्छ ? यी सवै प्रश्नहरुको उत्तर जान्नको लागि हामीलाई यी सवै महत्वपूर्ण कुराहरुको सुरुवातमा जानु आवश्यक छ । हामी परमेश्वर र उहाँको चरित्रको बारेमा के विश्वास गर्दछौ त्यसले हाम्रो चरित्रको निर्धारण गर्दछ, र हाम्रो चरित्र यस संसारले प्रस्ताव गर्ने सवै भौतिक सम्पतिहरु भन्दा बढी मूल्यवान छ । येशूले भन्नुभयो " म र मेरा पिता एक हौं" (यूहन्ना १०: ३०) परमेश्वर पिता र परमेश्वरको पुत्र उद्देश्यमा र चरित्रमा एक हुनुहुन्छ ।

उहाँहरु बीचको एकता नै एउटा पूर्ण मेलमिलाप हो । हिब्रुको पुस्तकको लेखकले घोषणा गर्नु हुन्छ कि येशू परमेश्वर पितामा हुनहुन्छ । *"उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो।"* (हिब्रु १:३ )

परमेश्वरको महिमा उहाँको उज्वलता मात्र नभएर यो उहाँको चरित्र हो । जब मोशाले परमेश्वरलाई उहाँको महिमा देखाउन विन्ती गरे, तब परमेश्वर मोशा सामु जानुभयो र उहाँको चरित्रको घोषणा गर्नुभयो ।

*"त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ।" (प्रस्थान ३४: ६-७)*

परमेश्वर वास्तवमा कस्तो हुनुहुन्छ भनि जान्नाले हामीलाई उहाँसंग मिलाप गराउँदछ । यो एउटा निको पार्ने र जीवन दिने ज्ञान हो । "*अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्।*" (यूहन्ना १७: ३)

येशूले आफ्नो बोली र जीवनद्वारा वास्तबमा परमेश्वर पिता कस्तो हुनुहुन्छ भनेर देखाउनुभयो । उहाँले भन्नुभयो "*साँच्चै, म तिमीहरूलाई भन्दछु, पुत्र आफैले केही गर्न सक्दैन, तर पिताले जे गर्नुभएको देख्छ त्यही मात्र गर्छ, किनकि पिताले जे गर्नुहुन्छ, पुत्रले त्यसै गर्छ*" (यूहन्ना ५:१९)

जब हामी जान्दछौं कि परमेश्वर निरन्तर प्रेमीलो र कृपालु हुनुहुन्छ, तब हामी प्रेम र भरोसामा उहाँमा डोहोऱ्याइने छौं । हामीलाई निश्चय गरएिको छ कि परमेश्वरको प्रेम र उहाँको असल इच्छाहरु सँधैभरि हाम्रो साथमा रहनेछ, किन कि उहाँको तरिका कहिल्यै परिवर्तन हुदैन । परमेश्वरले (मलाकी ३:६) मा

घोषणा गर्नुहुन्छ "**म परमप्रभु कहिल्यै परिवर्तित हुँदिनँ।**" उहाँ हामी जस्तो परिवर्तित हुनुहुन्न । हामी तब सम्म मात्र दयालु, प्रेमीलो, र विचारशील हुनसक्छौं जब सम्म हामीलाई मानिसले उचित र सम्मानका साथ व्यवहार गर्छन । तर जब हाम्रो भेट हामीलाई मन नपर्ने, हानी पुऱ्याउने मानिससंग हुँदछ तब हामी रिसाउँछौं र बदलाको चाहना राख्छौं । यो हामी मानवको स्वभाव हो । परमेश्वर कहिल्यै रिस गर्नुहुन्न र बदलाको भाव राख्नुहुन्न । परमेश्वरको वचनले पुष्टि गर्दछ कि येशू परिवर्तन हुनुहुन्न न त पिता नै । **"हिजो, आज, सँधैभरि येशू समान हुनुहुन्छ ।"**

(हिब्रु १३:८) "*हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदली रहने छायाजस्तो उहाँमा कुनै हेरफेर हुँदैन।" (याकुब १:१७)*

यी बचनहरुले पनि हामीलाई पुष्टि गर्दछ कि हाम्रो कोमल परमेश्वर हिंसाको पक्षमा हुनुहुन्न ।

"*अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।" ( यूहन्ना १:१४)*

# हाम्रोलागी उत्कृष्ट नमूना



डाँडाको उपदेशमा, येशूले हामीलाई शत्रुतापूर्ण संसारमा कसरी जीवन जीउने भनेर उत्तम नमुना दिनुहुन्छ । *"तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।' तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र तिमीहरूले आफ्ना दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरूहरूले भन्दा बढ़ी के गर्‍यौ र के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।"* (मत्ति ५:४३-४८)

यस खण्डले परमेश्वरको बारेमा हामीलाई के सिकाउँदछ ? येशूले भन्नुहुन्छ, **"आफ्ना शत्रुहरुलाई प्रेम गर"** त्यसैगरी "तिमीहरु स्वर्गमा बस्नुहुने पिताको सन्तान कहलाइने छौ ।" र अनतमा उहाँले भन्नुहुन्छ, "जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ ।" येशूले

हामीलाई यो आग्रह गर्नुहुन्छ कि हामीले हाम्रो शत्रुहरुसंग त्यस्तो व्यवहार गर्नुपर्दछ जस्तो हाम्रो स्वर्गमा बस्नुहुने पिताले आफ्नो शत्रुहरुसंग गर्नुहुन्छ। उहाँले हामीलाई यो बुझाउन चाहनुहुन्छ कि जुन उच्च सिद्धान्तहरुको उदाहरण उहाँले डाँडाको उपदेशमा देखाउनु भएको थियो, यो तब मात्र लाभदायिक हुँदछ, जब हामीले यसलाई परमेश्वरको तर्फबाट हो भनेर स्विकार गर्दछौं । हामीले येशूको जीवनमा हाम्रो शत्रुहरुलाई कस्तो व्यवहार गर्नुपर्छ भनेर एउटा उत्कृष्ट उदाहरण (नमुना) पाउँछौं । उहाँले कहिल्यै पनि उहाँमाथी अन्याय गर्नेहरुको विरुद्ध बदला लिनुभएन । उहाँको विश्वासघात, पक्राउ, र क्रुसमा टाग्ने समय सम्म, जब उहाँले आफुलाई सताउनेहरुको निम्ति क्षमा माग्नुभयो ***"हे पिता यिनीहरुलाई क्षमा गर्नुहोस, किनकि यिनीहरुले के गर्दैछन सो जान्दैनन ।"*** (लूका २३:३४) उहाँले केवल प्रेम मात्र देखाउनुभयो । जब सामरीको गाउँमा येशूलाई स्वगत गरिएको थिएन, उहाँका चेलाहरु याकूब र यूहन्नाले सोचे कि त्यो गाउँ आगोले नष्ट पारिनुपर्छ ।

*"तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो। अनि उहाँहरू अर्को गाउँतिर जानुभयो।"*

*(लूका ९: ५४-५६)*

परमेश्वर कस्तो हुनुहुन्छ भनेर जान्नको लागि उत्तम तरिका भनेको येशूको जीवनलाई अध्ययन गर्नु हो। उहाँले कहिल्यै कसैको हत्या गर्नुभएन नत हत्या गर्ने धम्की नै दिनुभयो । येशूले

कसैलाई पनि चोट पुऱ्याउनु भएन । उहाँ कसैलाई कहिल्यै पनि दोष लगाउनु भएन । जब चेलाहरुको तर्फबाट फिलिपले येशूलाई पिता देखाउन आग्रह गरे तब उहाँले जबाफ दिनुभयो । *"**येशूले** तिनलाई भन्नुभयो, फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, हामीलाई पिता देखाइदिनुहोस् म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ।" (यूहन्ना १४:९-१०)*

हामी ईश्वरशास्त्रीय यथार्थतालाई चुनौती दिने एउटा अध्ययनमा जाँदै गर्दा हामी येशूका शब्दहरु र उहाँको सिद्ध उदाहरण हाम्रो दिमागमा राखौं ।

# हाम्रो जीवनको स्रोत

हाम्रो जीवनको स्रोत केहि प्रारम्भिक आधारले त्यो सत्यतालाई स्थापित गर्दछ कि परमेश्वर सँधै प्रेमीलो हुनुहुन्छ । हामी बाइबलमा परमेश्वरले गर्नुभएको ती कार्यहरुको अध्ययन गर्नेछौं जुन येशूले सिकाउनु भएको सिदान्तहरु भन्दा विपरित देखिन्छन । हामीले यशैयाको पुस्तकमा परमेश्वरको विचारहरु र तरिकाहरुको बारेमा एउटा गहिरो अर्न्तदृष्टि पाउँछौ: ***"किनकि मेरा विचारहरु तिमीहरुका विचार होइनन, र तिमीहरुका चाल मेरा चाल होइनन," परमप्रभु भन्नुहुनछ । जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरा चाल तिमीहरुका चाल भन्दा र मेरा विचार तिमीहरुका विचारभन्दा अग्ला छन् ।"*** (यशैया ५५:८-९)

परमेश्वरको तरिकाहरु र विचारहरु हाम्रो तरिका र विचारहरु भन्दा असिमित रुपमा उच्च छन । परमेश्वरको बारे यो निश्चित सत्य बुझ्न हामीलाई गाऱ्हो छ । आफूलाई धर्मी ठहऱ्याउने हाम्रो अठोटमा हामी कल्पना गर्छौं कि परमेश्वर हामी जस्तै हुनुहुन्छ । हामीलाई रिस उठदछ, त्यसैले हामी सोच्दछौ परमेश्वर पनि हामी जस्तै क्रोधित हुनै पर्दछ । हामीमाथी अन्याय हुँदा हामी बदला लिन उत्प्रेरित हुन्छौं, त्यसैले हामी सोच्दछौ कि जब परमेश्वर माथि अन्याय हुन्छ तब बदला लिनको लागि उहाँसंग पनि हाम्रो जस्तै स्वभाव हुनुपर्दछ । अन्यथा परमेश्वरले हामीलाई बताउनुहुन्छ:

*"तैंले यी सब काम गरेको छस्, र म चूप लागें, तैंले सोचिस् म सर्वथा तँजस्तै छु। तर म तँलाई हप्काउनेछु, र तेरै मुखको अगि तेरो दोष देखाउनेछु। "* (भजनसंग्र ५०:२१)

जब परमेश्वरले हाम्रो संसारलाई बनाउनुभयो, उहाँले उहाँले यो आफै चलोस भन्ने हेतुले बनाउनु भएन । किनभने हाम्रो संसारमा परमेश्वरको असंलग्नता हुनु भनेको उहाँको उद्देश्य विरुद्ध मात्र नभएर, यो पृथ्वीमा जीवनको निरन्तरता नै हुने थिएन । ***"किनभने हामी उहाँमा जीउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ ।"*** (प्रेरित १७:२८)



हामीले फेर्ने प्रत्येक श्वासमा परमेश्वरले हामीलाई समाल्नुहुन्छ । परमेश्वर नै सवै जीवनको स्रोत हुनुहुन्छ, र उहाँद्वारा नै हाम्रो जीवन चल्दछ । यधपि, त्यहाँ एउटा कुरा छ जसले हामीलाई उहाँबाट अलग गर्न सक्दछ त्यो हो 'पाप' । तर वास्तवमा पाप के हो ? हामी प्रायः यो सोच्दछौं कि पाप भन्नाले हामीले गर्ने खराब कामहरु वा परमेश्वरको आज्ञा भंग गर्नु हो । हाम्रो सोचाइ यो छ कि पाप कुनै न कुनै रुपमा परिमाण गर्न सकिन्छ, जस्तो कसैसंग यसको ठूलो परिमाण हुन्छ भने कसै कसैसंग थोरै अर्थात कसैसंग धेरै कम । बाइबलले हामीलाई यो सिकाउँदछ कि हामीले गर्ने खराब कामहरु भनेको हामीले हाम्रो पहिलो माता पिताबाट लिएर आएको एउटा गम्भिर वंशणुगत रोगको लक्षणहरु हो । यो वंशाणुगत धारणले हामीलाई एउटा त्यस्तो झुटमाथी विश्वास गराउँदछ जसले भन्दछ कि यो सवै गर्नमा परमेश्वरको अफ्नै स्वार्थ छ । शैतानको यो झुटलाई मानवजातीहरुमा स्थापित गर्ने काम अदनको बगैंचामा नै भएको थियो । र यसले हामीमा भएको परमेश्वर प्रतिको धारणालाई गलत रुपमा परिभाषित गरिदियो ।

जब परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्नुभयो र तिनीहरुलाई बगैंचामा राख्नुभयो, तिनीहरुलाई एउटा प्रतिबन्ध लगाइएको थियो-मात्र एउटाः "*अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैँचाका सबै रूखका फल तैंले सङ्कोच नमानी*

*खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस्।" (उत्पत्ति २: १६-१७)*



यो बुझ्न सजिलो छ कि किन परमेशवरले ***"जीवनको वृक्ष "*** लाई बगैंचामा राख्नुभयो । (उत्पत्ति २:९)

तर हामीलाई कदर गर्ने गाऱ्हो भनेको किन परमेश्वरले " असल र खराबको ज्ञान दिने रुख" लाई त्यो पूर्ण वातावरणमा राख्नुभयो । पहिलो सोचाइमा हामीले त्यस रुखको उपस्थितिलाई देख्ने छौं, जसले हामीलाई त्यसबाट खानाको विरुद्धमा चेतावनी सहितको विपतिलाई निम्तो दिन्छ ।

# उहाँको स्वरुपमा बनाइएको

उत्पत्तिको पुस्तकमा हामीले हाम्रो पुर्खौलीलाई पाउँछौं ।

*"अनि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पाल्तु पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। "* (उत्पत्ति १:२६- २७)

परमेश्वरको स्वरुपमा बनिएको भन्नाले के बुझिन्छ ? परमेश्वरको प्रतिरुप भनेको के हो ? हामीले परमेश्वरको स्वरुप के हो भन्ने कुरा तब मात्र पत्ता लगाउँछौं जब हामीले परमेश्वर को हुनुहुन्छ भन्ने कुराको परिभाषाको व्याख्यालाई भेटाउँछौं । यसको सहि परिभाषा हामीले (१ यूहन्ना ४:८) मा पाउँछौं । **"प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ।"** ध्यान दिनुहोस यो पदले परमेश्वर **"प्रेमीलो"** हुनुहुन्छ मात्र भन्दैन, जस्तो कि उहाँको धेरै चरित्रहरुमा प्रेम पनि त्यस मध्येको एक हो । तर यो पदले हामीलाई "परमेश्वर प्रेम हुनुहुनछ" भनि बताउँदछ । हामी परमेश्वरको बारेमा जे जति जान्दछौं ती कुराहरु यहि परिभाषामा सहमति हुनु आवश्यक छ । त्यस कारण, परमेश्वर सिद्ध हुनु भएझैं हामी यो निश्र्कषमा पुग्न सक्दछौं कि

**"परमेश्वरको प्रेम"** पनि त्यस्तै सिद्ध छ । कुनै स्वार्थ बिना । त्यसैगरि उहाँको प्रेम पनि उहाँ जस्तो अपरिर्वतनिय छ ।

यदि हामी परमेशवरको स्वरुपमा बनेका छौं भने, हामी परमेश्वरको प्रेमलाई अनुभव गर्न उहाँद्वारा सृजना गरिएको हुनुपर्दछ । अब प्रेम, प्रेम हुनको लागि हो, यो कुनै आदेश हुनसक्दैन, वा कुनै तरिकाले बाध्य गर्न सकिन्दैन । यो मात्र सितैमा एक स्वतन्त्र रुपमा दिन सकिन्छ । यसलाई सजिलै बुझ्न सकिन्छ हामी कल्पना गरौं, एक जना मानिस प्रेमको भोकमा गोलीले भरिएको बन्दुक लिएर एउटा यात्रुले भरेको बसमा चढी मृत्युको धम्कि दिंदै प्रेमको माग गर्दछ । के यो तरिकाले प्रेम उत्पन्न गर्दछ ? मानौं हामीले कहि कठोर तरिका अपनाई एउटा रोबट बनाएर प्रेम प्राप्त गर्ने प्रयास गऱ्यौं र जब हामी त्यो रोबटको अगाडि उपस्थित हुन्छौं तब त्यसले म तपाईलाई मायाँ गर्छु भन्ने छ के यसले हामीलाई सन्तोषजनक र अर्थपूर्ण प्रेममा आधारित सम्बन्ध स्थापित गर्दछ ? के ति तरिकाहरु द्वारा हामी प्रेम प्राप्त गर्न र परमेश्वरको कार्य गर्न असफल हुने सम्भावना रहन्छ ? हामी फेरि अदनको बगैंचा र त्यो निरुत्साहित निषेधित रुखमा जाऔं । यदि परमेश्वरले त्यो रुख नबनाउनु भएको भए  मानिसजातीले पनि परमेश्वरले जस्तो प्रेम गर्न सम्भव थियो ? प्रेम हुनको लागि प्रेमले यो सितैमा दिनुको आवश्यक्तालाई बुझाउँछ । प्रेम सितैमा दिनको लागि हामीमा प्रेम नगर्नको लागि पनि स्वतन्त्र हुनुपर्छ । प्रेम सँधै एक रोजाई हो । प्रेममा आदेश वा जबरजस्ती हुँदैन । यदि परमेश्वरले हाम्रो प्रथम माता पितालाई सृष्टि गरि उनीहरुलाई अदनको बगैंचामा कुनै एउटा निश्चित तरिका बिना जहाँ उनिहरुले परमेश्वरलाई प्रेम नगर्न र उहाँमाथी भरोसा नराख्न रोज्न सक्थे भने परमेश्वरले जस्तो प्रेम गर्न तिनीरुलाई असम्भव हुने थियो । जसरी परमेश्वर हाम्रो जीवनको स्रोत हुनुहुन्छ । त्यसरी

नै उहाँ हाम्रो साँचो प्रेमको स्रोत हुनुहुन्छ । प्रेम र जीवनलाई अलग गर्न सकिंदैन । परमेश्वरको स्वरुपमा सृष्टि हुनाले हामी प्रत्येकलाई परमेश्वरको प्रेमीलो साथी बन्ने क्षमता दिंदछ । परमेश्वरले असल र खराबको ज्ञान दिने रुखलाई यसको हाँगाहरुबाट खान निषेध वा बञ्चित गर्नुको कारण हाम्रो उहाँ प्रतिको आज्ञाकारितालाई जाँच गर्नको लागि थिएन, तर उहाँ हाम्रो स्वतन्त्र रोजाइको कदर गर्नुहुन्छ भन्ने निश्चिततताको रुपमा उहाँले हामी उहाँको विरुद्ध जाने जोखिम उठाउन इच्छुक हुनुभयो । जब हामी परमेश्वरले किन आदनको बगैंचामा निषेधित रुख राख्नुभयो भन्ने कुरालाई राम्रो संग बुझ्दछौं, तब हामी परमेश्वरलाई अफ्नो सेवा आफै खोज्ने तानाशाहीको आरोप लगाउने छैनौं । तथापि, त्यहाँ एक जना थियो जसले परमेश्वरलाई त्यहि कुराको दोष लगाउन तयार थियो ।

# झूटको पिता



*"आदिमा परमेश्वरले आकाशमण्डल र पृथ्वी सृष्टि गर्नुभयो। पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो। अनि परमेश्वरले भन्नुभयो, "उज्यालो होस्।" तब उज्यालो भयो। र परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो। उहाँले उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो। परमेश्वरले उज्यालोलाई "दिन" र अँध्यारोलाई "रात" भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो– पहिलो दिन।"* (उत्पत्ति ३: १-५)

***"पहिले यो बोलिरहेको सर्पको पहिचानलाई निर्धारण गरौं । यो सर्प वास्तवमा को थियो ? त्यो ठूलो अजिङ्गर तल फालियो त्यो प्राचिन सर्प, जो सारा संसारलाइ बहकाउने दियाबलस वा शैतान हो । त्यो पृथ्वीमा फ्याकियो र त्यसका दूतहरु त्यसका साथसाथै फ्याँकिए ।"*** ( प्रकाश १२:९)

हव्वाले त्यो चलाख सर्प संग मात्र कुरा गरिरहेकी थिइनन, तर शैतान संग - जो झूटको पिता हो । सर्पले चतुरतासाथ, परमेश्वरले आदम र हव्वालाई झूट बोलिरहनु भएको र केहि उत्तम थोक उनिहरु देखि लुकाएर राख्नु भएको कुराको दोष लगायो । त्यसबाहेक, यदि तिनीहरुले उत्त फल खाए भने उनिहरुको आँखा खुलिनेछ र तिनीहरु 'देवताहरु' जस्तो 'असल र खराब जान्ने'

हुनेछन भनि बतायो । स्त्रिले कसको कुरामाथि विश्वास गर्न रोजिन, परमेश्वरको कि शैतानको ?

"*जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए। अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए। अनि साँझपख परमप्रभु परमेश्वर बगैँचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैँचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तँ कहाँ छस्"* (उत्पत्ति ३:६-९)

जब आदम र हव्वाले रुखको फल खाए, तिनीहरको आँखा खुल्यो - (तिनीहरु आत्मा सचेत भए), र तिनीहरुले आफूलाई परमेश्वरबाट लुकाउन खोजे । परमेश्वरको कस्तो प्रतिक्रिया थियो ? उहाँ तिनीहरुको खोजीमा आउनुभयो । उहाँको पहिलो शब्दहरु थियो "तिमीहरु कहाँ छौ ?" उहाँले अहिले अलग भएका छोराछोरीहरुको मिलापको खोजी गर्नुभयो । "*तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।"* (लूका १९: १०)

# पाप के हो ?



हामी प्रश्नमा आऔः पाप भनेको के हो ? यसको सहि परिभाषा पाउनको लागि हामीलाई सर्वप्रथम यो जान्नको लागि महत्वपूर्ण छ कि, वास्तवमा **"असल र खराबको ज्ञान दिने रुख"** मा के गलत भएको थियो । ( उत्पत्ति ३:६ ) स्त्रिले त्यस रुखको तीन आर्कषण गुणहरु देखिन ।

१.'रुख खानाको लागि राम्रो थियो ।' बाहिरी रुपमा यो सत्य देखिन्छ, यो सत्य थिएन कि रुखलाई खानाको स्रातको रुपमा निषेधित गरिएको थियो भन्ने कुरा । समस्या फलसंग थिएन तर स्त्रिले अहिले यसलाई असलको रुपमा हेरिरहेकी थिइन ।

२.**"यो रुख आँखाको लागि रहरलाग्दो थियो ।"** परमेश्वरले बगैंचामा सृष्टि गर्नुभएको सबै कुरा पूर्ण थियो, त्यसैकारणले गर्दा यो रुख वास्तवमा नै **"हेर्नमा रहरलाग्दो थियो ।"** स्त्रिले रुखको अझै एउटा आर्कषण गुण देखिन ।

३. **"एउटा बुद्धिमानी बनाउन चाहने रुख ।"** के यो रुखमा साँचै नै रहस्यमय गुणहरु थिए त ? के सर्प सहि थियो होला ? के असल र खरबको ज्ञान हुनु वास्तवमै चाखलाग्दो कुरा हो ? असल र खराबको ज्ञान हुनुको अर्थ के हो ? के यो केबल जानकारी हाँसिल गर्नु मात्र हो ?

यो पदको अन्त यसरी हुँदछ **"उनले त्यसको फल लिइन र खाइन र आफ्ना पतिलाई पनि दिइन र उसले पनि खायो ।"** यो प्राय मानवजातिको पहिलो पाप हो भनेर बुझिन्छ, तर त्यो पाप चाहि

के थियो ? पहिले के आउँछ, फल खानु वा परमेश्वरको बारेमा सर्पले बोलेको झुटमा विश्वास गर्नु ?

प्राथमिक समस्या भनेको यो थियो जब हव्वाले सर्पले बोलेको झुटमाथि विश्वास गरिन "कि परमेश्वर स्वार्थी हुनुहुन्छ र केहि असल कुराहरु तिनीहरु देखि लुकाएर राख्नुभएको छ ।" पाप आफैमा केबल कार्य होइन, जस्तो कि पाप एउटा परिमाण गर्न सकिने वस्तुको रुपमा पाप जब चरम बिन्दुमा पुग्दछ यो हाम्रो मस्तिष्कको एउटा रोगी अवस्था हो, जसले गर्दा परमेश्वरलाई एउटा स्वार्थी रुपमा देख्दछ र उहाँमाथि विश्वास गर्न असमर्थ जनाउँछ । पापलाई रोग संग तुलना गर्न सकिन्छ । रोग लाग्नमा एक अन्तर्निहित कारण हुन्छ, जस्तै ब्याकटेरिया, मेटाबोलीक गडबड वा प्रतिरोधात्मक क्षमता बिर्गिनु इत्यादि । यि प्राथमिक कारणहरुले एक वा बढी लक्षणहरुको परिणाम दिन्छ जस्तै ज्वरो आउनु, वाकवाक लाग्नु, दुखनु, चक्कर लाग्नु इत्यादि । त्यस्तैगरि पापको प्राथमिक कारण भनेको परमेश्वरको बारेमा बोलेको झुटलाई विश्वास गर्नु हो जसको फल स्वरुप हामीले आफूलाई परमेश्वरबाट अलग राख्दछौं जसको प्रेम अरुमा केन्द्रित छ । परमेश्वरले आफ्नो बारेमा मात्र सोच्नु हुन्छ भन्ने कुराको विश्वास गर्नु नै हाम्रो बाहिरी पापको परिणाम हो । येशूले शास्त्री र फरिसीहरु संग कुराकानि गर्दा पापको समानतालाई निको पार्ने रोगको रुपमा प्रयोग गर्नुभयो जो निको पार्न आवस्यक छ । जब शास्त्रीहरु र फरिसीहरुले येशूले कर उठाउनेहरु र पापीहर संग खाना खाइरहेको देखे तब तिनीहरले येशूको चेलाहरुलाई भने तिनी कसरी कर उठाउने र पापीहरु संग खान र पिउन सक्छन ? ***"जब येशूले यो कुरा सुन्नुभयो उहाँले भन्नुभयो निरोगीहरलाई बैधको खाँचो पर्दैन तर रोगीहरुलाई मात्र पर्छ। म धर्मिहरुलाई होइन तर पापीहरुलाई बचाउन आएको हुँ ।"*** (मर्कूस २: १६-१७)

घातक हुन्छ किनकि यसले हामीलाई परमेश्वरबाट अलग गर्दछ, जो हाम्रो सम्पूर्ण जीवनको स्रोत हुनुहुन्छ। यो अलग हुने घटनामा परमेश्वरले कहिल्यै आफुले आफुलाई हामीबाट अलग गर्नुहुन्न तर सधै हामीले आफुलाई उहाँबाट अलग गर्दछौ। आदम र हव्वा शैतानसँग डराउनु पर्ने थियो तर उनीहरु शैतानसगँ भन्दा पनि परमेश्वरसँग डराए। बाइबलले भन्दछ फल खाएपछि ***"आदम र हव्वा बगैंचामा रुखहरुको बीचमा परमप्रमुको नजरबाट लुके।"*** (उत्पत्ति ३:८) हामी त्यस दिनदेखी नै हाम्रो कोमल परमेश्वरबाट लुकीरहेका छौं। हामीले याद गर्नुपर्छ कि जब परमेश्वरले आदम र हव्वालाई निषेधित रुखको फल नखानु भनेर चेतावनी दिनुभएको थियो तब उहाँले यस्तो भन्नु भएको थिएन कि **"जुन दिन तिमीले त्यसको फल खानेछौ म तिमीलाई मार्नेछु"** उहाँले भन्नुभएको थियो **" जुन दिन तिमीले त्यस रुखको फल खानेछौ तिमी निश्चय मर्नेछौ।"** जब ति मानिस र उनको श्रीमतीले रुखको फल खाए त्यस दिन देखि नै तिनीहरमा मर्ने प्रकृया सुरु भयो किनकि उनीहरले आफूले आफूलाई आफ्नो जीवनको स्रोत अलग पारेका थिए। यो पाप हो (परमेश्वर स्वार्थी र अविश्वासनिय हुनुहुन्छ भन्ने झुटलाई विश्वास गर्नु) त्यो घातक छ, परमेश्वर होइनः किनकि पापको ज्याला मृत्यु हो। ( रोमी ६: २३ ) परमेश्वर पापको कारोबार गर्नुहुन्न र उहाँले पापको ज्याला तिर्नुहुन्न। यो पनि स्पष्ट छ कि जब आदम र हव्वाले निषेधित गरिएको रुखको फल खाए, तिनीहरले असल र खराबको ज्ञान भन्दा पनि धेरै अरुकुराको ज्ञान प्राप्त गरे। तिनीहरुले अन्जानमा नै आफू र आफ्ना सन्तानहरुलाई त्यो असल र खराबको ज्ञानको अनुभव गराए। तिनीहरुलाई शैतानको बारेमा राम्रो संग जानकारी थिएनः तिनीहरले यसलाई सोच्नेछन, तिनीहरु यसमा जीउनेछन, तिनीहरुले यसको दासी बन्नेछन, र अन्त्यमा पापको नतिजा स्वरुप

पिडा, सतावट, डर र मृत्युलाई थाहा पाउनेछन । जब यो संसारमा पापको प्रवेश भयो मानव जातिले मात्र यसको परिणामलाई भोग्नु परेका थिएन । आदम र हव्वा द्वारा सुरुभएको यो सृष्टिकर्ता र सृष्टि बीचको द्धन्दले सारा प्राकृतिलाई नै असर पार्यो । ***" हामी जान्दछौं, सारा सृष्टि अहिले सम्म एकसाथ प्रसवेदनाको आर्तनाद गरिरहेछ ।"*** (रोमी ८: २२) पृथ्वी, मानवजाति र जनावरहरुको लागि एउटा भयानक ठाउँ बन्नपुग्यो । नोआको जलप्रलयको समय देखि पृथ्वीले सबै किसिमको प्राकृतिक प्रकोप, खराब मौसम, भुकम्प, ज्वालामुखी  अन्य प्राकृतिकमा देखिने हिंस्रक शक्तिहरु परमेश्वरबाट होइनः यसको अस्तित्व हुनुभनेको हामीले परमेश्वरलाई हामीबाट टाढा राख्नुको कारण हो ।

# शैतान किन छ ?

हामी अघिबाटै जानकार छौं कि एउटा आत्मिकजाति जो परमेश्वरको विरुद्धमा खडा भएको थियो । यो प्रणीलाई बाइबलमा शैतान, दुष्ट, सर्प, लिभ्यातन, र लुसिफरका साथै अरु धेरै नाउँले जनाइएको छ ।

२०० वर्ष अघिको तुलनामा पश्चिम सभ्यताहरको एउटा सानो प्रतिशत मानिसहरुले आज एउटा शाब्दिक शैतानमा विश्वास गर्दछन । ( शैतानकै रुपमा ) आजको हाम्रो आधुनिक संस्कृतिमा शैतानलाई एउटा अन्ध विश्वास र अज्ञानताको क्षेत्रमा राखिन्छ । यो सोचाइलाई दिमागमा राखि र प्रश्नहरुको उत्तरहरुको लागि हामी बाइबलमा उल्लेख गरिएका शैतानको विवरणहरुको जाँच गर्नेछौं । (विरोधी) बाइबलमा शैतानलाई एउटा पतित स्वर्गदूतको रुपमा चिनाइएको छ । पतित शब्दले यो संकेत गर्दछ कि शैतान वास्तवमा एक पाप रहित व्यक्ति थियो जसले आफ्नो सृष्टिकर्ताको विरुद्ध विद्रोह गर्न छनोट गर्यो । स्वर्गलाई एक पूर्ण बातावरणको रुपमा हेर्दा, शैतानले किन विद्रोह गर्यो यो रहस्यमय छ । वास्तवमै स्वर्गदूतहरुको बीचमा शैतानको एक सम्मानजनक र प्रभावकारी आर्कषक पद थियो ।

कुनै एक निश्चित समयमा, घमण्डको बिउ पलायो र बढयो यसको फल स्वरुप स्र्गामा उसको ओहदा असन्तुष्टिमा परिणत भयो । अन्ततः परमेश्वर विरुद्ध खुला विद्रोहमा समाप्त भयो ।

शैतान उसको विद्रोहमा एक्लो थिएन । उसले अरु धेरै स्वर्गदूतहरुको समर्थन पाउन सक्षम भयो, यदपि धेरै जसो स्वर्गदूतहरुले परमेश्वर प्रति नै वफदार रहने छनौट गरे । शैतान र त्यसका अनुयायिहरुको विद्रोहको परिणामस्वरुप भएको युद्ध यो संसारको द्वन्द प्रयोग हुने शारीरिक हतियारहरु सहितको युद्ध थिएन । यस युद्धमा परमेश्वरले स्वार्थको विरुद्ध प्रेम, छलको विरुद्ध सत्यता , गोप्यताको विरुद्ध पारदर्शीता, तर्कहिनताको विरुद्ध तर्क, निराशाको विरुद्ध धैर्यता र शंकाको विरुद्ध भरोसा प्रयोग गरि बिजय प्रापत गर्नुभयो । आदनको बगैंचामा हव्वालाई परमेश्वर देखि टाढा बनाउन शैतानले प्रयोग गरेको विधि विश्वास गर्न लायकको छ । जुन विधि शैतानले र्स्गमा आफ्नो पक्षमा स्वर्गदूतहरको शर्मथन लिन अभयास गरेको थियो । यो समय भन्दा पहिले यसरी परमेश्वरको निष्पक्षताको बारेमा कहिल्यै प्रश्नहरु ल्याइएको थिएन । शैतानले परमेश्वरको विरुद्ध लगाएको आरोपको कुनै वैधता छ वा छैन भन्ने समबन्धमा स्वर्गदूतहरु अन्योलमा थिए । यसैकारणले गर्दा शैतानलाई उसको शासन चलाउने तरिका प्रर्दशन गर्ने मौका दिइएको थियो ।

हामी यो पशन गर्न सक्छौं कि विद्रोहको सुरुवातमा नै परमेश्वरले किन उहाँको विरोधिलाई नष्ट गर्नुभएन । के त्यो विद्रोहलाई रोक्न सकिने अवस्था थिएन र ? होइन्, यसले मात्र स्वर्गदूतहरुलाई निश्चयता दिंदथ्यो कि शैतानले परमेश्वरको विरुद्ध लगाएको आरोपको बैधता छ भनेर । यदि परमेश्वरले शैतानलाई नाश गर्नु भएको थियो भने, त्यस्तो कार्यले स्वतन्त्रतालाई बेवास्ता गर्ने थियो र यसले कुनै महत्व नभएको जस्तो खोको आर्दश बनाउँदथ्यो । यस्तो हुनुमा त्यहाँ अरु केहि छ । हाम्रो बाइबल अध्ययनलाई निरन्तर गर्दै गर्दा प्रमाणहरुको वजनले यो देखउँदछ कि परमेश्वरले कहिल्यै पनि पापको कार्यलाई नाश गर्नु भएन ।

बिस्तरै अन्तमा शैतानको विनाश हुनेछ। यो विनाश परमेश्वरबाट आउँदैन, तर शैतानको आफ्नै पापबाट आउँछ।

*"परमप्रभुको यो वचन मकहाँ आयो: "हे मानिसको छोरो, टुरोसका राजाको विषयमा विलाप गर्, र त्यसलाई भन्: 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ: "तँ त सिद्धताको एक नमूना थिइस्, र बुद्धिले पूर्ण सर्वाङ्गसुन्दर। परमेश्वरको बगैँचा अदनमा तँ थिइस्। हरेक बहुमूल्य पत्थरले तँ सिँगारिएको थिइस्– मानिक, पुष्पराज, पन्ना, पीतमणि, आनिक्स, बिल्लौर, नीर, फिरोजा र बेरूजले तँ आभूषित थिइस्। तेरा मणिघरहरू सुनले मोहोरिएका थिए, तँ सृजेको दिनमा नै ती तयार पारिएका थिए। अभिभावक करूब हुनलाई तँ अभिषेक गरिएको थिइस्, किनकि त्यसरी नै मैले तँलाई नियुक्त गरेको थिएँ। परमेश्वरको पवित्र पर्वतमा तँ थिइस्। अग्निमय पत्थरहरूका बीचमा तँ हिँड्थिस्। तँ सृजिएको दिनदेखि तँमा अधर्म फेला नपरेको दिनसम्म, तेरो चाल-ढङ्गमा तँ दोषरहित थिइस्। तेरा चारैतिरका व्यापारद्वारा तँ उपद्रवले भरिइस्, र तैंले पाप गरिस्। यसैले मैले तँलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करूब, मैले तँलाई अग्निमय पत्थरहरूका बीचदेखि धपाइदिएँ। तेरो सुन्दरताले गर्दा तेरो हृदय घमण्डले फुलियो, तैंले आफ्नो गौरवको कारण तेरो बुद्धिलाई भ्रष्ट पारिस्। यसैले मैले तँलाई जमिनमा फालिदिएँ। राजाहरूका अगि मैले तँलाई तमाशा बनाइदिए। तेरा धेरै पापहरू*

*र बेईमान व्यापारद्वारा तैंले तेरा पवित्रस्थानहरूलाई बिटुलो पारेको छस्। यसैले गर्दा मैले तँबाटै एउटा आगो निकालिदिएँ, र त्यसले नै तँलाई भस्म पार्‍यो। तँलाई नियालेर हेर्नेहरू सबैका दृष्टिमा मैले तँलाई जमिनमा खरानी तुल्याइदिएँ। जाति-जातिहरूमा तँलाई चिन्नेहरू तँलाई देखेर भयभीत हुन्छन्। तँ एक डरलाग्दो अन्त्यमा आइपुगेको छस्, र तँ फेरि कहिल्यै रहनेछैनस्।" (इजकिएल २८: ११-१९ )*

टुरोसको राजाको विषयमा गरिएको वणन दुरुस्तै शैतान संग मिल्न जान्छ । शैतानलाई पूर्णतामा सृष्टि गरिएको थियो । उसमा कुनै घमण्ड र वा स्वार्थ थिएन । त्यो पूर्णताबाट पतन हुनुमा उसैको कार्यको नतिजा थियो, र जुन कुरा शैतानले रोज्यो त्यसमा उसको अब कुनै बाहाना छैन । उसको सुन्दरताको कारण उ घमण्डी भयो । आगो र गन्दक जसलाई शैतानले नष्ट गर्नेछ त्यो कुनै बाहिरी स्रोतबाट आउँदैन, यो शैतान आफैबाट आउनेछ । यो आगो उसको आफ्नै स्वार्थीपना हो । यो आफैले उत्पन्न गरेको आगो जसले उसलाई भस्म पार्नेछ । शैतानको अस्तित्व सँधैभरिको लागि नष्ट हु ।

*"ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। म बादलको*

*टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।" (यशैया १४: १२-१४)*



लुसिफर (शैतानको असली नाम ) पतन भयो किनकि त्यसले आफैलाई उच्च गर्यो । येशूले आफ्नो चेलाहरुलाई सिकाउनुभयो । ***"जसले आफूलाई उच्च पार्छ, त्यो होच्याइनेछ, र जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ।"*** (मत्ति २३: १२)

लुसिफर आफैले आफ्नो विनाशलाई ल्यायो । उसले भन्यो **"म नै सबैभन्दा माथि हुनेछु"** यसले सत्यतालाई धोका मात्र दिंदछ, यसले मात्र परमेश्वरको स्थानको लालच गर्दछ । परमेश्वरको चरित्रलाई धारण गर्ने उसको कुनै रुचि भएन । (यो मात्र एउटा बाटो थियो सृजिएको प्राणी परमेश्वरको जस्तो बन्नको लागि)

जब हामीले यो खण्डको जाँच गर्छौं, यो पनि याद गर्नु पर्दछ कि परमेश्वरबारे व्यक्त गरिएका विचारहरु लुसिफको हुन र परमेश्वरको मनसायको निश्चित रुपमा सहि वर्णन गरिएको छैन । लुसिफर आफूलाई उच्च पार्ने अनियन्त्रित मनोवेगको कारणले यो कल्पना गर्न पुग्यो कि परमेश्वरले पनि मैले जस्तै स्वार्थी मनसाय राख्नुहुन्छ ।

***"अनि स्वर्गमा लडाइँ भयो । मिखाएल र तिनका स्वर्गदूतहरुले त्यस अजिङ्गरहरुसंग युद्ध गरे । अजिङ्गर र त्यसका दूतहरुले पनि युद्ध गरे, तर यिनीहरु हारे, र यिनीहरुका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन । त्यो ठूलो अजिङ्गर तल फालियो- त्यो प्राचिन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो । त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरु त्यसका साथसाथै फ्याँकिए ।"***
(प्रकाश १२:७-९)

"यो खण्डले स्वर्गमा भएकको लडाइँको वणन गर्दछ जहाँ शैतानले आफ्नो छलको कार्य सुरुवात गरेको थियो । उसको कार्य हाम्रो ग्रहको सानो कुनामा मात्र सिमित छैन । उसले सारा संसारलाई छल गरिरहेको छ ।***उहाँले तिनीहरुलाई भननुभयो मैले शैतानलाई स्वर्गबाट बिजुलीझैँ खसिरहेको देखेँ ।"*** *(लूका १०:१८)*

***"यहाँ येशूले शेतानको बफादारी देखि पतनको तीव्रताको बारेमा बोल्नुहुन्छ । जुलूसको पछिलो भागमा रहने मृत्युदण्ड पाएकाहरुलाई जस्तै परमेशवरले हामी प्रेरितहरलाई प्रर्दशनमा राख्नुभए जस्तै मलाई लाग्दछ । किनकि संसार, स्वर्गदूतहरु र मानिसहरुका निम्ति हामी तमासा भएका छौं ।"*** *(१ कोरिन्थी ४: ९)*

***"तिनीहरुलाई यो प्रकट गरिएको थियो, कि तिनीहरुले आफ्ना होइन, तर तिमीहरुका सेवा गरिरहेका थिए । यी कुरा स्वर्गबाट पठाइनुभएका पवित्र आत्माबाट तिनीहरुलाई प्रचार भएको सुसमाचार सुनाउनेहरुद्वारा अहिले तिमीहरलाई घोषणा भएको छ । स्वर्गदूतहरु पनि यी कुरा हेर्न अति उत्सुक छन् ।"*** *(१ पत्रुस १:१२ )*

स्वर्गमा शैतानले विद्रोह गर्दा थुप्रै स्वर्गदूतहुलाई आफूसँगै लग्यो र बाँकी रहेका बफादार स्वर्गदूतहरले के भइरहेको थियो र किन भयो भनि पूर्ण रुपमा बुझेका थिएनन् । सुसमाचारको सन्देश जस्तो हाम्रो लागि हो त्यस्तै तिनीहरुको लागि पनि हो । मानवजातिलाई विनाशबाट बचाउने परमेश्वरको निःस्वार्थ प्रयासहरुमा स्वर्गदूतहरुले गहिरो चासो राख्दछन । **" अनन्तको सुसमाचार"** (प्रकाश १४:६)

यो एउटा निश्चयता हो कि परमेश्वरको विश्वासनियताबाट बिना शंका यो ब्रहाण्ड अनन्तकाल सम्म सुरक्षित हुनेछ । ***"परमप्रभुको विरुद्धमा उनीहरुले जस्तोसुकै षडयन्त्र गरेता पनि उहाँले त्यो खतम पारिदिनुहुनेछ, दुःख दोस्रो पटकब आउँदैन ।"*** ( नहुम १:९ )

*"तब दियाबलसद्वारा शैतानद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो। उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो। तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस्।" तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ'।" तब दियाबलसले उहाँलाई पवित्र नगरमा लगेर मन्दिरको शिरमा खड़ा गरायो, र उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हामफाल्नुहोस्, किनभने यस्तो लेखिएको छ, 'उहाँले आफ्ना दूतहरूको जिम्मामा तिमीलाई दिनुहुनेछ र तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ'।" येशूले त्यसलाई भन्नुभयो, "लेखिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू'।" फेरि दियाबलसले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर संसारका सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, र उहाँलाई भन्यो, "तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई*

*दिनेछु।" तब येशूले त्यसलाई भन्नुभयो, "शैतान, तँ दूर होइजा! किनभने लेखिएको छ, तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।" तब दियाबलस उहाँलाई छोड़ेर गयो र स्वर्गदूतहरूले आएर उहाँको सेवा-टहल गरे।"* (मत्ति ४: १-११)

शैतान येशू कहाँ एउटा परिक्षाको रुपमा आएको थियो, उसको प्रमुख उद्देश्य भनेको येशू ख्रीष्टलाई उहाँको परमेश्वर पिता माथि भएको विश्वास र भरोसालाई अलग गर्नु थियो । शैतान पहिले सफल भएको थियो जब अदनको बगैंचामा हव्वा कहाँ त्यस्तै उद्देश्य लिएर गएको थियो । येशूलाई परिक्षामा पारी उहाँको ईश्वरीय शक्ति आफ्नो फाइदाको लागि प्रयोग गराई येशूको मानवजातिलाई बचाउने उद्देश्यलाई विफल पार्न शैतान निश्चित थियो ।

एउटा परिक्षामा शैतानले येशूलाई 'संसारको राज्यहरु' प्रस्ताव गऱ्यो । यदि येशूले उसलाई घोप्टो परि आरधाना मात्र गरेको खण्डमा संसारको सबै राज्य उहाँलाई दिइने थियो । यो ख्याल गर्न आवश्यक छ कि जब शैतानले यो 'संसारमाथि' आफ्नो अधिकार भएको दावी गऱ्यो, येशूले त्यसमा कुनै बिवाद गर्नु भएन । जब परमेश्वरले मानवजातिलाई पहिले सृष्टि गर्नुभयो उहाँले 'मानवजातिलाई संसारमाथि अधिकार' गर्न दिनुभयो । (उत्पत्ति १:२६) शैतानले सृष्टि कर्ताको बारेमा बोलेको झुटमाथि जब आदम र हव्वाले विश्वास गरे, तिनीहरुले अत्यावश्यक रुपमा आफ्नो अधिकारलाई शैतानलाई जिम्मा लगाए । यो संसारको राज्यमा हामी छललाई देख्छौं, पिडालाई देख्छौं, विवशतालाई र भेदभावलाई देख्छौं । परमेश्वरको राज्यमा कुनैपनि समयमा वा कुनैपनि परिस्थिति कुनै बल (शक्तिको) को प्रयोग गरिने छैन ।

परमेश्वरको राज्य र यो संसारको राज्यमा कुनै समानता हुनेछैन, यस संसार प्रेमको नियमको सट्टा कानुनको शासनमा निर्भर गर्दछ ।



*"म तिमीहरूसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारको शासक आइरहेछ। त्यसको ममाथि केही शक्ति छैन ।* (यहून्ना १४:३०) येशूले पुष्टि गर्नुहुन्छ कि शैतान नै 'यस संसारको शासक' हो । जब हामी शैतानको अस्तित्व र हाम्रो ग्रहमा उसको व्यापक प्रभावलाई इन्कार गर्छौं, तब हामीले अन्जानमै हाम्रो पीडाको दोष परमेश्वरमाथि थुपार्दछौं ।*"सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिंहझैं खोजिहिँड्छ।" (१ पत्रुस ५:८)* शैतान हाम्रो शत्रुहो- परमेश्वर होइन ।

*"दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो।* (एफिसी ६:११-१२)

जब हामी बुझ्दछौं कि हामी सबै मानवजाति परमेश्वरको बारेमा गरिएको छलको शिकार भएका छौं, हामी अन्य मानिसहरुलाई आफ्नो दुश्मनको रुपमा हेर्दैनौ, बरु यस ठूलो छलमा परेको हाम्रो साथीको रुपमा हेर्नेछौं ***। "अतल कुण्डको दूत तिनीहरुको राजा थियो । हिब्रू भाषामा त्यसको नाउँ एबाड्डोन र ग्रीक भाषामा त्यसको नाउँ अपोल्लियोन ।"*** (प्रकाश ९: ११) 'अतल

कुण्डको दूत शैतानलाई जनाउँछ । एबाड्डोन र अपोल्लियोन शैतानलाई दिइएको नाउँ हो । जसको अर्थ ग्रीक भाषामा विनाशकारी हो । शैतान विनाशक हो । के हाम्रो कोमल परमेश्वरलाई प्रभावकारी ढंगले यो नाउँ दिन हामी संग अधिकार छ ? ***"चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ।"*** (यूहन्ना १०:१०)

# विनाशकारी सर्प



परमेश्वरले मिश्रीहरुका विरुद्ध पठाएको विपत्तिहरु के परमेश्वरले जानाजानी गर्नुभएको कामजस्तो देखिन्छ । बाहिरी रुपमा झट्ट हेर्दा बाइबलका यी घटनाहरुको अर्थ लगाउने अरुकुनै तरिका छैन जस्तो देखिन्छ । यधपि हामीले पहिला पढेका पदहरुलाई सम्झनुहोस् ***"किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ।"*** (यशैया ५५:८) परमेश्वरले मोशालाई इस्रायलीहरुलाई मिश्रीहरको दासत्वबाट स्वतन्त्रताको लागि अगुवाइ गर्न आज्ञा गर्नुभएको थियो । उ फारोको अघि गइ उसको देशमा घटन गइरहेको विनाशकारी घटनाको बारेमा चेतावनी दिनुपर्ने थियो । जब परमेश्वरले मोशालाई उजाडस्थानमा भेटगर्नु भयो तब उहाँले मोशालाई एउटा यस्तो पाठ सिकाउनुभयो जुन मोशा र हारुनले फारोको सामु पछि गएर प्रर्दशन गर्नुपर्ने थियो जसले आउँदै गरेको विनाशकारी घटनाहरुमा परमेश्वरको भुमिका कस्तो हुनेछ भनेर शासकलाई देखाउँथ्यो ।

"*तब परमप्रभुले तिनलाई भन्नुभयो, "तेरो हातमा के छ" तिनले भने, "लट्ठी।" परमप्रभुले भन्नुभयो, "त्यो भूइँमा फाल्।" मोशाले त्यो भूइँमा फालिदिए, र त्यो एउटा सर्प भयो, र मोशा त्यसदेखि डराएर भागे। तब परमेश्वरले मोशालाई भन्नुभयो, "तेरो हात लम्काएर त्यसको पुच्छरमा समात्।" अनि मोशाले*

*हात लम्काएर समाते, र त्यो तिनको हातमा फेरि लट्ठी नै भइहाल्यो।"* (प्रस्थान ४: २-४)



*"तब परमप्रभुको क्रोध मोशामाथि उठ्यो, र उहाँले भन्नुभयो, "के लेवी हारून तेरो दाजु छैन र मलाई थाहा छ कि त्यो राम्ररी बोल्न सक्छ। त्यो तँलाई भेट्न आउँदैछ, र तँलाई देखेर त्यो खुशी हुनेछ। त्योचाहिँ तेरो निम्ति मानिसहरूसित बोल्नेछ, र तेरो मुखझैं हुनेछ, र तँचाहिँ त्यसको निम्ति ईश्वरतुल्य हुनेछस्। तर यो लट्ठी तेरो हातैमा लैजा। त्यसद्वारा तैंले यी आश्चर्यपूर्ण चिन्हहरू गर्नेछस्।"* (प्रस्थान ४:१४,१६,१७)

मोशा फारोको सामु परमेश्वरको प्रतिनिधिको रुपमा जानु पर्ने थियो । यस प्रर्दशनमा परमेश्वरको उद्देश्य भनेको एउटा शक्ति प्रर्दशन गर्नु मात्र थिएन, यो वास्तविक विनाशकर्ता पहिचान गर्नको लागि एउटा उदाहरण थियो । जब मोशाले परमेश्वरको प्रतिनिधिको रुपमा लौरोलाई हातमा लिए, यसले यो सङ्केत गर्दछ कि प्राकृतिक शक्तिहरु परमेश्वरको नियन्त्रणमा छ । जब सम्म परमेश्वरको सुरक्षात्मक हातले प्रकृतिको विनाशकारी शक्तिहरलाई थामेर राख्नु भयो मिश्रमा कुनैपनि हानी हुन सकेन । जब मोशााले लौरोलाई भुँइमा फाले त्यो सर्प बन्यो, जो खराबी र विनाशको प्रतिक हो । यसले प्राकृतिकको शक्तिहरु परमेश्वरको नियन्त्रण बाहिर गइ शैतानको - विनाशकर्ताको अधिनमा गएको बुझियो ।

मोशााको समय भन्दा सयौं वर्ष अघि र योसेफले फारोको सपनाको अर्थ खुलाएको र जुन सपनाले फारोलाई बिचलित तुल्याएको थियो, त्यस पश्चात इस्रायलीजातिहरुको लागि त्यहाँ एउटा उत्तम सम्झौता भएको थियो । योसेफले भविश्यवाणि

सम्बन्धित सपनाहरुको अर्थ खुलाएकोमा र देशलाई सात वर्षको अनिकालबाट जोगाउन अगिम तयारीमा राख्ने दर्शनको कारण, फारोले योसेफलाई आदर र सम्मानको स्थानमा उच्च बनाए । योसेफको परिवारलाई राम्रो स्वागत गरियो ।

मिश्रिहरुले योसेफ र उसले आराधाना गर्ने परमेश्वर प्रति कृतज्ञता प्रकट गरे । परमेश्वर त्यो राष्ट्रलाई प्रशस्त मात्रामा आशिष दिन सक्षम हनुभएको थियो । योसेफको मृत्यु भएको धेरै वर्ष पछि बिस्तारै मिश्रीहरले योसेफ र उसको परमेश्वरलाई बिर्से र इस्रायलीहरुलाई आफ्नो दास बनाए जो त्यहाँको भुमिमा उन्नति र वृद्धि हुँदै थिए । तिनीहरुको आफ्नै देवताहरु थिए र तिनीहरको दासहरुको ईश्वरलाई मान्न चाहेनन् । परमेश्वरले मिश्रिहरुलाई एकैसमयमा परमेश्वरबाट टाढा हुने स्वतन्त्रता साथै उहाँको प्रशस्त मात्राको आशिष र सुरक्षालाई निरन्तरता दिन सक्षम हुनु भएन ।

यदि माहामारी सुरु भए पछि कुनै समय फारोले आफ्नो विद्रोही मार्ग त्यागि इस्राएलीहरुलाई जान दिएको भए, परमेश्वरले फेरि प्राकृतिको शक्तिलाई नियन्त्रणमा लिनुहुने थियो र विपतिहरुको अन्त हुनेथियो । तर जिद्धि शासकले त्यसो गरेन र मिश्रदेश नाशमा छोडियो । जब हामी परमेश्वरले दिनुभएको लौरो र सर्पको प्रतिकको सन्देशलाई विचार गर्दछौं तब परमेश्वरले मिश्रीहरुको विपतिमा खेल्ने भुमिका स्पष्ट हुन्छ ।

प्राकृतिक तत्वहरु द्वारा हुने विनाशमा परमेश्वर माथि लगाइएको अभियोगलाई अझ स्पष्ट हुनको लागि हामी (१ राजा) को पुस्तकमा पाउँछौं । आफ्नो सेवाकाईको सुरुवातमा एलिया अगमवक्ता रानी इजवेल देखि लुकेर गुफामा बसेका थिए । जसले

आफ्नो ज्यानलाई जोखिममा राखेका थिए । परमेश्वर आफ्नो भागेका अगमवक्ता कहाँ आउनुभयो ।

*"तिनी त्यहाँ एउटा ओड़ारभित्र पसे र त्यहीँ रात बिताए। तब परमप्रभुको यो वचन तिनीकहाँ आयो, "हे एलिया, तँ यहाँ के गर्दैछस्" तिनले भने, "सर्वशक्तिमान् परमप्रभु परमेश्वरको निम्ति म साह्रै जोशिलो भएको छु। इस्राएलीहरूले तपाईंको करार त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन्, र तपाईंका अगमवक्ताहरूलाई तरवारले मारेका छन्। केवल म मात्रै बाँकी रहेको छु, र अब तिनीहरू मलाई पनि मार्न खोज्दैछन्।" परमप्रभुले भन्नुभयो, "पर्वतमा गएर परमप्रभुको उपस्थितिमा खड़ा हो, किनकि परमप्रभु त्यहाँबाट जान लाग्नुभएको छ।" तब परमप्रभुको अगिअगि एउटा ठूलो र प्रचण्ड बतास पहाड़हरू फुटाउँदै र चट्टानहरू चिर्दैआयो, तर बतासमा परमप्रभु हुनुहुन्नथ्यो। बतासपछि भैँचालो आयो, तर भैँचालोमा परमप्रभु हुनुहुन्नथ्यो। भैँचालोपछि एउटा आगो आयो, तर आगोमा परमप्रभु हुनुहुन्नथियो। अनि आगोपछि एउटा मधुरो कानेखुसी आयो।"* (१ राजा १९: ९-१२)

हाम्रो कोमल परमेश्वर अझै पनि एक सानो आवाजमा सबैभन्दा सुन्ने गरि बाल्नुहुन्छ ।

# अय्यूबको कैद



**अय्यूबको** पुस्तकले कष्ट र विनाशको कार्यमा शैतानको भुमिकाको स्पष्ट प्रमाण प्रदान गर्दछ । यसले पर्दापछाडीको परमेश्वर र टुष्टको शक्तिहरु बीचको आत्मिक लडाईको झलक दिंदछ । अय्यूब ***"एक सिद्ध र धार्मिक मानिस थिए ।"*** (अय्यूब १:८) आत्मिक लडाईको एक महत्वपूण मोडमा आफूलाई तिब्र रुपमा चौतर्फी प्रहार भएको पायो ।

*"एक दिन स्वर्गीय दूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग आयो। परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आईस्" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।" तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस् परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, "अय्यूबले त्यसै परमेश्वरको डर राखेका हुन् त" के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि तिनका गाईबस्तुहरू देशभरि अनगन्ती बढ़ेका छन्। तर आफ्नो हात पसारेर तिनका सबै चीजमाथि*

*प्रहार गर्नुहोस्, र तिनले तपाईंलाई तपाईंकै मुखको सामुन्ने सराप्नेछन्। तब परमप्रभुले शैतानलाई भन्नुभयो, "लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो।" (*अय्यूब *१:६-१२)*

शैतान तुरुन्तै **अय्यूब** सँग भएको उसको छोराछोरीहरु समेत नाश पार्न निस्क्यो । उक्त विनाशमा, शैतानले आर्कमणकारी शत्रुहरको सहारा लिएको थियो जस्तैः 'साबियनहरु' (पद १५) र 'कल्दीहरु' (पद १७) 'स्वर्गबाट आएको परमेश्वरको आगो' ( पद १६) र त्यस्तै 'उजाडस्थानबाट आएको ठूलो आँधी' (पद १९) लाई प्रयोग गऱ्यो ।

**अय्यूबको** पुस्तकमा यो एउटा प्रमाण हो कि वास्तवमा विनाशकारी को हो भनेर । **अय्यूबको** पीडालाई लिएर त्यहाँ अझैपनि धेरैजना पाठकवर्गहरु अन्योलमा हुनुहुन्छ, किनकि गलतबस उनीहरु ठान्दछन कि परमेश्वरले शैतानलाई प्रहार गर्ने अनुमती दिनुभयो । हाम्रो धारणा यो छ कि परमेश्वर शक्तिशाली हुनुहुन्छ र उहाँले **अय्यूबलाई** शैतानको आर्कमणबाट बचाउनु पर्ने थियो । यधपि, परमेश्वरको शक्ति कहिल्यै जोखिममा सम्बन्धित बिषय थिएन, यो सँधै परमेश्वरको शासनको सिद्धान्तमा आधारित भएको छ र सँधै त्यस्तै हुनेछ । आफ्ना बौद्धिक सृष्टि भएका प्राणीहरलाई स्वतन्त्रता दिने परमेश्वर हुनुहुन्छ वा हुनुहुन्न ? स्वतन्त्रता स्वतन्त्र हुनको लागि हो, यो अपरिवर्तनिय छ, जसको अर्थ हो कुनै परिस्थितिमा पनि सच्याउन नमिल्ने ।

**अय्यूबको** मामलामा, यसका अतिरिक्त, परमेश्वरको प्रतिष्ठा बाहेक अर्को कुरा पनि खतरामा थियो । शैतानले हाम्रो संसार ( शत्रुले कब्जा गरेको क्षेत्र) लाई आफ्नै सर्वभौम राज्यको रुपमा कब्जा गर्ने रणनिति बनाइरहेको थियो, अनि परमेश्वरले शैतानलाई भन्नुभयो "तिमी कहाँबाट आयौ ? तब शैतानले परमेश्वरलाई जवाफ दियो, पृथ्वीमा चारैतिर घुमफिर गर्दै र तल र माथि गर्दै आएको हुँ" (**अय्यूब** १:७)

यदि हामीले स्वतन्त्रता पुर्वक ध्यानसित पदहरुको बीचभागमा पढ्यौं भने, यहाँ शैतानले परमेश्वरलाई यस्तो भनिरहेको थियो "म पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको छु र यस्तो लाग्छ मेरो लागि सर्वसम्मति सर्मथन छ, म यो पृथ्वीमा मेरो एकलौटी शासनको अधिकार दावी गर्दछु ।" यो पुरा दृष्य भरि परमेश्वर शैतान भन्दा एक कदम अघि देखिनु हुन्छ - परमेश्वर आफ्नो विश्वासिलो दासलाई चिन्नु हुन्थ्यो । बाइबलमा उल्लेख भएको दोस्रो सबैभन्दा क्रुर शैतानिक आर्कमणको वाबजुद **अय्यूब** परमेश्वरप्रति वफदार रहे । अन्तमा परमेश्वरले **अय्यूबको** जीवन बचाउनुभयो, र **अय्यूबलाई** शैतानको कैद देखि छुटकारा दिनुभयो जब उनले आफ्ना मित्रहरुको लागि प्राथना गरे ।

(अय्यूब ४२ : १०)

**अय्यूबको** पुस्तकले हामीलाई परमेश्वर र अन्धकारको शक्तिबीचको आत्मिक लडाइको अन्तरदृष्टि दिंदछ । जब हामी परमेश्वरले स्पष्ट सँग देख्ने विभिन्न जटिल किसिमको कुराकानीको केहि दृष्य कल्पना गर्न सक्षम हुन्छौं, तब हामी उहाँले सामना गर्ने चुनौतीहरुको विशालतालाई प्रशंसा गर्न सुरु गर्नेछौं ।

हामी चेतनशिल प्राणीको रुपमा हाम्रो यो संसारमा एक्लो छैनौं । त्याहाँ अरु कयौं संख्यामा आत्मिक प्राणीहरु छन् जो हाम्रो साथमा बसेकाछन् । तिनीहरु शैतान र त्यसको फौजी पतित स्वर्गदूतहरु हुन । हाम्रो व्यात्तिगत स्वार्थी स्वभाव र दुष्ट प्रवृतिको आधारमा हेर्ने हो भने, हाम्रो पृथ्वी स्वार्थी स्वतन्त्र इच्छाहरुको दैनिक प्रतिस्पर्धा गर्नको लागि रंगमञ्च बनेको छ।

हामीलाई खासगरी बुझ्न गाह्रो कुरा के हो भने, शैतान र त्यसका दुष्ट फौजीहरुले कसरी परमेश्वरलाई रोक्न वा बाधा दिन सक्छ । यो हाम्रो लागि निराशाजनक हुन सक्छ जब हामीलाई लाग्छ कि परमेश्वरले हाम्रो पृथ्वीमा भएको सम्पूण थोकमाथि पूर्ण नियन्त्रण र अधिकार गर्नुहुन्न भनेर । यधपि, हाम्रो व्यात्तिगत जीवनलाई नियन्त्रण गर्ने परमेश्वरको कुनै चाहना छैन, न त यसो गर्ने परमेश्वरको स्वभाव नै छ, उहाँले हामीलाई एक स्वतन्त्र बौद्धिक मानिस हुन बनाउनु भएको हो, रोबट हुन होइन । ( कठपुतली)

**अय्यूबको** पुस्तकको सुरुवातमा त्यहाँ तिनजना प्रमुख पात्रहरुलाई देखाइएको छ : परमेश्वर, शैतान र **अय्यूब** । पुस्तकको अन्तमा शैतानको नाम उल्लेख गरिएको छैन । परमेश्वर संगको यो महान मुठभेटको आलोचनात्मक निष्कर्षमा उ किन अनुपस्थिति हुने

थियो ।

**अय्यूबको** पुस्तकको सम्पूण ४१ अध्याय एउटा रहस्यमय प्राणीमा केन्द्रित देखिन्छ जसलाई परमेश्वरले **लिव्यातन** भनेर चिनाउनु हुन्छ । लिव्यातन के हो वा को हो ? के बाइबलले यस प्राणीलाई पहिचान गर्न मद्दत गर्न कुनै संकेतहरु प्रदान गर्दछ ? **"त्यसदिन**

**परमप्रभुले आफ्नो डरलाग्दो, शक्तिशाली र ठूलो तरवारले त्यो सुल्कने सर्प, लिव्यातन, त्यो गुँडुली बस्ने सर्पलाई दण्ड दिनुहुनेछ।"** उहाँले समुद्धको विशााल अजिङ्गरलाई मार्नुहुनेछ। सुल्कने सर्प, गुँडुली बस्ने सर्प, र समुद्धमा भएको अजिङ्गरले कसलाई जनाउँदछ ? ***"त्यो ठूलो अजिङ्गर तल फालियो - त्यो प्राचिन सर्प, जो सारा संसारलाई बहकाउने दियावलस वा शैतान हो । त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरु त्यसका साथसाथै फ्याँकिए ।"*** ( प्रकाश १२: ९)



आऔं, हामी यो प्राणीको बारेमा दिइएको शैतानिक गुणहरुको दृष्टिकोण मार्फत अय्यूब ४१ अध्यायलाई जाँच गरौं ।

*"के तैंले बल्छीले लिव्यातन्लाई तान्न सक्छस् अथवा त्यसको जिब्रोमा पासोको डोरी लगाउन सक्छस् के तैंले त्यसको नाक छेड़ेर डोरी लगाउन सक्छस् अथवा त्यसको च्यापु बल्छीले छेड्न सक्छ के दयाको लागि त्यसले तँसित बिन्ती गर्छ अथवा आफ्नो निम्ति त्यसले तँसित नम्र सोरमा भिक्षा माग्छ तेरो जीवनभरि नै तेरो कमारा हुनलाई के त्यसले तँसित बाचा बाँध्छ र चरालाई पालेकोझैँ के तँ त्यसलाई पाल्न सक्छस् अथवा तेरा कमारीहरूका निम्ति त्यसलाई डोरीले बाँधेर राख्न सक्छस् के व्यापारीहरूले त्यसको निम्ति भाउ कसाकस गर्छन् र अथवा व्यापारीहरूले त्यसलाई भाग-भाग गर्छन् र के तैंले त्यसको छालामा भालाले अथवा त्यसको टाउकोलाई माछा मार्ने भालाले रोप्न सक्छस् यदि तैंले आफ्नो हात त्यसको विरुद्धमा उठाइस् भने, त्यससित लड़ाइँ गर्दा भोग्नुपर्ने*

कठिनाइहरू तैंले सम्झिनेछस् र फेरि कहिल्यै त्यसो गर्ने छैनस् त्यसलाई अधीनमा ल्याउने आशा झूट हो, त्यसको हेराइले मात्र पनि हताश पार्छ, त्यसलाई जगाउन सक्ने कोही पनि त्यो भन्दा भयानक छैन, उसो भए मेरो सामु उभिन सक्ने को छ त मैले तिर्नु पर्छ भन्ने मेरो विरुद्धमा कसको दाबी छ स्वर्गमुनिका सबै थोक मेरा नै हुन्। "त्यसका अङ्गहरू, त्यसको बल, र त्यसको आकारको सौन्दर्यको विषयमा भन्न म चुक्नेछैन। त्यसको बाहिरको पोशाकलाई कसले उतार्न सक्छरु अथवा लगाम लिएर को नजिक जान सक्लारु कसले त्यसको मुखका ढोकाहरू उघार्न साहस गर्ला किनभने त्यसका दाँतका लहरहरू डरलाग्दा हुन्छन्। दर्शन-ढुङ्गाको पर्खालले घेरिएको जस्तै ढालका लहर टम्म जोड़ेर राखेको जस्तै त्यसको ढाड़ हुन्छ। त्यो एउटामाथि अर्को खापाखाप भएर रहेको हुन्छ र हावा पनि त्यसको बीचबाट छिर्न सक्दैन। ती एक-अर्कासँग यस्तो प्रकारले टाँसिएर बसेका हुन्छन् कि तिनीहरू कसै गरेर पनि छुट्टिन सक्दैनन्। त्यसले छिउँ काढ्दा ज्वाला निकाल्छ, र त्यसका आँखा सूर्योदयजस्तै चम्कन्छन्। त्यसको मुखबाट राँको र झिल्काहरू धाराजस्तै निस्कन्छन्। पूरा दाउराको आगोमाथि उम्लदै गरेको कराही राखेझैं त्यसका नाकका प्वालबाट धूवाँ निस्कन्छ। त्यसको सासले झन् कोइलालाई बालिदिन्छ, र त्यसको मुखबाट आगोको ज्वाला चम्कन्छ। त्यसको घिच्रोमा बल भरिएको हुन्छ, आपद् त्यसको अघि-अघि

*जान्छ त्यसको मासु बटारिएको हुन्छ, केही कुराले थिचिए तापनि त्यो दबिदैन। त्यसको छाती ढुङ्गाजस्तै कड़ा हुन्छ, जाँतोको तल्लो पाटाझैँ त्यो दृढ हुन्छ। त्यो खड़ा हुँदा वीर मानिसहरू पनि डराउँछन्, त्यसको हमलामा तिनीहरू पछि हट्छन्। तरवार अथवा भाला, चुपी वा बर्छाले त्यसलाई घोच्यो भने पनि त्यसको केही असर हुँदैन। फलामलाई त त्यसले परालजस्तै ठान्छ, वा काँसा त्यसको* निम्ति कुहेको *काठझैँ हुन्छ। कुनै पनि काँड़ले त्यसलाई भगाउन सक्दैन, घुयेँत्रोको ढुङ्गा त्यसको लागि भुसजस्तै हुन्छ। मुङ्ग्रो त्यसको निम्ति निगालोजस्तो मात्र हुन्छ, बर्छा चलाउँदा ता त्यो हाँसिदिन्छ। त्यसका नङ्ग्रा तिखा-तिखा खपटाजस्तै छन्, त्यो हिँड्दा हिलोलाई दाउने दाँदेझैँ यताउता घोल्छ! त्यसले गहिरो पानीलाई कराहीको पानीजस्तै उमाल्छ, र भाँड़ामा मलहम घोलेझैँ त्यसले समुद्रलाई घोल्छ। त्यो हिँड्दा त्यसले आफूपछि झल्किने दाग छोड़िराख्छ, महानदीको सेतो केश भएजस्तै लाग्छ पृथ्वीमा त्यसको बराबरी कोही छैन, किनभने त्यो ता डरविनाको प्राणी हो। त्यसले सबै हठीहरूलाई तुच्छ दृष्टिले हेर्छ, त्यो त सबै घमण्डीहरूको राजा हो।"* (अय्यूब ४१)

परमेश्वरले यस अध्यायमा सांकेतिक भाषाको प्रयोग गरी एक अति शक्तिशाली र सहनुभूतिहीन शत्रुको वणन गर्नुहुन्छ कि जो हाम्रो विरोधी हो र त्यस संग हामी आफैले लडाई लड्न असक्षम छौं । परमेश्वर एउटा कल्पना गर्न सकिने अति भयानक शत्रु संगको गम्भिर युद्धमा संलग्न हुनुहुन्छ, यधपि उहाँ कुनै पनि

हालतमा वा कुनै पनि परिस्थितिमा शक्तिको प्रयोग नगरीकन हाम्रो पक्षमा यो लडाई लड्न प्रतिबद्ध  हुनुहुन्छ । शैतानले परमेश्वरलाई आफू जस्तो रुपमा कोधित, प्रतिरोध गर्ने, क्षमा नगर्ने, बलवान, कानुनी व्याक्ति, न्यायिक र कठोर व्यवहार गर्ने व्याक्तिको रुपमा प्रस्तुत हुन लगाएको छ , जबकि उहाँ हामी कहाँ ***"एक ज्योतिमय स्वर्गदूतको रुपमा प्रस्तुत हुनुहुन्छ ।"*** (२ कोरिन्थी ११: १४)

तर हामीले देख्न नसकिने कुरा परमेश्वरले स्पष्ट संग देख्नुहुन्छ - त्यो धोकेबाज आफ्नो कलामा कति निपूर्ण छ । परमेश्वरको विरोधिको यो सांकेतिक वर्णनको साथ, हाम्रो खातिर परमप्रभु परमेश्वरले लड्ने दैनिक युद्धको केहि ज्ञान हामी प्राप्त गर्न सक्छौं । जब शैतानले पवित्रआत्मा प्रति उत्तरदायी व्याक्तिहरुलाई हतासको सिमा नाघी बाधा दिन र नष्ट पार्न अधि बढ्दछ तब परमेश्वरले आफ्नो छोराछोरीहरुलाई त्यो खराब मार्गबाट हटाउन हस्तक्षेप गर्नुहुन्छ । यी मध्येका केहि हस्तक्षेपहरु हाम्रो लागि स्पष्ट हुन्छ भने, धेरै जसो त्यस्तो हुँदैन । फलस्वरुप, हामीले हाम्रो संसारमा देख्ने सतावटको (पीडाको) लागि परमेश्वर दैनिक रुपमा निरन्तर शैतानमाथि दोष लगाउनुहुनेछ । आशा छ कि अय्यूबको अनुभवले हामीलाई यो महसुस गर्न सहयोग पुऱ्याउँछ कि परमेश्वर हरेक दुर्घटना, हरेक विपत्ति, हरेक बिमारी, वा प्रत्येक मृत्युलाई रोक्न सक्नुहुन्छ किनकि उहाँले आफ्ना चेतनशिल प्राणीको स्वतनत्र इच्छाको पनि त्यतिकै सम्मान गर्नुहुन्छ ।

त्यहाँ अर्को कुरा पनि छ जुन परमेश्वरले स्पष्टसंग देख्नुहुन्छ, त्यो हो - परमेश्वर आफ्नै अस्तित्वमा आउनुभएको हो (उहाँ सृष्टिकर्ता हुनुहुन्छ) तर शैतान होइन (शैतानलाई सृष्टि गरिएको हो)

शैतान एउटा सृष्टि गरिएको प्राणी हो जसले खराबीलाई रोज्दछ र दुष्ट यसको अस्तित्वको लागि असलमा निर्भर रहन्छ । जब ब्रहाण्डका सबै बौद्धिक प्राणीहरुले यो सत्यता बुझ्दछन, प्रकाशको पुस्तकको प्रसंगमा परमेश्वरको विश्वासनियताको बारेमा, उहाँले दुष्टको प्रमुखलाई आफैलाई भस्म गर्न अनुमति दिनुहुनेछ, यो भन्दा उचित के हुन सक्छ र ?



*"यसैले नडरा, किनकि म तँसित छु। निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ। म तँलाई बलियो पार्नेछु। म तँलाई सहायता गर्नेछु। मेरो धार्मिकताको दाहिने हातले म तँलाई सम्हाल्नेछु।" (यशैया ४१: १०)*

# हामी बाइबललाई किन गलत पढ्छौं ?

बाइबल परमेश्वरको आदेशको रुपमा लेखिएको थिएन । **"तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फबाट बोलेका हुन् ।"** बाइबल मानिसहरु द्वारा आफ्नै शब्दहरु प्रयोग गरि र प्रत्येक व्याक्तिको संस्कृति, पृष्ठभूमि र व्याक्तिको प्रसंगमा लेखिएको थियो ।

प्राय बाइबलमा परमेश्वर किन एक विनाशकको रुपमा देखा पर्नुहुन्छ ? यस प्रश्नको उत्तर पाउनको लागि हामीले सर्वप्रथम प्राचिन बाइबलिय ठाउँहरुको धार्मिक संस्कृतिलाई ध्यान दिनाले ठूलो सहयोग मिल्नेछ। एउटा कुरा स्पष्ट छ कि बाइबलको कथाको मुख्यपात्र इस्रायलीहरु मूर्तिपूजकको प्रभावले घेरिएका थिए । इस्रायलीहरु मूर्तिपूजाबाट अलग रहन परमेश्वरको स्पष्ट चेतावनीको बावजुद पनि तिनीहरु निरन्तर आफ्नो छिमेकीहरुको मुर्तिपूजक रितिरिवाजले प्रभावित भइरहेका थिए । प्रचलित रितिरिवाजहरुले इस्रायलीहरुको परमेश्वरप्रतिको बुझाइलाई भ्रष्ट पारेको थियो ।

परमेश्वर आफूलाई मानिसहरुको सामु प्रकट गर्न चाहनुहुन्थ्यो । यधपि, उहाँको महिमित चरित्रलाई पूणरुपमा उनिहरुसामु प्रकट गर्नाले उनिहरु परमेश्वरबाट अझ टाढा हुनेथिए । परमेश्वर आफू पुग्न चाहनुभएको मानिसहरुको स्तर सम्म जानुभयो र त्यसो गर्नको लागि उहाँलाई तिनिहरुको भाषा बोल्नु आवश्यक थियो । इस्रायलीहरुलाई आफै नष्ट हुनबाट बचाउनको लागि परमेश्वर तिनीहरु संगको कुराकनीमा आफू गलत ढंगबाट बुझिन इच्छुक भइरहनु भएको थियो ।

त्यसैगरी, पुरातन बाइबल मुलुकहरुमा प्रेतहरुको प्रभावमा परेका मानिसहरुले देवताहरु बनाइएका थिए जो हिंस्रक र सजिलै रिसाउने प्रवृतिका थिए । तिनीहरुले विश्वास गर्थे कि जति पनि प्राकृतिक विपत्तिहरु जसले उनीहरलाई सताउने गर्दथ्यो, ती सबै त्यहि क्रोधित देवताहरुबाट हुन । फलस्वरुप, मानिसहरुले ती देवताहरुको रिसलाई शान्त पार्न बलिदानहरु ल्याए र उनिहरुको धार्मिक समाहरोहरुमा तिनीहरुलाई दण्डवत गरे । पुरानो करारमा शैतानको उल्लेख तुलनात्मक रुपमा कम भएको छ जो हाम्रो संसारको पीडा र मृत्युको वास्तविक दोषि हो । यदि मानिसहरुमाथि आइपर्ने विपत्तिहरुमा शैतान जिम्मेवार छ भन्ने कुराको पहिचान भएको भए, तिनीहरुको ध्यान परमेश्वरमा नभइ शैतानमा केन्द्रित हुनेथियो, र इस्रायलीहरले शैतानलाई अर्को ईश्वरको रुपमा लिने थिए जो संग प्राकृतिक शक्तिहरमा प्रभावशाली शक्ति थियो । यसले शैतानलाई बलिदान चढाउन उनीहरुलाई डाहोऱ्याउने थियो र त्यसो गर्दा उनीहरले परमेश्वरको सट्टा शैतानको आराधना गरिरहेका हुन्थ्ये । त्यसैले, परमेश्वरले यस्तो हुनबाट रोक्नको लागि उहाँ असल कुराहरुको स्रोतको रुपमा मात्र नभएर खराबको रुपमा पनि देखिन राजी हुनुभयो । परमेश्वर आफ्नो प्रतिष्ठाको बारेमा भन्दा पनि उनीहरुमा हुन आउने वास्तविक विनाशको पहिचान र त्यस सम्बन्धि उनीहरुले देखाएको अपरिपक्कतालाई लिएर मानिसहरुको बारेमा उहाँ बढि चिन्तित हुनुभयो । परमेश्वरको तर्फबाट गरिएको यो निःस्वार्थ त्यागको बावजुद पनि मानिसहरुले अझै मूर्तिपूजा मार्फत दुष्टहरुलाई श्रद्धा दिए ।

***"तिनीहरुले परमेश्वरलाई नभएर शैतानलाई बलिदान चढाए ।"***
(व्यवस्था ३२: १७)

प्राचिन इस्रायलीहरु परमेश्वरको कोमल र प्रेमीलो चरित्रको स्पष्ट प्रकाशको लागि तयार थिएनन् । यदि परमेश्वर उनिहरुको माझमा वास्तविक रुपमा एक निःस्वार्थ प्रेममा प्रकट हुनुभएको भए, तिनीहरुले परमेश्वरलाई पूर्णतया इन्कार गर्नेथिए। तिनीहरुले त्यस्तो देवताको चाहना गरेका थिए जसले उनीइहरुको लागि लडाइ गर्नुहुनेछ र तिनीहरुको शत्रुहरुको विरुद्ध हिंसा गर्नुहुनेछ । इस्रायलीहरुले त्यस्तो देवताहरुको चहना गरे जो उनीहरु जस्तो हुनेथिए । **"परमेश्वरले मानिसलाई आफ्नै प्रतिरुपमा सृष्टि गर्नुभयो"** भन्ने सत्यतालाई स्विकार नगरि (उत्पत्ति १:२७ ) तिनीहरुले आफ्नो प्रतिरुपमा परमेश्वरलाई सृष्टि गर्ने अठोट गरे । यसले हामीलाई यो बुझाउँदछ कि यसले प्राचिन समय देखि अहिलेको वर्तमान दिनसम्म मानिसजाति कसरी परमेश्वर संग विशेष रुपमा सम्बन्धित छन भन्ने कुराको  जानकारी दिंदछ ।

# हामी परमेश्वरलाई किन गलत रुपमा बुझ्दछौं ?



जब परमेश्वर हामीहरु माझ भएर हिंडनुभयो, उहाँलाई धार्मिक संगठनहरुले चिनेनन् र स्वागत गरेनन । *"जब उहाँहरू निस्केर जाँदैहुनुहुन्थ्यो, तब भूत लागेको एउटा गूँगो मानिस उहाँकहाँ ल्याइयो। भूत निकालिएपछि त्यो गूँगो बोल्यो। अनि "इस्राएलमा कहिल्यै यस्तो देखिएन" भन्दै भीड छक्क पऱ्यो। तर फरिसीहरू भन्न लागे, ''भूतहरूका मालिकद्वारा त्यसले भूत निकाल्दछ।" येशू समस्त सहरहरू र गाउँहरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरू निको पार्दै हिँड्नुभयो।"* (मत्ती९:३२-३५) यशैयाका निम्न शब्दहरु उचित रुपमा ती व्याक्तिहरुमा लागु हुन्छन जसले येशूलाई शैतानको समुहमा भएको आरोप लगाए ***"धिक्कार तिनीहरुलाई जसले खराबलाई असल र असललाई खराब भन्दछन, जसले अँध्यारोलाई उज्यालो र उज्यालोलाई अँध्यारो मान्दछन अनि तितोलाई मिठो र मठिोलाई तितोको निम्ति लिन्छन । धिक्कार तिनीहरुलाई, जो आफ्नै दृष्टिमा बुद्धिमान र आफ्नै नजरमा चलाख छन ।"*** (यशैया ५:२०-२१)

***"उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो ता पनि संसारले उहाँलाई चिनेनन । उहाँ आफ्नै मानिसहरु कहाँ***

*आउनुभयो तर उहाँको आफना मानिसहरुले उहाँलाई ग्रहण गरेनन् ।"* (यूहन्ना १ :१०-११)

यो खण्डले पुरानो इतिहासलाई मात्र जनाउँदैन । परमेश्वर निरन्तर रुपमा अपरिचित, अज्ञात र अन्जान हुनुहुन्छ । हामीले परमेश्वरलाई गलत रुपमा बुझ्नुको कारण परमेश्वर हामी जस्तो आफ्नो लागि मात्र सोच्ने हुनुहुन्छ भन्ने गलत प्रवृतिले गर्दा हो ।

*"जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ।"* (१कोरिन्थी २: १४)

आज मानवजातिलाई बाहिरी धर्मप्रतिको आर्कषण छ, तर हामीलाई चाहिने भनेको परमेश्वरको प्रेमको लागि हाम्रो स्वार्थपनालाई परिर्वतन गर्नु पर्दछ । यधपि, स्वार्थीपना त्याग्नु सामान्य मानिसलाई खतरापूर्ण हुन्छ, र बाहिरी धर्म सुरक्षित जस्तो लाग्छ, तर यस प्रकारको सुरक्षा भनेको एक भ्रम मात्र हो, बाहिरी धर्म प्रायजसो परमेश्वर देखि लुक्न प्रयाग गरिन्छ । *"फरिसीहरू उहाँकहाँ आएर उहाँलाई जाँच गर्न भनी उहाँलाई सोधे, "के कसैले कुनै कारण पत्नीसँग विवाहविच्छेद गर्न उचित छ" तर उहाँले भन्नुभयो, "के तिमीहरूले पढ़ेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो, र भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुई जना एउटै शरीर हुनेछन्।' ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले*

*जसलाई एकसाथ जोड्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।" तिनीहरूले उहाँलाई भने, "मोशाले किन विवाहविच्छेदको त्यागपत्र दिएर पत्नीलाई त्याग्ने आज्ञा दिए" उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूका हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन्। तर सुरुदेखि यस्तो थिएन।"* (मत्ती १९ : ३-८)

प्राय पुरानो करारको पुस्तकहरुले कठोर मानिसहरुको नजिक आउने परमेश्वरको प्रयासलाई झल्काउँदछ । बाइबलका खण्डहरुमा परमेश्वर गलत ढंगले बुझिनुमा परमेश्वरले उनीहरुलाई ,आशाविहिनको रुपमा त्याग्नुको सट्टा उहाँले मानिसहरुको इच्छालाई शरण दिनुभयो । वास्तवमा हामी नै हो जसले प्रेमलाई तुच्छ ठान्यो -परमेश्वरले होइन । तैपनि हामी पुरानो करारमा निर्दयी मानिसहरु संगको परमेश्वरको अन्तरक्रियालाई सँधै गलत बुझ्दछौं । यसको नतिजा स्वरुप, हामी परमेश्वरलाई एक प्रकारको, दासत्व बनाउने, विजयको युद्धलाई प्रोत्साहित गर्ने नरसंहार गर्ने, आज्ञा दिने र कानुन तोड्नेहरुलाई कडा दण्ड दिने, शोषण गर्ने भनि आरोप लगाउँछौं ।

हामी यी आरोपहरु परमेश्वरलाई लगाउँछौं किनकि हामी मानव कठोर हृदयको साथ सम्बन्धित समस्याको परिणामलाई बुझ्न सक्दैनौं जुन प्राचिन इस्रायली संगको कुराकानीमा परमेश्वर निरन्तर रुपमा सामना गरिरहनु भएको थियो ।

येशूले डाँडाको उपदेशमा प्रेमको व्यवस्थामा आधारित व्यवहारिक प्रयोगको उदाहरण दिंदै परमेश्वरको व्यवस्थाको प्रशंसा गर्नुभयो ।

*"तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो, 'आँखाको बदला आँखा, र दाँतको बदला दाँत।' तर म तिमीहरूलाई भन्दछु, दुष्टको मुकाबिला नगर। जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ। यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल। यदि कसैले तिमीलाई एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुई किलोमिटर गइदेऊ। तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन चाहनेलाई इन्कार नगर।"* (मत्ती ५:३८-४२)

यीी शब्दहरुमा, येशूले कठोर हृदय भएको मानिसहरुको अनुकुलताको इच्छा विपरित परमेश्वरको सिद्ध इच्छामा वणन गर्नुभयो ।

*येशूले तिनीहरूलाई भन्नुभयो, "परमेश्वर तिमीहरूका पिता हुनुहुँदो हो त तिमीहरूले मलाई प्रेम गर्नेथियौ, किनभने म परमेश्वरबाट निस्किआएँ। म आफ्नै इच्छाले आएको होइनँ, तर उहाँले मलाई पठाउनुभयो। मैले भनेको तिमीहरू किन बुझ्दैनौरु किनभने तिमीहरूले मेरो वचन सुन्न सक्दैनौ। तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता*

*हो। म सत्य बोल्दछु, तर तिमीहरू मलाई विश्वास गर्दैनौ। तिमीहरूमध्ये कसले मलाई पापको दोष लाउन सक्छरु यदि म सत्य बोल्दछु भने, किन तिमीहरू ममाथि विश्वास गर्दैनौ जो परमेश्वरको हो, त्यसले परमेश्वरका वाणी सुन्दछ। तिमीहरू परमेश्वरका होइनौ, यसैकारण तिमीहरू सुन्दैनौ।" यहूदीहरूले उहाँलाई जवाफ दिए, "के हाम्रो यो भनाइ ठीक होइन, कि तिमी सामरी हौ र तिमीलाई भूत लागेको छ"* (यूहन्ना: ४२-४८)



"येशूले धार्मिक अगुवाहरुलाई भन्नुभयो, तिमीहरु आफ्नो पिता शैतानका हौ ।" तिमीहरुका पिता शैतान थिए किनकि उनीहरुले परमेश्वरको बारेमा शैतानले राखिदिएको गलत दृष्यलाई अँगालेका थिए र त्यस धारणाको विपरित कुनै पनि शिक्षालाई स्विकार गर्दैनथे ।

*"येशू, यहूदीहरूको राजा "भन्ने उहाँको विरुद्धको दोष-पत्र तिनीहरूले उहाँको शिरदेखि मास्तिर टाँसिदिए। उहाँसँग दुई जना डाँकूहरू क्रूसमा झुण्ड्याइएका थिए, एउटा उहाँको दाहिनेपट्टि र अर्को देब्रेपट्टि। त्यहाँबाट आउने-जानेहरूले आ-आफ्नो मुन्टो हल्लाएर उहाँको गिल्ला गरे, र भने, "ए मन्दिर भत्काउने र तीन दिनमा निर्माण गर्ने, आफैलाई बचा, र परमेश्वरको पुत्र होस् भने, क्रूसबाट ओर्लेर तल आइज।" मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरू र धर्म-गुरुहरूका सँगसँगै उहाँको गिल्ला गर्दै भने, "यसले अरूलाई त बचायो, आफूलाई चाहिँ बचाउन सक्दैन। यो इस्राएलको राजा हो। अहिले क्रूसबाट तल*

*ओर्लेर आओस्, र हामी यसलाई विश्वास गर्नेछौं। यसले परमेश्वरमा भरोसा राख्छ। परमेश्वरले यसलाई चाहनुहुन्छ भने उहाँले यसलाई अहिले छुटकारा देऊन्, किनकि यसले 'म परमेश्वरको पुत्र हुँ,' भनी भन्थ्यो।"* (मत्ती २७ : ३७ -४३)

क्रुसमा येशूलाई ठट्टमा उडाउनेहरुले उजाडस्थानमा शैतानले खीष्टलाई परिक्षामा पार्न प्रयोग गरेको जस्तै शब्दहरु प्रयोग गरेका थिए । **"यदि तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने"** (मत्ती ४:३)

***"कुनै मानिसले नयाँ दाखमद्य पुरानो छालाको मशकमा हाल्दैन, नत्रता नयाँ मद्यले छाला फाट्छ, र दाखमद्य पोखिन्छ, र मशक पनि नष्ट हुन्छ। नयाँ दाखमद्य नयाँ छालाको मशकमा राख्नुपर्दछ।"*** (लूका ५ : ३७-३८)

येशूले यस उखानमा, आफ्नो कट्टरपन्थी नयाँ शिक्षालाई "नया दाखमध" र यसले फुटाउने "पुरानो बोतल" संग तुलना गर्नुभयो । येशूले शब्द र उदाहरण द्वारा परमेश्वरको प्रेमको स्पष्ट तस्बिरलाई चित्रण गर्नुभयो, जुन धार्मिक अगुवाहरुमा भएको परमेश्वरको विकृत चित्रको बिल्कुल विपरित थियो । (पुरानो मध) र पुरानो बोतल जस्को सामना उहाँले गर्नुभयो ।

यी दुई विरोधाभाषी दृष्टिकोणहरु एकसाथ मिसिन सक्दैन । आज पनि यस्तै छ त्यसैले हामीमा भएको परमेश्वर प्रतिको हिंस्रक तस्बिर बाहिर निस्की हाम्रो कोमल परमेश्वरको तस्बिरको लागि हाम्रो दिमागमा ठाउँ खाली पार्न आवश्यक छ

# परमेश्वरले कसरी विनाश गर्नुहुन्छ ?

परमेश्वरले कसरी विनाश गर्नुहुन्छ भन्ने कुराको एउटा स्पष्ट उदाहरण १ इतिहासको पुस्तकमा पाइन्छ । राजा शाउललाई उनको विनाशकारी मार्गबाट फर्कनको लागि परमेश्वरले आफ्नो भविष्यवक्ता शमूएल मार्फत दिइएको सल्लाहलाई उनले वेवास्ता गरिरहेका थिए । शाउलले आफ्ना बफदार सेवक दाउदलाई मार्न थुप्रै प्रयास गरेका थिए । उनी नोबका पुजारीहरलाई मारेको दोषि थिए र उनले मन्त्रतन्त्र गर्ने स्त्रिबाट सल्लाह पनि लिएका थिए । शाउल पलिश्तीहरु संगको युद्धमा घाइते भएका थिए र यदि उनी शत्रुहरुद्वारा पकाऊ परेका भए के हुन्थ्यो होला भनि डराएका पनि थिए । यस्तो हताश भएको अवस्थामा, **"शाउलले तरवार लिएर त्यसमा उनिएर मरे** ।" (१इतिहास १०:४) ध्यानदिनुहोस् कि बाइबलले कसरी शाउलको मृत्युको दुःखत विवरणलाई समाप्त गर्दछ :

*"यसरी शाऊलले आफ्नो अविश्वासले गर्दा ज्यान गुमाउनुपर्‍यो। तिनले परमेश्वरको वचनलाई उल्लङ्घन गरेर भूतप्रेत खेलाउनेको सरसल्लाह लिएका थिए। तिनले परमप्रभुको सल्लाह लिएनन्। यसकारण उहाँले तिनलाई नाश गर्नुभयो, र राज्य यिशैका छोरा दाऊदलाई सुम्पनुभयो।"* (१इतिहास १० :१३-१४)

शाउलको मृत्युले यो प्रमाणीत गर्दछ कि एउटामात्र काम जुन परमेश्वरले यहाँ गर्नुभएको भनेको शाउललाई आफ्नो बाटो जान दिनु र पापको परिणाम भोग्नदिनु हो । शाउलको

मृत्युको कारण 'आत्महत्या' थियो, हत्या थिएन, तर बाइबलले बताउँदछ कि परमेश्वरले तिनलाई मार्नु भयो । त्यहाँ परमेश्वरले के गर्नुभयो भनेर वणन गर्न प्रयोग गरेको शब्द र शब्दकोषमा भएको परिभाषा निश्चित रुपमा भिन्न छ । यो छुट्टै प्रकारको उदहरण होइन । हामी अर्को अध्ययनमा बाइबलमा प्रयोग भएको शब्दहरु जस्तै कोध, ईष्या र रिस आदिको जाँच गर्नेछौं ।



परमेश्वरको तरिका वा परमेश्वरको सोचाइलाई आधार मानेर हेर्दा बाइबलमा यी शब्दहरु उनीहरुको सामान्य प्रयोग भन्दा बिल्कुलै भिन्न अर्थ दिन्छ ।

*"जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज। उहाँ नजिक हुनुहुँदा नै उहाँलाई भेट। दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ। "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्।" (यशैया ५५: ६ - ९)*

# परमेश्वरको क्रोध के हो ?

जब हामी पुरानो करार पढ्छौं तब परमेश्वरको क्रोधको प्रश्नले हामीलाई अलमल्ल पार्छ । त्यहाँ परमेश्वरको रिस र क्रोधलाई लिएर धेरै सन्दर्भहरु छन्, तर उहाँको रिस के हो? यस प्रश्नको उत्तरको लागी हामीले बाइबलमा केहि उदाहरणहरु हेर्नु ज्ञानवर्दक हुनेछ । परमेश्वरको क्रोधको बारेमा पहिलो उल्लेख गरेको भनेको जब परमेश्वरले मोशालाई इस्राएलीहरुलाई मिश्र देशका दासत्वबाट स्वतन्त्र गराउन आदेश दिनुभयो । त्यहाँ के त्यस्तो परिस्थितिहरु थियो होला जसको कारण परमेश्वर आफ्नो क्रोध प्रकट गर्न बाध्य हुनुभयो ।

"*त्यसपछि मोशाले परमप्रभुलाई भने, "प्रभु, म बोल्नमा उस्तो सिपालु छैनँ, न त अघि म सिपालु थिएँ न अहिले तपाईं बोल्नुभएपछि म सिपालु भएको छु, किनकि म बोल्नमा र जिब्रो चलाउनमा ढिलो छु।" परमप्रभुले तिनलाई भन्नुभयो, मानिसको मुख कसले बनायो? मानिसलाई लाटो वा बहिरो कि देख्ने वा अन्धो कसले बनाउँछ? के म परमप्रभुले नै होइन र? अब जा, म तँलाई बोल्न सहायता गर्नेछु, र तैंले के-के बोल्नुपर्ने हो सो सिकाउनेछु।" तर मोशाले भने, "हे प्रभु, बिन्ती छ, अरू कसैलाई नै पठाउनुहोस्।"* (प्रस्थान४ :१०-१३)

मोशा फारोको अघि एक्लै जान डराएका थिए र एक जना बोल्ने वक्ताको अनुरोध गरे परमेश्वरले कस्तो प्रतिक्रिया दिनुभयो ?

*"तब परमप्रभुको क्रोध मोशामाथि उठ्यो, र उहाँले भन्नुभयो, "के लेवी हारून तेरो दाजु छैन र? मलाई थाहा छ कि त्यो राम्ररी बोल्न सक्छ। त्यो तँलाई भेट्न आउँदैछ, र तँलाई देखेर त्यो खुशी हुनेछ।"* (प्रस्थान ४ :१४)

परमेश्वरले कसरी उहाँको कोधलाई व्यक्त गर्नुभयो ? मोशालाई चाहिंएको कुरा दिएर । हामी फेरी अरु केहि यस संग सम्बन्धित बाइबलका खण्डहरुमा हेरौ । *"अनि तिनीहरूसँग भएको एक हुल्याहा समूह साह्रै लालची भयो, र इस्राएलीहरूले फेरि रोएर भन्न लागे, "हामीले मासु खान पाए त हुन्थ्यो! आ-आफ्नो पालको ढोकामा उभिएर हरेक परिवारका मानिसहरू रोइरहेका मोशाले सुने। परमप्रभु ज्यादै क्रोधित हुनुभयो, र मोशा दु:खित भए। अनि परमप्रभुले चलाउनुभएको बतासले समुद्रबाट बट्टाई चराहरू ल्यायो, र छाउनीको वरिपरि एक-एक दिनको बाटोभरि जमिनमा दुई हात बाक्लो हुने गरी ती बसे। मानिसहरूले त्यस दिनभरि, रातभरि र भोलिपल्ट दिनभरि पनि ती समाते। थोरैभन्दा थोरै बटुल्नेले पनि पच्चीस मुरी बटुले। तिनीहरूले आफ्ना निम्ति छाउनीका चारैतिर ती फिँजाए ।"* (गन्ति ११ :४,१०,३१,३२)

यो घटनाहरुमा हामी फेरी परमेश्वरको रिस उल्लेख भएको पाउँछौ । परमेश्वरले के गर्नुभयो ? परमेश्वरले ति कुराहरु दिनुभयो जो मानिसहरुले चाहेका थिए ।

*“जब शमूएल वृद्ध भए तब तिनले आफ्ना छोराहरूलाई इस्राएलका न्यायकर्ता नियुक्त गरे। तिनको जेठा छोराको नाउँ योएल र माहिलाको नाउँ अबिया थियो। तिनीहरूले बेर्शेबामा सेवा गर्थे। तर तिनका छोराहरू आफ्ना पिताका चालमा हिँड़ेनन्, तर उनीहरू आफ्नै लाभको मात्र विचार गरी घूस लिएर न्याय भ्रष्ट गर्थे। तब परमप्रभुले शमूएललाई यसो भन्नुभयो, “मानिसहरूले भनेका सबै कुरा सुन्। तिनीहरूले तँलाई इन्कार गरेका होइनन्। तिनीहरूले मलाई नै इन्कार गरेका हुन्, मलाई नै तिनीहरूले आफ्ना राजा बनाउन इन्कार गरेका हुन्। तर शासनको निम्ति राजाको माग सुनी शमूएल दु:खी भए, तिनले परमप्रभुसित प्रार्थना गरे। यसकारण इस्राएलका सबै धर्म-गुरुहरू भेला भई रामामा शमूएलकहाँ आए। तिनीहरूले तिनलाई भने, “तपाईं अब वृद्ध हुनुभयो, अनि तपाईंका छोराहरू तपाईंका चालमा हिँड्दैनन्। यसकारण अरू जातिहरूजस्तै हामीमाथि शासन गर्नलाई एक जना राजा नियुक्त गरिदिनुहोस्।”*

(१ शमूएल ८ :1 -७ )

मानिसहरुको राजा राख्नको लागि गरिएको अनुरोध उनीहरुको भलाईको लागि राम्रो हुँदैन भनेर धेरै कारणहरुको साथ परमेश्वरले आफ्नो अगमवक्ता शामूएल द्वारा मानिसहरुमा सन्देश पठाउनुभयो । के तिनीहरुले शामूएलको कुरा सुने ?

*“तर मानिसहरूले शमूएलको कुरा सुन्न इन्कार गरे। तिनीहरूले भने, “होइन, हामीमाथि राजा हुनैपर्छ। तब हामीलाई शासन*

*गर्ने र लड़ाइँ गर्न लैजाने राजा पाउँदा हामी अरू जातिहरूजस्तै हुनेछौं।"* (१शमूएल८ :१९-२०)



परमेश्वरले मानिसहरुको अग्रहलाई कसरी प्रतिक्रिया दिनुभयो ? अनि उहाँले यस्तो जवाफ दिनुभयो, "तिनीहरुले भनेका कुरा अनुसार गर, र तिनीहरुका निम्ति एउटा राजा नियुक्त गर" हामीलाई कसरी थाहा हुन्छ कि परमेश्वरले आफ्नो क्रोधमा उनीहरुलाई राजा दिनुभयो भनेर ? अगमवक्ता होशे जब हामीले इतिहासको यो घटनालाई हेर्छौं तब यसले हामीलाई मानिसहरुको आग्रहलाई पूरा गर्नुमा परमेश्वरको धारणालाई बताउँछ ।

*"हे इस्राएल, म तिमीहरूलाई सर्वनाश गर्नेछु, किनकि तिमीहरू मेरो विरुद्धमा, तिमीहरूका सहायकको विरुद्धमा छौ। तिमीहरूको राजा कहाँ छ, कि त्यसले तिमीहरूलाई बचाउन सकोस्ऽ तिमीहरूका सबै नगरका शासकहरू कहाँ छन्, जसका विषयमा तिमीहरू भन्थ्यौ, 'हामीलाई एउटा राजा र राजकुमारहरू दिनुहोस्' यसैले मेरो रीसमा मैले तिमीहरूलाई एउटा राजा दिएँ, र मेरो क्रोधमा मैले त्यसलाई उठाइलगें।" ( होशे १३ : ९ -११)*

बाइबलीय यी तिन विवरणहरुले हामीलाई परमेश्वरको क्रोधलाई उस्तै रुपमा देखाउँदछ, जब उहाँले इस्राएलीहरुलाई उनीहरुको भलाईको लागि नहुँदा - नहुँदै पनि तिनीहरुको चाहना पूरा गरिदिनु भएको थियो । बाइबलमा उल्लेख भएको परमेश्वरको क्रोधलाई परिभाषा गर्नको लागि यो एउटा सानो उदाहरण हो, जुन शब्दकोषमा पाइने परिभाषा भन्दा फरक छ । यदपि, यो भन्दा पनि अरु धेरै छ । जब येशू ख्रीष्ट रिसाउनुभयो तब के भयो ?

*“पछिबाट फेरि उहाँ सभाघरमा पस्नुभयो। त्यहाँ सुकेको हात भएको एक जना मानिस थियो। कतै उहाँले त्यसलाई शबाथ-दिनमा निको पार्नुहुन्छ कि भनी उहाँलाई दोष लाउन मानिसहरू उहाँको चेवामा थिए। तब उहाँले सुकेको हात भएको मानिसलाई भन्नुभयो, “यता आऊ।” उहाँले तिनीहरूलाई भन्नुभयो, “शबाथ-दिनमा भलो गर्नु कि खराबी गर्नु, प्राण बचाउनु कि नाश गर्नु, कुनचाहिँ उचित छ” तर तिनीहरू चूप लागिरहे। तिनीहरूका हृदयको कठोरतामा दुःखित भई क्रोधित भएर उहाँले तिनीहरू सबैलाई हेर्नुभयो अनि त्यस मानिसलाई भन्नुभयो, “तिम्रो हात पसार।” त्यसले हात पसाऱ्यो र त्यसको हात निको भयो। तब निस्केर गई उहाँलाई कसरी नाश पारौं भनी फरिसीहरूले तुरुन्तै हेरोदीहरूसँग उहाँको विरुद्धमा मतो गरे।* (**मर्कूस** ३ : १ -६)

यो एउटा येशू ख्रीष्टको फरिसी संगको भेट थियो । तिनीहरुको कानुनी नियमहरुले शबाथ दिनमा निको पार्नको लागि प्रतिबन्ध गरेको थियो । उनीहरुको हृदयलाई पढि, येशूले “रिसले उनीहरु सबैलाई हेर्नुभयो ।” येशू संग कस्तो प्रकारको कोध थियो ? त्यो यस्तो प्रकारको कोध थियो जसलाई यसरी उल्लेख गरिएको छ । **“तिनीहरुको हृदयको कठोरतामा दुःखीत”** ती निर्दयी र प्रेम नभएको धर्म गुरुहरुले त्यो सुकेको हात भएको मानिस प्रति देखाएको व्यवहारलाई देखेर येशूले दुःखीत र गहिरो निरासाको अनुभव गरिरहनुभएको थियो ।

हामीले परमेश्वरको कोध र रिसको बारेमा यो भन्दा धेरै अरु के थाहा पाउन सक्छौं होला ?

***"परमेश्वरको क्रोध ती मानिसहरुका सारा भक्तिहिनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको, जसले सत्यलाई तिनीहरुका अर्धमले दबाइरहेकाछन् ।"*** ( रोमी १ :१८ )

परमेश्वरको क्रोधलाई कसरी देखाइएको छ ?

***"यसकारण परमेशवरले तिनीहरुलाई तिनीहरुका हृदयको कामवासनाको अशुद्धतामा छोडिदिनुभयो,"*** ( रोमी १:२४ )

***"यसैकारण परमेश्वरले तिनीहरुलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो ।"*** (रोमी १:२६ )

***"यसरी तिनीहरुले परमेश्वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्वरले तिनीहरुलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो"*** (रोमी १ :२८)

परमेश्वरको क्रोधलाई यहाँ त्यागिदिनुभयो भनेर परिभाषित गरिएको छ । अर्को शब्दमा भन्नुपर्दा परमेश्वरले मानिसलाई आफूबाट अलग हुन स्वतनत्रता दिंदै हुनुहुन्छ । वास्तविक रुपमा विनाश गर्ने बदलाभावको क्रोध होइन जुन प्राय हामी परमेश्वरमाथि आरोप लगाउँछौं । आऔं, हामी पुरानो नियमको केहि खण्डहरुलाई हेरौं ।

"*मानिसहरूले त्यस दिनभरि, रातभरि र ओलिपल्ट दिनभरि पनि ती समाते। थोरैभन्दा थोरै बटुल्नेले पनि पच्चीस मुरी बटुले। तिनीहरूले आफ्ना निम्ति छाउनीका चारैतिर ती फिँजाए। तर मासु तिनीहरूका दाँतैमा हुँदा र त्यसलाई चपाउनै नपाउँदा, परमप्रभुको क्रोध ती मानिसहरूमाथि दन्क्यो, र उहाँले*

*ती मानिसहरूलाई भयङ्कर विपत्तिले प्रहार गर्नुभयो।"* (गन्ती ११ : ३२-३३)



यहाँ हामी बट्टाइ चराको घटनाको विवरणमा हेर्छौं जहाँ परमेश्वरले कोधमा मानिसहरुलाई बट्टाइ चरा दिनुभएको थियो । त्यहाँ एक प्राकृतिक नतिजा थियो जुन मानिसहरुको घिचुवा प्रवृतिले निम्त्याएको थियो । **"परमप्रभुले मानिसहरलाई ठूलो विपत्तिले प्रहार गर्नुभयो ।"** एउटा अचम्मको कुरा के छ भने, इस्रायलीहरुले छाउनी गरेको मरुभूमिमा हजारौं कि.लो. मासु लामो समय सम्म टिक्दैनथ्यो । मासु सारै सडेर जाने थियो र मानिसलाई खानको निम्ति योग्य हुँदैनथ्यो । यस तथ्यलाई विचार गर्दा त्यो कस्तो प्रकारको माहामारीको परिणाम जस्तो लाग्छ ? सही सुक्ष्मजीव र सही अवस्थालाई ध्यानमा राख्दा विषाक्तता ( बिषाति खाना ) एउटा घातक पीडा हो । "त्यसकारण त्यस ठाउँको नाम किब्रोथ हत्ताबा राखियो, किनभने अरु खानाको लालच गर्ने मानिसहरुलाई त्यही नै तिनीहरुले गाडेका थिए ।" (३४) परमप्रभुको कोध के थियो ? के परमेश्वरको कोध भन्नाले ती कुराहरलाई नै पछ्याउँदैन र जसको कारण र असरमा परमेश्वरको हस्तक्षेप हुँदैन ?

***"त्यस दिन मेरो कोध तिनीहरमाथि दन्कनेछ र म तिनीहरलाई त्याग्नेछु, र आफ्नो मुख तिनीहरबाट लुकाउनेछु र तिनीहरु नष्ट हुनेछन् । धेरै आपत्विपदहरु र कठिनाइहरु तिनीहरमाथि आइपर्नेछन् । तब त्यस दिन तिनीहरुले भन्नेछन, हाम्रा परोश्वर हाम्रा बीचमा नभएर नै हामीमाथि यस्ता विपत्तिहर आएका होइनन् र ? अन्य देवाताहरुतिर लागेर तिनीहरुले गरेका सबै खराबीले गर्दा त्यस दिन म निश्चय नै आफ्नो मुख लुकाउनेछु ।"***

(व्यवस्था ३१ : १७ -१८)

परमेश्वरले  आफ्नो अनुहार लुकाउनु हुन्छ भन्नुको अर्थ के हो ? के यि सबै विपत्तीहरु हामी माथी आइपर्नुको कारण परमेश्वर हामीहरुसित नभएर होइन र ? यो पनी त्यहि भाषा हो जसले परमेश्वरको असङलग्नताको वणन गर्दछ। परमेश्वर किन उहाँको अनुहार लुकाउँछु भनेर भन्नुहुन्छ ? **"अन्य देवताहरुतिर लागेर तिनीहरुले गरेका सबै खराबीले गर्दा त्यस दिन म निश्चय नै आफनो मुख लुकाउनेछु। त्यसपको नतिजा के हुनेछ ? तिनीहरु नष्ट हुनेछन र धेरै खराबीहरु तिनीहरुमाथी आइपर्नछ।"** जब मानिसहरु अरु देवताहरुतिर फर्के तिनीहरु साँचो परमेश्वरदेखि टाढा भए, र उहाँले त्यो अपरिहार्य नतिजा देखि बचाउन असक्षम हुनुभयो।

*"जे परमप्रभुको दृष्टिमा खराब थियो, इस्राएलीहरूले त्यही गर्न लागे, र बाल देवतालाई पूजा गर्न लागे। तिनीहरूलाई मिश्रदेशबाट निकालेर ल्याउनुहुने आफ्ना पिता-पुर्खाहरूका परमप्रभु परमेश्वरलाई त्यागेर तिनीहरू अरू देवताहरूका पछि लागे– अर्थात्, आफ्ना वरिपरि बस्ने जातिहरूका देवताहरूलाई पछ्याए। तिनीहरू ती देवताहरूका सामुन्ने निहुरे, र परमप्रभुलाई क्रोधित तुल्याए। तिनीहरूले परमप्रभुलाई त्यागेर बाल र अश्तोरेत देवताहरूलाई पुजे। परमप्रभुले आफ्नो क्रोधमा तिनीहरूलाई डाँकूहरू र लुट्नेहरूका शिकार तुल्याउनुभयो। उहाँले तिनीहरूलाई तिनीहरूका वरिपरिका शत्रुहरूका हातमा बेचिदिनुभयो, र तिनीहरू आफ्ना शत्रुहरूका सामुन्ने टिक्न सकेनन्।"* (न्यायकर्ताहरु २: ११-१४)

बाइबलको यो खण्डले मानिसहरुले बारम्बार परमेश्वरको बिरुद्ध गएर धर्म त्याग गरेको स्थिति लाइ वर्णन गदर्छ। यहाँ परमेश्वरले तिनीहरुलाई डाकुँहरु (खराबीहरु) र सत्रुहरुको हातमा सुम्पिदिएको र बेचेको  घटनालाई उललेख गर्दछ । यो फेरि घटनाको एउटा अप्रत्यक्ष प्रतिकिया हो । तिनीहरुको परमेश्वर विरुद्धको चालको कारण उनीहरुलाई शत्रुहरुको आकमण देखि परमेश्वरले रोक्न असमक्ष हुनुभयो ।

*"पानीमा निगालो यताउता हल्लेझैँ परमप्रभुले इस्राएललाई त्यस्तै हल्लने गरी हिर्काउनुहुनेछ। तिनीहरूका पिता-पुर्खाहरूलाई दिनुभएको यस असल देशबाट उहाँले इस्राएललाई जरैसमेत उखेल्नुहुनेछ, र तिनीहरूलाई यूफ्रेटिस नदी पारि तितरबितर पार्नुहुनेछ, किनभने तिनीहरूले अशेराका मूर्तिहरू बनाएर परमप्रभुलाई रीस उठाए। अनि यारोबामले गरेका र इस्राएललाई गर्न लाएका पापहरूको कारण उहाँले इस्राएललाई त्याग्नुहुनेछ।"* (१ राजाहरु: १५-१६)

यहाँ परमेश्वरको कोध र प्रहार भनेको परमेश्वरको विरुद्ध गरेका इस्रायलीहरुलाई त्यागिदिनु हो ।

*तिनीहरूले डाँड़ाका थानहरूमा वेदी स्थापित गरी उहाँलाई क्रोधित तुल्याए, र तिनीहरूले आफ्ना मूर्तिहरूले उहाँलाई ईर्ष्यालु बनाए। जब परमेश्वरले यो सुन्नुभयो, तब उहाँ अत्यन्त क्रोधित हुनुभयो, र इस्राएलीहरूलाई पूर्ण रूपले इन्कार गर्नुभयो। उहाँले शीलोमा भएको पवित्र वासस्थान त्याग्नुभयो, त्यो पाल जो उहाँले मानिसहरूका बीचमा राख्नुभएको थियो। उहाँले आफ्नो शक्तिको सन्दूक शत्रुहरूका हातमा पठाइदिनुभयो,*

*आफ्नो गौरव शत्रुहरूका हातमा जान दिनुभयो। उहाँले आफ्नो प्रजा तरवारलाई सुम्पनुभयो, र आफ्नो उत्तराधिकारका मानिसहरूसँग औधी रिसाउनुभयो।"* (भजनसग्रह ७८: ५८-६२)

यहाँ कोधको परिभाषमा निम्नकुराहरु संलग्न भएको पाइन्छ : त्याग्नु, कैदको लागि सुम्पिनु, र त्यसै छोडीदिनु वा स्वतन्त्र दिनु । *"त्यसकारण आफ्नो प्रजामाथि परमप्रभुको क्रोध दन्क्यो, र उहाँले आफ्नो उत्तराधिकारका मानिसहरूलाई घृणा गर्नुभयो। अनि उहाँले तिनीहरूलाई अन्यजातिहरूका हातमा दिनुभयो, र तिनीहरूका शत्रुहरूले तिनीहरूमाथि शासन गरे।"* (**भजनसंग्रह** १०६ : ४०-४१)

यहाँ परमेश्वरको कोधलाई "मूर्तीपूजकहरुको हातमा सुम्पिनु" भनि वणन गरिएको छ ।

*"तब तिमीहरूको ज्योति बिहानझैँ फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ।"* (**यशैया** ५८ : ८)

यो खण्डमा "एउटा सानो कोधलाई" केहि क्षणको लागि परमेश्वरले आफ्नो मुहार लुकाउनुहुने रुपमा व्याख्या गरेको छ । तर हाम्रो लागि परमेश्वरको कृपा र करुणा अनन्तको छ ।

*"मैले एफ्राइमका सबै मानिसहरू, अर्थात् तिमीहरूका दाजुभाइहरूलाई निकालेझैँ तिमीहरूलाई मेरो उपस्थितिदेखि म बाहिर निकालिदिनेछु'। तर के तिनीहरूले मलाई नै रीस उठाउनलाई यसो गरेका हुन् त परमप्रभु भन्नुहुन्छ। के तिनीहरू*

*आफैलाई लज्जित तुल्याउनलाई आफ्नै हानि गरिरहेका छैनन् र यसकारण परमप्रभु भन्नुहुन्छ: यस ठाउँमा मेरो रीस, मेरो क्रोध खन्याइनेछ– मानिस र पशु, मैदानका रूखहरू र जमिनका उब्जनीहरू सबैमाथि त्यो जलिरहनेछ, र कहिल्यै निभ्नेछैन।"* (**यर्मिया** ७ : १५, १९-२० )

परमेश्वरले सोध्नुभयो **"के तिनीहरुले मलाई कोधको निम्ति उत्तेजित पार्छन ?"** के तिनीहरुले आफैले आफ्नो अनुहारको खलबलको निम्ति उस्काउँदैनन् र ? मानिसहरुका समस्याहरु उनीहरुको मूर्तिपूजाको परिणामको रुपमा ल्याएको हो परमेश्वरको दण्डको रुपमा होइन । *"आफ्नो केश खौरेर फालिदे, नाङ्गा डाँड़ाहरूमा विलाप गर्, किनकि उहाँको क्रोधमा परेको यस पुस्तालाई परमप्रभुले इन्कार गर्नु र त्याग्नुभएको छ।"* (**यर्मिया** ७: २९)

त्यहाँ धेरे बइबलका खण्डहरुछन् जसले उस्तै परिभाषाहरुको प्रयोग गर्दछ, तर यी जुन हामीले हेर्‍यौ यो एउटा उदाहरणको रुपमा स्विकार्नु पर्दछ जसले परमेश्वरको कोधलाई परमेश्वरबाटको दण्डको रुपमा स्विकार गर्दैन । परमेश्वरले हामीलाई उहाँलाई स्विकार गर्न वा इन्कार गर्न स्वतन्त्रता दिनुहुन्छ। परमेश्वरको कोध भनेको हामीले रोजेको गलत कामको परिणाम हो, जब उहाँले हामीलाई हामीले रोजेको बाटो हिंडनदिन बाध्य हुनुहुन्छ। परमेश्वरको भुमिका सँधै एक त्यागिदिने, निष्क्रिय, आफ्नो मुहार लुकाउने, त्यसै छाडीदिने र अरुको हातमा सुम्पिने जस्ता सब्दहरुको रुपमा वणन गरिन्छ।

मोशासामु यो आफनो् घोषणामा, परमेश्वरले कोध वा रीसलाई आफनो् चरित्रको विशेषताको रुपमा सुचीबद्ध गर्नुभएन:"

*"त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ।"* (प्रस्थान ३४: ६-७)

*"तब तिनीहरूले परमेश्वर र मोशाको विरुद्धमा यसो भन्न लागे, "यस उजाड़-स्थानमा मर्न हामीलाई तपाईंहरूले किन मिश्रदेशबाट ल्याउनुभयो? यहाँ रोटी छैन, यहाँ पानी पनि छैन। यस तुच्छ खानेकुरादेखि त हामीलाई वाक्कै लागिसक्यो।" तब परमप्रभुले ती मानिसहरूका बीचमा विषालु सर्पहरू पठाइदिनुभयो, र सर्पले मानिसहरूलाई डसे, र इस्राएलीहरूका धेरै जना मरे।"* (गन्ती २१ :५-६)

हामीलाई यो खण्डले सुचित गर्दछ कि परमेश्वले तिनीहरुको गुनासोहरुको जवाफको रुपमा "ज्वलन्त सर्पहरु, मानिसहरुको माझमा पठाउनुभयो ।" हामीले अहिलेसम्म देखेको बाइबलिय प्रमाणहरुको आधारमा हेर्दा परमेश्वरले सर्पहरु पठाउनुमा उहाँको त्यो कस्तो कार्य थियो होला ? हामीले अध्ययन गरेका अन्य बाइबलका अंशहरुको दृष्टिकोणबाट हेर्दा, मानिसहरुको बिद्रोही प्रवृतीको कारण परमेश्वर आफनो् सुरक्षित

हस्तक्षेप नगरी उनीहरुलाई स्वतन्त्रता दिन बाध्य हुनुभयो । कसरी ती ज्वलन्त सर्पहरु त्यहाँ पहिलो स्थानमा आए ? ***"उहाँले तिमीहरुलाई विषालु सर्प र बिच्छीहरु भएको, निर्जल र रुखो भुमी भएको बिशाल र भयानक उजाड स्थानको बीचमा डोर्‍याउनुभयो । उहाँले तिमीहरुका निम्ति चट्टानबाट पानी निकाल्नुभयो ।"*** (व्यवस्था ८: १५)

अरु धेरै खतराहरुको साथै त्यहाँ बिषालु सर्पहरु पनि एक खतराको रुपमा देखा परेको थियो, परमेश्वरले इस्रायलीहरुलाई चमत्कारी ढंगले रुखो मरुभूमि बचाउनुभयो । यो परमेश्वरले पठाउनु भएको बिषालु सर्पको घटनाको विवरण तब मात्र समस्याको रुपमा खडाहुने थियो यदि परमेश्वरले त्यसको साटोमा एक भोकाएको भालुलाई पठाउनु भएको हुन्थ्यो भने । बइबलमा त्यस्ता धेरे घटनाहरुछन् जहाँ परमेश्वरले मानिसहरुको विरुद्ध प्राकृतिक प्रकोपहरु र शत्रुहरुको सेनाहरु पठाउनु भएको थियो ।

यस बुझाईबाट हामी यथोचित निर्ष्कशमा पुग्न सक्छौं कि बाइबलमा उल्लेख गरिएको जति पनि विवरणहरुछन् जसले केहि खराब र हानीहरु परमेश्वरले पठाउनुभयो भनि भन्दछन्, त्यसको अर्थ यो हुन्छ कि घटनाहरुको कारण र असरलाई हेरफेर गर्न नसक्ने व्याक्तिको रुपमा यी घटनाहरुलाई रोक्न परमेश्वर असक्षम हुनुभयो । मानिसहरुको रोजाईलाइ्र नियन्त्रण गर्न यो कहिल्यै परमेश्वरको उद्देश्य थिएन, नत यो उहाँको स्वभावमा नै छ ।

*"तब परमप्रभु आफ्नो देशको निम्ति डाही हुनुहुनेछ र उहाँले आफ्नो प्रजालाई टिठ्याउनुहुनेछ। परमप्रभुले आफ्नो प्रजालाई*

*यसो भनेर जवाफ दिनुहुनेछ, "म तिमीहरूलाई नयाँ अन्न, दाखमद्य र तेल पठाइदिनेछु, र तिमीहरू सम्पूर्ण तृप्त हुनेछौ। जाति-जातिहरूका बीचमा फेरि कहिल्यै म तिमीहरूलाई गिल्लाको पात्र हुन दिनेछैनँ।"* (योएल २ : १८- १९)



*"तब मसित कुरा गरिरहने ती स्वर्गदूतले मलाई भने, "यस कुराको घोषणा गरः सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, 'यरूशलेम र सियोनको निम्ति म ज्यादै डाही छु"* *(जकरिया १: १४)*

*"ईश्वरीय डाहले म तिमीहरूप्रति डाही भएको छु। एउटै पतिकी पवित्र दुलहीको रूपमा तिमीहरूलाई प्रस्तुत गर्न मैले ख्रीष्टसँग तिमीहरूको मगनी गरिदिएँ। तर जसरी सर्पले आफ्नो चलाकीले हव्वालाई छल्यो, त्यसरी नै ख्रीष्टप्रतिका तिमीहरूको निष्कपट र चोखो भक्तिबाट तिमीहरूका विचारहरू भ्रममा पर्छन् कि भनेर मलाई डर लागेको छ।" (२ कोरिन्थी ११ : २-३ )*

परमेश्वरको डाहा पूर्णतया निःस्वार्थ छ। परमेश्वर आफ्नो खातिर नभएर अरुको खातिर डाहा गर्नु हुन्छ।

*"फेरि परमप्रभुको क्रोध इस्राएलीहरूमाथि दन्कियो, अनि उहाँले दाऊदलाई तिनीहरूका विरुद्धमा सुर्‍याउनुभयो, र तिनलाई इस्राएल र यहूदाको गणना गर्नू भनी हुकुम गर्नुभयो। यसैकारण दाऊदले योआब र तिनीसँग भएका सेनापतिहरूलाई दानदेखि बेर्शेबासम्म इस्राएलका सबै कुलहरूका चारैतिर गएर लड़ाकू मानिसहरूको गणना गरेर तिनीहरूको संख्या तिनीकहाँ ल्याउन भनी हुकुम गरे। तर योआबले राजालाई भने, "परमप्रभु हजूरका*

*परमेश्वरले मानिसहरूलाई सय गुणा वृद्धि गरिदेऊन्, र हजूर मेरा मालिकका आँखाले ती सबै कुरा देख्न पाऊन्। तर मेरा मालिक राजाले यस्तो काम किन गर्न चाहनुहुन्छ" तर राजाको आज्ञा योआब र सेनापतिहरूमाथि प्रबल भयो, र इस्राएलका लड़ाकू मानिसहरूको गन्ती गर्नलाई तिनीहरू राजाका सामुबाट निस्के।"* (**२ शमूएल** २४ : १ -४ )



जब राजा दाऊदले इस्रायलको जनगणना गरिरहेका थिए, उसले मानिसहरुका र सेनाहरुको संख्या हेरि इस्रायलीहरुको सुरक्षा गर्न खोजेर परमेश्वरमाथिको अविश्वासलाई प्रकट गरिरहेका थिए । यसले उनीहरुको विरुद्ध परमेश्वरको अहिंसात्मक सुरक्षालाई प्रभावित ढंगमा हटायो जसले गर्दा उनीहरुलाई उनीहरुका शत्रुहरु र अन्य चुनौतिहरुका लागि कमजोर बनायो । कडा युद्धको बावजुद पनि, राजाको इस्राएलीहरुको गणना गर्ने अनुरोधमा योआबले खतरा देखे र त्यस बिषयमा राजालाई प्रश्न गरे । परमेश्वरले दाउदलाइ उनीहरुको विरुद्धमा खडा गर्नुभयो । के यो कथनलाई पढे अनुसार बुक्षनलाई कुनै समस्या हुन सक्छ ? के इस्राएलीहरुको गणना गर्नको लागि परमेश्वरले दाउदको कानमा कानेखुसी गर्नु भएको थियो जसले गर्दा दाउदलाई उनीहरुको विरुद्ध जान एउटा राम्रो बाहाना होस ?

आऔं, हामी यो पदलाई हामीले अहिले सम्म परमेश्वरको कार्यको बारेमा गरेको अध्ययनको प्रकाशमा हेरौं

विनाशमा परमेश्वले सक्रिय भुमिका निभाउनु हुन्न, र उहाँले कहिल्यै पनि खराबीलाई भडकाउनु हुन्न, त्यहाँ कोहि छ जसले यो गर्दछ । के यो सम्भव छ कि यो घटनामा परमेश्वरले दाउदलाई इस्राएलीहरुको गणना गर्नको लागि कुनै रोक नलगाई जान दिनुभयो ? अथवा के यसो भन्दा अलि परै गए जस्तो हुन्छ कि

दाउदको कानमा कानेखुसी गर्ने परमेश्वर नभएर त्यो शैतान थियो । हामीले कसरी थाहाँ पाउँछौं ? हामीले यस्तै प्रकारको घटना १ इतिहासको पुस्तकमा पढ्न पाउँछौं ***"शैतान इस्रायलको विरुद्ध उठेर दाउदलाई आफ्नो प्रजा गन्नलाई सुऱ्यायो ।"***( १इतिहास २१:१)

हामी आश्चर्यचकित हुन्छौं कि किन बाइबलले यस पृष्ठहरु भित्र भएका प्रत्येक मुठभेड्मा वा घटनाहरुमा के भयो भनेर ठ्याक्कै भन्दैन, के यसो गर्नाले बाइबल अध्ययनलाई सरल बानाउँदैन र ? हो, अवश्य बनाउनेछ । यधपि, परमेश्वर र हाम्रो बीचको कुराकानीमा भएको समस्या परमेश्वरको बुझाइमा भएको कमीले होइन तर हामी भित्र भएको कमजोरीले हो । परमेश्वर आफ्नो बुद्धिमा हामीलाई सत्यतालाई स्विकार गर्न वा इन्कार गर्न स्वतन्त्रता दिनुहुन्छ । परमेश्वरको बारे सत्यतालाई रोज्ने कि त्यसलाई इन्कार गर्ने त्यो स्वतन्त्रता हामीमा निहित छ । यस मह्त्वपूर्ण सिद्धान्तलाई मनमा राखेर बाइबल लेखिएको थियो । जब हामी संग परमेश्वर बारेको सत्यतालाई बुझ्ने मौका हुन्छ र हामी यसलाई इन्कार गर्दछौं, अधिक प्रकाशले हामीलाई उहाँबाट अझ टाढा गराउँदछ । यसैकारण बाइबलको अस्पष्ट सतहले विपरित व्याख्याको लागि अनुमति दिंदछ । उहाँको सम्झौता नगर्नै प्रेम र उहाँमाथि विश्वास गर्नमा हाम्रो इच्छा विपरित गइ हाम्रो चित्त बुझाउने त्यो परमेश्वरको चरित्रमा छैन । फेरि त्यसै बखत जसले हाम्रो कोमल परमेश्वरलाई भेटाउनको लागि खोजी गर्दछ, तिनीहरुको लागि बाइबलले प्रशस्त प्रमाणहरु उपलब्ध गराउँदछ ।

***"र जब तिमीहरुले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरुले मलमई पाउनेछौ ।"*** (यर्मिया २९:१३ )

# परमेश्वरले कसरी युद्ध लड्नु हुन्छ ?

परमेश्वरले सत्य, प्रेम, करुणा, र क्षमा द्वारा शैतानको विरुद्ध लडाई गर्नुहुन्छ। *"बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।"* (**यूहन्ना** ३ : ८) बिद्रोहको सुरुवात देखि नै शैतानको काम भनेको परमेश्वरलाई आरोप लगाउनु र उहाँलाई गलत सावित गर्नु हो । शैतानले परमेश्वरको विरुद्ध लगाएको आरोपलाई परमेश्वरको पुत्र येशू खीष्टले गलत सावित गरि शैतानको कामलाई नष्ट गर्नुभयो ।

*"मैले भनेको तिमीहरू किन बुझ्दैनौ? किनभने तिमीहरूले मेरो वचन सुन्न सक्दैनौ। तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो।" (यूहन्ना ८ : ४३ - ४४)*

येशूले पुष्टी गर्नुहुन्छ कि शैतानको प्रमुख हतियार भनेको 'झुट' को प्रयोग हो । **"झुटो बोल्नु परमेश्वरको लागि असम्भव छ ।"** (हिब्रु ६ : १८) सत्यताको साथमा परमेश्वर शैतानको झुट संग लडाई लड्नुहुन्छ ।

*“ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो।”*
(**एफिसी** ६ : ११ -१७)

येशूले हाम्रो लागि परमेश्वरको हातहतियार धारण गर्ने सम्बन्धमा देखाउनुभयो : उहाँको सत्यताको बारेमा सुसमाचारलाई (**“आफ्ना कम्मर सत्यले कसेर”**) उहाँले पूरा गर्नुभएको विश्वासनियताको करारलाई (“धार्मिकताको छाती-पाता लगाएर खडा होओ,”) हाम्रो स्वर्गीय पिता संगको मिलापलाई (**“खुट्टामा मिलापको सुसमाचारको जुत्ता लाएर तयार होओ,”**) परमेश्वर माथिको भरोसालाई
(**“साथै विश्वासको ढाल उठाओ,”**) र शैतानको झुट र बन्धनबाट छुट्कारा भएकाहरुलाई अनन्त जीवनको प्रतिज्ञालाई उहाँले

(**"मुक्तिको टोप लगाऊ"**) भनि सिकाउनुभयो । र हामीलाई येशूले प्रयोग गर्नुभएको जस्तो 'परमेश्वरको बचन' लिनको लागि सल्लाह दिनुभयो जसलाई (**"पवित्र आत्माको तरवार लेओ,"**) भनि सम्बोधन गरिएको छ ।



*"प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ। किनभने, लेखिएको छ, "बदला लिने काम मेरो हो, म नै बदला लिनेछु," परमप्रभु भन्नुहुन्छ। बरु, "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ। त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्नेछौ।" खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित।"* (रोमी १२ : १९ -२१)

परमेश्वरको बदला भनेको के हो ? उहाँले असलद्वारा खराबमाथि विजय गर्नुहुन्छ, र उहाँले आफ्ना छोराछोरीहरुलाई उहाँले जस्तै गर्नको लागि आवह्‍यन गर्नुहुन्छ । हाम्रा शत्रुहरुलाई बदला नलिइ उनीहरुलाई प्रति दयालु व्यवहार भनेको उनीहरुको टाउकोमा "आगोको भुङग्रो"जम्मा गर्नु हो । हाम्रो शत्रुहरु विरुद्ध बदला लिनु भनेको दुष्ट्याई द्वारा विजय प्राप्त गर्नु हो । यधपि, दुष्टतालाई प्रभावकारी तरिकाले पराजित गर्न त्यहाँ एक तरिका छ त्यो हो "भलाई संग" यो परमेश्वरको लडाइ गर्ने तरिका हो ।

*"अनि येशूले भन्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्।"*

*(लूका २३ : ३४ )*

येशूका यी शब्दहरु हाम्रो फाइदाको लागि हुन् । पितालाई क्षमा दिनको लागि कुनैपनि अनुयायीको आवश्यकता पर्दैन । समस्या परमेश्वर संग होइन्, हामी संग छ । हामीलाई लाग्छ कि परमेश्वर

हामी जस्तै हुनुहुन्छ। जब येशूले यी शब्दहरु भन्नुभयो, **“हे पिता, यिनीहरुलाई क्षमा गर्नुहोस् , किनकि यिनीहरु के गर्दैछन सो जान्दैन्न ।”** यो येशूले उहाँलाई क्रुसमा झुण्ड्याउनेहरुको निम्ति मात्र यो बोलिरहनु भएको थिएन तर हाम्रो लागि पनि बोल्नुभएको थियो । परमेश्वरले हाम्रो भविश्य जान्नुहुन्छ भन्ने कुरा हामीले थाहा पाएको उहाँ चाहनु हुन्छ । (हामी जान्दैनौ कि हामी के गरिरहेकाछौं) उहाँले अझै हामीलाई बिना सर्त प्रेम गर्नुहुन्छ र हामीलाई बचाउन अथक प्रयास गरिरहनु भएको छ ।

*“ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन।”* (गलाती ५ : २२ -२३ )

# सदोम र गमोरा

सदोम र गमोराको विनाशलाई एउटा क्रुर परमेश्वर जस्ले दुष्ट मानिसहरु माथि विनाश पठाउनुहुन्छ भन्ने एउटा उत्कृष्ट उदाहरणको रुपमा लिइन्छ । यदि हामीले बाइबलमा उल्लेख गरिएको कुरालाई ध्यान दियौं भने, त्यहाँ के भएको जस्तो देखिन्छ भने, यी दुईवटा शहरहरु समृद्ध कृषि र व्यपारिक क्षेत्रमा अवस्थितछन, र त्यहाँ बसोबास गर्ने बासिन्दाहरुको लागि उनीहरुको जीवन तुलनात्मक रुपमा सरल देखिनछ । मानिसहरु संग फुर्सतको समयको राम्रो व्यवस्था छ र भक्तिहिन गतिविधिहरुलाई सामान्य भएको देखिन्छ। परमेश्वर स्वर्गबाट तल हेर्नुहुन्छ र तिनीहरुको दुष्टताको सिमा नाघेको देखि रिसाउनुहुन्छ । केहि समयको लागि उहाँले कुनैपनि दण्ड दिन रोक्नुहुन्छ, तर तिनीहरुको भ्रष्टता यति सम्म खराब हुन्छ कि परमेश्वरको धर्यता समाप्त हुन्छ । उहाँले धर्मी लोत र उसको परिवारलाई शहर छोड्न चेतावनी दिनुहुन्छ। त्यसपछि क्रोधको अदभुत प्रदर्शनमा, परमेश्वरले आकाशबाट आगो र गन्दक वर्षाउनुहुन्छ । पुरुष, महिला र बच्चाहरुले एक भयावह मृत्यु भोग्दछन् । सदोम र गमोरा पूर्णरुपमा नष्ट हुँदछ, र परमेश्वरको बदला सन्तुष्ट हुन्छ ।

***"अब, एउटा अर्को उस्तै घटनालाई यो विचार गरेर हेरौं कि परमेशवरले विनाशमा सक्रिय भुमिका निभाउनुहुन्न । कल्पना गर्नुहोस कि यी दुई शहरका आफैमा भरपर्ने बासिन्दाहरु आफ्नो सम्पन्नता र सुखको आनन्द लिइरहेकाछन: अब तेरी बहिनी सदोमको पापचाहिँ यहि थियो : त्यो र त्यसका छो.रीहरु हठी थिए, पेटभरि खान्थे र लापरवाहीमा बस्थे । तिनीहरुले दरिद्रहरुलाई सहायता गरेनन् ।"*** (इजकिएल १६: ४९)

मानिसहरुमा यो चेतना छैन कि तिनीहरका शहरहरु (जो एउटा भौगोलिक रुपमा अस्थिर क्षेत्रमा बनेको छ) भने ज्वालामुखी शक्तिहरुको पैदा भइरहेको छ। तिनीहर यो विषयमा पनि अन्जान छन कि अदृष्य परमेश्वर, जसलाई उनीहरुले इन्कार गरिरहेकाछन, उहाँ त्यही परमेश्वर हुनुहुन्छ जसले उनीहरुलाई अहिलेको समय सम्म विपत्तिहरुबाट बचाउनुभयो । अन्तमा त्यो दिन आउनेछ जतिबेला परमेश्वरले उनीहरुको स्वतन्त्रताको चाहनालाई स्विकार गर्नु पर्दछ । तिनीहरुको स्वतन्त्रताको समर्थन गर्न, उहाँले मन नलागी - नलागी तिनीहरुलाई जान दिनुहुन्छ र तिनीहरुलाई उहाँको नियन्त्रण बाहिरको प्राकृतिक शक्तिबाट बिना रोकावट छाडिदिनु हुन्छ । पृथ्वीको सतहमुनीको टुक्राहरु माथि उचालि रहेको पग्लिने ढुंङ्गालाई हजारौं फिट हावामा फ्याँकी रहेको थियो र **"गन्दक र आगो आकाशबाट परमेश्वरले वर्षाउनुभयो ।"** ( उत्पत्ति १९:२४)

यसरी केहि समयमा नै सदोम र गमोराको विनाश हुँद्छ । दुई शहरहरुलाई परमेश्वरको कार्यले त्यहाँका बासिन्दाहरुलाई साँचो स्वतन्त्रता दिइरहेको थियो र त्यसमा विनाशकारी नतिजाहरुको साथ छनौट गर्ने स्वतन्त्रता पनि समावेश थियो ।

*"आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्धमा साक्षी राख्तछु, कि मैले तिमीहरूका अगि जीवन र मृत्यु, आशिष् र श्राप राखेको छु। अब जीवन नै रोज, ताकि तिमीहरू र तिमीहरूका बालबच्चाहरू जिउन सक, र परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै, उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो। किनकि परमप्रभु नै तिमीहरूको जीवन हुनुहुन्छ, र तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसित*

*उहाँले दिन्छु भनी शपथ खानुभएको देशमा उहाँले तिमीहरूलाई दीर्घायु बनाउनुहुनेछ।"* (व्यवस्था ३० : १९-२०)

रोग बिमार, दुर्घटनाहरु, मृत्यु, र प्राकृतिक प्रकोपहरु धेरै कारणहरुले हुने गर्दछन् । प्रायजसो हामी आफै प्रत्येक्ष रुपमा जिम्मेवार हुन्छौं, कहिलेकाहीँ शैतान र कहिलेकाहीँ उत्तरोत्तर शक्तिको कारण । प्राय : योगदान पुऱ्याउने कारकहरुको केहि संयोजन समावेश हुन्छ । किनकि हामी स्पष्ट रुपमा देख्न सक्दैनौ कि किन त्यो विषेश प्रकारको दु:ख कष्ट घट्न गयो भनेर । हामी यसको दोष परमेश्वरलाई दिने इच्छा गर्छौं । के यो उचित छ ? के यो सुहाउँदो छ ? अरुलाई दोष लागाउने चलन हामीमा लामो समय देखि छ । यो गैरजिम्मेवारी बहन गर्ने चलन कहाँ र कहिलेबाट सुरुभयो ?

*"मानिसले भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।" अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तैंले यो के गरिस्" स्त्रीले भनिन्, "सर्पले मलाई छल गऱ्यो, र मैले त्यो खाएँ।" (उत्पति ३ :१२ -१३)*

*"हे परमप्रभु, तपाईंको कृपा स्वर्गैसम्म फैलिएको छ, तपाईंको विश्वसनीयता आकाशसम्मै। तपाईंको धार्मिकता विशाल पहाड़हरूजस्तै छ, तपाईंको न्याय अगाध समुद्रजस्तै छ। हे परमप्रभु, तपाईंले मानिस र पशुलाई जोगाइराख्नुहुन्छ।"*
(भजनसंग्रह ३६ : ५ -६)

# जलप्रलय के हो ?

नोआको समयमा भएको जलप्रलयको विषयमा के भन्नुहुन्छ ? यदि परमेश्वर विनाशकर्ता हुनुहुन्न भने संसारकै सबैभन्दा ठूलो घटना के कारणले घट्यो ? यो विशाल विश्वव्यापी जलप्रलय हुनको पछाडि के कस्ता कारणहरु छन ? बाइबल र बाइबल बाहिर यस विषयमा सहि पुष्टि गर्नको लागि के कस्ता प्रमाणहरु उपलब्ध छन ? **"तब परमप्रभुले भन्नुभयो मेरमे आत्माले मानिस संग सँधै संर्घष गर्नेछैन, किनभने त्यो मरणशिल हो । त्यसको उमेर १२० वर्षको हुनेछ ।"** सम्भवत्, परमेश्वरले त्यस्तो समयको प्रतिक्षा गरिरहनु भएको थियो जब मानवजातिले उहाँबाट आफैलाई धेरै टाढा राख्नेछन् र परमेश्वरले सम्हालेर राख्नुभएको प्राकृतिक शक्तिहरलाई आफ्नो पकटदेखि छोड्न बाध्य हुनुहुनेछ । हामीलाई अचम्म लाग्दछ कि अन्तत : के कारणवस् परमेश्वरले हुन दिनुभयो । के यसो हुन दिन परमेश्वरको योजनावद्ध निर्णय थियो, कि त्यहाँ अरु नै कसैको हात छ ? कल्पना गर्नुहोस् कि तपाईको छिमेकी छ जो संग धेरै व्यक्तिगत समस्याहरु छ। ऊ आर्थिक तवरमा संघर्ष गर्दछ, धेरै स्वास्थ्य समस्याहरु छन, र घरबाट केहि दुरी मात्र हिँड्न सक्षम छ। मुख्यत्या उ संग कार छैन जसको कारण आफूलाई आवश्यक सरसामान ल्याउन कठिन पर्छ। एकदिन ऊ संगको कुराकानीमा ऊ संग साधन नभएको कुरा तपाईले थाहा पाउनुभयो र पसल लगायत केहि जरुरी ठाउँहरुमा उसलाई पुऱ्याउनको लागि सहयोग गर्नुभयो । केहि महिना पछि तपाईले उसलाई कारमा बसालेर अस्पताल, मेडिकल हुँदै विशाल बजार लैजानुभयो। यो सबै व्यवस्थाले राम्रै संग काम गरिरहेको थियो र उसलाई मदत गर्न पाउँदा तपाई खुशी हुनुहुन्थ्यो। त्यसपछि एक गर्मीको मौसममा त्यहि छिमेकी तपाईको

ढोका अगाडि देखा पर्दछ र उसलाई उत्तेजित देखिन्थ्यो, अनि उसले तपाईलाई शहर हुँदे बैंक सम्म कारमा पुऱ्याइदिन भन्दछ । तपाईले देख्नुहुन्छ कि उसले कागजको झोलामा मखुण्डो र मोजामा पेश्तल राखेको छ । तपाई के गर्नुहुन्थ्यो ? के तपाई उसलाई आफ्नो कारको साँचो दिएर खुशीसाथ आफ्नो घर भित्र पस्नुहुन्छ र साथीलाई तपाईको कारमा चालक बनेर आफ्नो गन्तव्य स्थानमा गएर आऊ भन्नुहुन्छ ? हामी सबैको सिमित सिमा हुन्छ र त्यो नाघ्नको लागि हामी इच्छा गर्दैनौ । यो सिमा नैतिकताको हुनसक्छ, जातित्वको, र व्याक्तिगत समस्याहरुको घेरा हुनसक्छ । के यो संम्भव छैन र  कि परमेश्वर संग पनि एक निश्चित सिमा छ जसलाई उहाँ पार गर्न चाहनुहुन्न वा गर्न सक्नुहुन्न ?

*"पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो। परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट भएको र उपद्रवले भरिएको थियो। जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्ट भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरूले आफ्ना चालचलन भ्रष्ट पारिसकेका थिए। यसकारण परमेश्वरले नोआलाई भन्नुभयो, "सबै मानिसहरूको अन्त्य गर्ने मैले अठोट गरेको छु, किनभने पृथ्वी तिनीहरूद्वारा उपद्रवले भरिएको छ। हेर, म तिनीहरूलाई पृथ्वीसमेत नाश गर्नेछु।* ( उत्पत्ति ६ : ५, ११ -१३)

जलप्रलय हुनअघि हाम्रो संसार कस्तो थियो ? परमेश्वरले नोआलाई देखाउनुभयो कि **"पृथ्वी उनीहरुद्वारा हिंसाले**

**भरिएको थियो ।"** (पद १३ थप गरिएको) मानिसहरुको हिंसाको कारण पृथ्वी हिंसाले भरिएको थियो । त्यो असाधरण हिंसात्मक शक्तिहरु चाँडै आउँदै गरेको प्रलयमा उत्रिनुपर्ने थियो । मानव समाज नैतिक पतनमा परेको थियो : **"अनि परमेश्वरले पृथ्वीमाथि हेर्नुभयो र मानिसहरुको उपद्रले पुरै पृथ्वी भरिएको थियो ।"** यो ऐतिहासिक अन्धकारको समयमा परमेश्वरको वफदार अनुयायीहरु कतिजना थिए ? बाइबलमा नोआ एक्लैलाई मात्र उल्लेख गरेकोछ । के कारणले यस्तो दु:खदायी अवस्था आइलाग्यो ? मानवजातिको विचारहरु निरन्तर **"दुष्ट मात्र थिए ।"** बाइबलले दुष्टको विषयमा कसरी व्याख्या गर्दछ ? जब आदम र हव्वाले ***"असल र खराबको ज्ञानदिने रुखको फल खाए"*** (उत्पत्ति २ : १७) तिनीहरुको सोचमा आएको परिवर्तनले दुष्ट के हो भनि स्पष्टसाथ व्याख्या गर्दछ । हाम्रो प्रेमीलो परमेश्वरको बारेमा हाम्रो प्रथम मातापितामा भएको विकृत दृष्य नै संसारले आज धारण गरेको छ । नोआका समय अघिका हिंस्रक बासिन्दाहरुले कल्पना गरे कि परमेश्वरले उनीहरुको हिंसालाई कसरी सहनु भयो । परमेश्वरको कस्तो प्रतिक्रिया थियो ? ''***यसले उहाँको हृदयलाई दु:खीत तुल्यायो ।"*** (उत्पत्ति ६:६)

मानवजातिले परमेश्वरलाई त्यो सिमासम्म पुग्नको लागि ढकेल्ने काम गऱ्यो, जुन सिमा उहाँ आफै स्वयम सेवकको रुपमा हिंसामा सहभागी नभई पार गर्न असम्भव छ । प्राकृतिक शक्तिमाथि भएको आफ्नो पक्डलाई खुकुलो पार्न परमेश्वर बाध्य हुनुभयो । जब १२० वर्षको अवधि समाप्त भयो, र जहाज भित्र यात्रुहरुले सुरक्षितसाथ प्रवेश पाए, अनि पानी पर्न सुरुभयो, चालिस दिन र चालिस रात पृथ्वीमा पानी पऱ्यो । यस्तो ठूलो जलप्रलयको कारण के थियो ? उत्पत्तिको पहिलो अध्यायमा हामी मह्त्वपूर्ण

संकेतहरु भेटाउँछौं : *“अनि परमेश्वरले भन्नुभयो, “पानीका बीचमा एक क्षेत्र होस्, र त्यसले पानीलाई दुई भाग गरोस्।” परमेश्वरले सो बनाएर क्षेत्रमुनिको र माथिको पानीलाई अलग-अलग गर्नुभयो। तब त्यस्तै भइहाल्यो। परमेश्वरले यस अन्तरिक्षलाई आकाश भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो– दोस्रो दिन।”*

(**उत्पत्ति** : १: ६ -८) अन्तरिक्षा भनेको के हो ? अन्तरिक्षा भनेको बिस्तार हो। एउटा खाली ठाउँ। त्यो खाली भाग भन्नाले पृथ्वीलाई ढाकेको, आकाश, अथवा वायुमण्डललाई जनाउँछ। बाइबलको यो खण्डले हामीलाई त्यो खाली वा शून्य भागलाई यसरी व्यख्या गर्दछ कि त्यसले पानीलाई दुई भाग गर्दछ र आदी पानी आकाशमा ( वायूमण्डलमाथि) र आदी पानी जमिनमा वायुमण्डलिय पानीको वाफको विशाल आवरणले सम्पूर्ण पृथ्वीलाई एउटा विशाल हरितग्रहले ढाकेको छ, जसले हाम्रो संसारलाई उत्तरी ध्रुव देखि दक्षिण ध्रुव एक समान र हल्का उष्ण प्रदेशिय जलवायु प्रदान गरेको छ। न्यानो जलवायु बोटविरुवा र जनवारहरुको जीवाश्माका बाँकी अंश ध्रुवीय क्षेत्रहरमा भेटिएको छ जुन हाम्रो ग्रहमा त्यस्तो मौसम कुनै समय थियो भन्ने प्रमाण दिंदछ । बाइबलले ती पहिलेको पृथ्वीको मौसमको बारेमा अर्को महत्त्वपूर्ण संकेत पनि दिएको छ।

*“आकाश र पृथ्वीका सृष्टिको वृत्तान्त यही हो। परमप्रभु परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभएको दिन भूमिमा एउटै पनि वनस्पति थिएन, र भूमिमा कुनै घाँसपात पनि उम्रेको थिएन, किनभने परमप्रभु परमेश्वरले पृथ्वीमा पानी*

*बर्साउनुभएको थिएन र भूमि खनजोत गर्न कुनै मानिस पनि थिएन। तर पृथ्वीबाट खोलाहरू निस्की उठेर समस्त भूमिलाई भिजाउने गर्थे।"* ( उत्पत्ति २ : ४ -६)



यी पदहरुले हामीलाई आजको परिचित संसार भन्दा धेरै भित्री संसारको सुझाव दिन्छ । **"किनभने परमप्रभु परमेशवरले पृथ्वीमा पानी वर्षाउनु भएको थिएन तर पृथ्वीबाट खोलाहरु निस्कि उठेर समस्त भुमिलाई भिजाउने गर्थ्यो ।"** पृथ्वीमा ओसिलो अनि न्यानो असाधरण किसिमको मौसम थियो, तापमानमा कुनै अचानक परिवर्तन हुँदेन थियो । यस्तो प्रकारको मौसममा त्यहाँ आँधीवेहरी, हुरी, बतास, असिना, हिउँ र स्पष्ट रुपमा वर्षा हुँदैनथ्यो । यो पनि सम्भव छ कि पृथ्वीको सतह पनि आजको भन्दा धेरै समतल थियो, पहाड र गहिरो समुद्री घाटीहरु बिनाको थियो । थप रुपमा भन्नुपर्दा, पृथ्वीको  सतहलाई धेरै कम पानीले ढाकेको थियो ।

के कारणले सबै पानी वायूमण्डमा थुप्रिएको थियो, र जलप्रलय हुन सक्ने त्यहाँ के संयन्त्र थियो ? साधरण अवलोकनद्वारा हामी जान्दछौं तातोले पानीलाई माथि उठाउँछ, कितलीमा पानी तताउँदा जब बाफ बन्दछ त्यसले कितलीको ढकनलाई माथि उचाली पानी बाफको रुपमा माथि जाँदछ ।

हाम्रो पृथ्वीमा पानीका स्रोतहरुले हरेक दिन पानीको अणुहरुको ठूलो मात्रा उत्पादन गर्दछ । जति धेरै तापकम बढायो त्यतिनै छिटो त्यो बाफ मार्फत बाहिर निस्कन्छ । तुलनात्मक रुपमा जाडो मौसममा चिसिएको तालको पानीबाट गर्मी मौसमको भन्दा धेरै कम मात्रामा बाफमा परिणत भई पानीको अणु बन्दछ । के हुन्थ्यो होला यदि जलप्रलय आउन अघि त्यहाँ तापकमको

शक्ति धेरै भएको भए, के त्यसबाट वायुमण्डलमा पानीको मात्रा बढ्न झनै सहयोग हुने थिएन र ? हाम्रो पृथ्वीले यसलाई चाहिने सम्पूर्ण तातो शक्ति सूर्यबाट प्राप्त गर्दछ । यो बिना हाम्रो संसार अधिकतम बाफमा परिणत हुनेछ र यसको सतहको तापक्रम शून्यमा रहनेछ ।

जब परमेश्वरले हाम्रो संसारलाई सृष्टि गर्नुभयो, उहाँले वायुमण्डलमा प्रशस्त मात्रामा पानी निलम्बन गर्न सक्ने अचम्मको उर्जा प्रणाली संचालन गर्नुभयो । यस प्रणालीको संचालनमा सूर्य एउटा प्रमुख संयन्त्र हुने थियो । यो पनि विश्वास गर्न सकिन्छ कि जलप्रलय अघि सूर्यले पृथ्वीमा दिने तापक्रमको मात्रा आजको संसारको भन्दा बढि थियो । यदि यो सत्य हो भने यो विश्वास गर्न पनि उचित छ कि जब देखि परमेश्वरले प्राकृतिक सूर्य शक्तिमाथिको नियन्त्रणको पकडलाई बाध्यकारी रुपमा छोड्नुभयो, सूर्यको उर्जा उत्पादकत्व क्षमतामा ह्रास आयो ।

वायुमण्डलमा रहेको सन्तुलन बिग्रियो र “नोआको जीवनको ६०० वर्षको दोस्रो महिनाको सत्रौं दिनमा ठूला ठूला आगाधका सब मूलहरु फुटे, र आकाशका द्वारहरु खुले । अनि चालिस दिन र चालिस रातसम्म पृथ्वीमा पानी परिरहयो । इतिहासकै पहिलो वर्षा बर्षिन सुरुभयो, अन्तत : हजारौं घन किलोमिटर पानी पृथ्वीमा पऱ्यो । भुगर्भीय अस्थिरताले वायुमण्डलीय अस्थिरतालाई निम्त्यायो जसको कारण भुमिगत जलाशयहरुमा पानीको चाप बढ्यो ।” ***“ठूला -ठूला अगाधका सब मूलहरु फुटे, र आकाशका द्वारहरु खुले ।”*** (उत्पत्ति ७ : ११)

यी झरनाहरुले बाढीको पानीलाई थप योगदान पुऱ्यायो । बाढीबाट मात्र आठ जना मानिसहरु बाँच्न सफल भए । नोआ र उसको परिवार । त्यस ठूलो जहाजमा विभिन्न जातिका पशुपंक्षीहरु

पनि सवार थिए ताकि तिनीहरुबाट नै फेरि पशुपंक्षीहरुको वृद्धी गर्नुपर्ने थियो । अहिले पनि त्यो जहाजको भङ्गनाअवशेषहरु पुर्व टर्कीको सानो शहर डोगुबाथाजित नजिकै रहेको राष्ट्रिय निकुञ्जमा सुरक्षित छन् । अरारातको पहाडमा भएको यो असाधरण पुरातात्विक अन्वेषणले त्यो बाइबलमा उल्लेख गरिएको विवरण एक विश्वव्यापी प्राकृतिक प्रकोप कल्पित कथा नभई भरपर्दो इतिहास हो भनेर ठूलो प्रमाण दिंदछ ।

*“अनि पानी पृथ्वीमा लगातार घट्दैगयो। एक सय पचास दिन बितेपछि पानी घट्यो। सातौँ महिनाको सत्रौँ दिनमा जहाज आराराातका पहाड़हरूमा अड़ियो।”* (उत्पत्ति ८ : ३ -४)

# क्रुसको गवाही

हामी पुरानो नियममा परमेश्वरको कार्यहरुबाट निश्चित हुन्छौं कि उहाँले जस्तोसुकै परिस्थितिमा पनि विनाश गर्नुहुन्न । यधपि, पापीलाई नष्ट गर्न परमेश्वर उनको नजिक आउनुहुन्न भन्ने स्पष्ट प्रमाण हामी नयाँ नियममा पाउँछौं । येशू हाम्रो लागि क्रुसमा मर्नुभयो भन्ने विश्वास बाइबलीय विधार्थीहरुमा यो विश्वव्यापी धारणा छ, यधपि, येशूको मृत्युले हामीलाई कसरी बचाउँछ भन्ने सवालमा त्यहाँ भिन्न मतहरु छन् । त्यसैगरि धेरैजसो मानिसहरु यो विश्वास गर्छन कि जब येशू क्रुसमा मर्नुभयो त्यो हाम्रो खातिर उहाँको खुशीको बलिदान थियो, र हामीले गर्नुपर्ने अनुभव उहाँले गर्नुभयो । यदि यो सत्य हो भने, तब हामी यो आशा गर्न सक्छौं कि येशूको मृत्यु पनि त्यस्तै थियो जस्तो भुमिका परमेश्वरले हाम्रो मृत्युमा निभाउनुहुन्छ । यदि हामी परमेश्वरले पापीको विनाश गर्नुहुन्छ भनि ठान्छौं भने, हामी यो अपेक्षा गर्नेछौं कि येशूलाई नष्ट गर्नको लागि परमेश्वर पिता उहाँको नजिक आउनुभयो । के बाइबलले हामीलाई यस्तै सिकाउँदछ ? मत्तीको सुसमाचारले हामीलाई येशूको बलीदानको विषयमा विस्तृत जानकारी दिँदछ । मृत्युको मुखमा येशूको अन्तिम शब्द के थियो ?

***"हे मेरो परमेश्वर, हे मेरा परमेश्वर तपाईले मलाई किन त्याग्नुभयो ?"*** (मत्ती २७ : ४

यस पदले हामीलाई येशू कसरी मर्नुभयो भनि बताउँदछ । परमेश्वर पिताले उहाँको पुत्र येशूलाई त्यहि अनुभव गर्न अनुमति दिनुभयो जुन यस संसारको प्रत्येक व्याक्तिले गर्छन, जब उनीहरुले परमेश्वरको प्रेमलाई इन्कार गर्दछन, तब अन्तमा सबैले यस्तो अनुभव गर्दछन् । जुन हो जीवन दिनुहुनेबाट अलग । परमेश्वर

पिताले येशूको हत्या गर्नुभएको थिएन, तर हाम्रो पापको कारणले उहाँ मर्नुभएको थियो । ***"पापको ज्याला मृत्यु हो ।"*** (रोमी ६ : २३)



मृत्युको कारक हुनुमा पाप आफै पूर्णरुपमा सक्षम छ, परमेश्वरको बिना सहायता । कुनै विवाद बिना जीवन दिनुहुने परमेश्वर हुनुहुन्छ । त्यस्तै सबै मृत्यु पापको परिणाम हो । त्यसमा कुनै विवाद छैन । मृत्युको स्रोत परमेश्वर हुनुहुन्छ भनि सोच्नु त्यो तर्क बिनाको हुनेछ, र यसमा कुनै बिवाद छैन ।

प्रत्येक दुःख कष्ट र विनाशको सम्बन्धमा परमेश्वरमाथि लगाइएको आरोपहरुलाई यो सानो खण्ड तथा पुस्तकमा जाँच गर्नु सम्भव छैन । यधपि, हामीले मृत्युमा र बाइबलमा भएको प्रकोपहरुको सम्बन्धमा गरिएको सानो अध्यायहरुको जाँचले परमेश्वरले खेल्ने भुमिकाहरुको बारेमा जान्न विशेष मद्धत गर्दछ । बाइबलले नै बाइबलको उल्था गर्दछ । जब कुनै बाइबलका विशेष अध्याय वा पदले परमेश्वरको स्पष्ट भुमिका बुझ्नको लागि बाइबलले त्यहाँ ढाकिएको पर्दालाई हटाउँदछ भने, हामीले त्यहि तरिकालाई एउटा साँचो (चाबी) को रुपमा बाइबलका अरु अफ्ठेरा खण्डहरुलाई बुझ्नको लागि प्रयोग गर्न सकिन्छ । (जस्तै जब कुनै बाइबलका पदहरु एक आपसमा विवादित हुन्छन) अझ भन्नुपर्दा, आफ्नो बारेमा परमेश्वरको आफ्नै शब्दहरुलाई हामीले विशेष ध्यानमा राख्नुपर्दछ । उदाहरणको लागि ***"म परमेशवर कहिल्यै परिवर्तन हुँदिन ।"*** (मलाकी ३ : ६) अन्तमा येशूले व्याक्त गर्नुभएको परमेश्वर बारेको सत्यता जुन उहाँले सिकाउनुभयो त्यो एउटा सहि दिशा निर्देश, हुनसक्छ सारा बाइबलका उत्पत्ति देखि प्रकाशको पुस्तक सम्म दिशा निर्देश, गर्नको लागि ।*"र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, सबै सन्तहरूसँग चौडाइ, लमाइ,*

*उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।"* (एफिसी ३ : १७ - १९)

# परमेश्वर क्रूर शासक हुनुहुन्न

कहिले ननिभ्ने नर्कको आगोको सिद्धान्त परिचित हुने पाठक मित्रहरुको लागि यहाँ खुशीको खबरछ। बाइबललाई  राम्रो संग पूर्णरुपमा अध्ययन गर्दा यो सिद्धान्तलाई समर्थन गर्दैन। बाइबलले मृत्युलाई एउटा विहोसको अवस्था संग व्याख्या गर्दछ। यो एउटा लामो निन्द्रा जस्तो हो जुन अवस्था येशूको आगमनमा पुनरुत्थानको समयसम्म रहनेछ। त्यसपछिको समय, ती जसले परमेश्वरको मिलापलाई इन्कार गरेका छन् तिनीहरु प्राकृतिक नतिजाको रुपमा सदाको लागी हराउनेछन् र तिनीहरुको अस्तित्व फेरी रहनेछैन्।

कहिल्यै ननिभ्ने नरकको आगोको विषयमा बाइबलिय आधार भेटाउनको लागी हामीले बाइबलमा साङ्केतिक रुपमा भनेको कुराहरुलाई जस्ताका त्यस्तै लिनु पर्ने अवस्था आउँछ। तर त्यसको साङ्केतिक अर्थ पनि छ र त्यस्तै दुरुस्तै अर्थ पनि छ। दानिएलको पुस्तकमा, जब नबूकदनेसरले शद्रक, मेसक र अबेदनेगोलाई दन्केको आगोको भट्टीमा हालिदिए, त्यो साँचिकै आगो नै थियो।  जब पानीको बत्तिसमा दिने यहुन्नाले भने कि जब येशू आउनुहुनेछ उहाँले पवित्र आत्मा र आगोले बप्तिसमा दिनुहुनेछ, यहाँ उनले साङ्केतिक आगोको बारेमा भनेका थिए। उनले यहाँ आगो शब्दलाई लाक्षणिक (रुपकिय) रुपमा प्रयोग गरेका छन्।

***"हाम्रो परमेश्वर भस्म पार्ने आगो हुनुहुन्छ"*** *(हिब्रु १२ : २९)* र

***"परमेश्वर प्रेम हुनुहुन्छ"*** *(१यूहन्ना ४: १६)* यहाँ दिइएको दुई भिन्न अर्थ लाग्ने वाक्याशं एक अर्कामा विवादित छन ? यदि हामीले आगोलाई मौलिक रुपमा लियौ भने विवादित हुन जान्छ। आगो

भनेको एक रसायनिक प्रतिक्रया हो । के परमेश्वर रसायनिक प्रतिक्रया हुनुहुन्छ ? त्यसैले माथिका यी दुई वाक्याशहरु एक आपसमा साझेदारी छन् यदि हामीले व्यक्तिमा परमेश्वरको प्रेमको असरलाई बुझ्न सक्यौ भने । परमेश्वरको प्रेमले स्वार्थलाई भस्म पार्दछ । स्वार्थ साँचो प्रेमको विपरित हो । यदि हामी परमेश्वरको प्रेमलाई हाम्रो जीवनमा राख्न चाहान्छौ भने, त्यही प्रेम हामी भित्र आई हाम्रो हृदय भित्रको स्ववर्थीपनालाई भस्म पार्दछ। यो उउटा जीवन दिने अनुभव हो । यदि हामी परमेश्वरको प्रेमको प्रतिरोध गर्दछौ भने र आफनै स्वार्थको लागि टाँसिएर बस्छौ भने, त्यहि प्रेम पीडाको स्रोत बन्न जादँछ । र हामी यस बाट टाढा हुन चाहान्छौं र परमेश्वरबाट लुक्ने प्रयास गर्नेछौ । आदम र हव्वाको पनि त्यहि अवस्था भएको थियो जब यिनीहरुले शैतानले परमेश्वरको बारेमा बोलेको झुटमाथि विश्वास गरे । यसरी बुझ्नुहोस, हामी परमेश्वरको प्रेमलाई एक भस्म पार्ने आगोको रुपमा देख्नसक्छौ ।

येशूले भन्नुभएको धनी मानिस र लाजरसको दृष्टान्तलाई कहिलेकाहिँ यो नरकको सिद्धान्तलाई समर्थन गर्नको लागि प्रयोग गर्ने गर्दछन् । *“एक जना धनी मानिस थियो, जो बहुमूल्य वस्त्र र मिहीन मलमल लगाएर दिनहुँ मोजमज्जामा बस्तथ्यो। उसको ढोकामा लाजरस नाउँको एक जना गरीब मानिसलाई ल्याएर राखिदिन्थे। त्यो घावैघाउले भरिएको थियो। त्यस धनी मानिसको टेबिलबाट झरेका टुक्राटाक्री खाएर लाजरसले आफ्नो पेट भर्ने इच्छा गर्थ्यो। कुकुरहरूले पनि आएर त्यसका घाउहरू चाट्थे। “त्यो गरीब मानिस मऱ्यो, र स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको साथमा राखे। त्यो धनी मानिस पनि मऱ्यो*

र गाडियो। नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो र टाढ़ामा अब्राहाम र उनको साथमा लाजरसलाई देख्यो। अनि उसले कराएर भन्यो, 'हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औँलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदेओस्, किनकि म यस ज्वालामा भयङ्कर वेदना पाइरहेछु।' "तर अब्राहामले भने, 'छोरो, याद गर्, तैंले आफ्नो जीवनकालमा असल-असल कुराहरू भोग गरिस्, र त्यसै गरी लाजरसले दुःखैदुःख भोग्यो। त्यो अब यहाँ आराममा छ, र तँचाहिँ कष्टमा छस्। यी सबै कुराबाहेक यहाँबाट तँकहाँ पारि जान खोज्नेहरू जान नसकून् र त्यहाँबाट यहाँ हामीकहाँ वारि आउन पनि नसकून् भनेर हामीहरू र तिमीहरूका बीचमा एउटा अति गहिरो धाँदो छ।' "उसले भन्यो, 'पिता, यसैकारण म तपाईंलाई बिन्ती गर्दछु, तपाईंले त्यसलाई मेरा बाबुको घरमा पठाइदिनुहोस्, किनभने मेरा पाँच भाइ छन्, र त्यसले तिनीहरूलाई चेताउनी देओस्, नत्रता तिनीहरू पनि यस कष्टको ठाउँमा आउलान्।' "तर अब्राहामले भने, 'तिनीहरूका साथमा मोशा र अगमवक्ताहरूका पुस्तक छन्। तिनीहरूले ती सुनून्।' "तर उसले भन्यो, 'होइन, पिता अब्राहाम, मरेकाबाट कोही एक जना तिनीहरूकहाँ गयो भनेता तिनीहरूले पश्चात्ताप गर्नेछन्।' "उनले उसलाई भने, 'मोशा र अगमवक्ताहरूका कुरा तिनीहरूले

*सुन्दैनन् भने, मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्'।"*

(लुका १६ : १९-३१ )

स्वार्थ र उदासीनताले व्याक्तिमा परेको असरलाई बुझाउनको लागि येशूले यो दृष्टान्त भन्नुभएको थियो । येशूले आत्मधर्मी फरिसीहरुलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो, र उहाँले यस दृष्टान्तमा मृत्युपछिको जीवनसंग सम्बन्धि सामान्य गलत धारणा बोकेका मानिसहरुलाई समेट्नुभयो । फरिसीहरुले धनसम्पतिलाई परमेश्वरको आशिष भनि जोड् दिंदथे । तिनीहरुको विचारमा गरीब मानिस विशेष गरि जो शारीरिक रुपमा असक्त छन तिनीहरुलाई सराप ठान्थे र यी हुनुमा व्याक्तिको आत्मिक कमजोरी वा पापको कारणले यो सबै भोग्नु पर्दछ भनि ठान्दथे । त्यसैगरि धनि मानिसलाई परमेश्वरको विशेष आशिषको रुपमा लिन्थे । फरिसीहरुको अनुसार व्याक्तिको धनसम्पति र पदले ऊ परमेश्वरको नजरमा धर्मी छ भन्ने कुरालाई मापन गर्दथ्यो । त्यसैले येशूले यो दृष्टान्तमा तिनीहरुको सङ्कुचित र कुर बिचारलाई झुटो सावित गर्दै पर्दाफास गर्नुभयो ।

हामी पहिला कथाको केहि विवरणलाई हेर्नेछौं । लाजरस जो एक गरीब भिखारी थिए र आफ्नो मृत्यु पछि उनले आफूलाई आनन्दसंग **"आब्राहामको साथमा"** पाउँदछन । धनी मानिस पनि मर्यो र नरकमा कठोर कष्ट भोगिरहेको थियो र उसले नजर उठाएर माथि हेर्‍यो र टाढामा आब्राहाम र उनको साथमा लाजरसलाई देख्यो । अनि धनी मानिस र पिता आब्राहामको बीचमा कुराकानी हुँदछ । अब हामी केहि विचारशिल प्रश्नहरुको साथमा यो कथालाई ध्यान दिएर जाँच गरौं ।

- कथामा आब्राहाम र लाजरस कहाँ छन् ?
- यदि आब्राहाम र लाजरस स्वर्गमा छन भने, आब्राहाम र नरकमा रहेको धनी मानिस बीच कुराकानी गर्न कसरी सम्भव छ, र त्यो धनी मानिसले स्र्वमा रहेको आब्राहाम र लाजरसलाई देख्न कसरी सम्भव छ ?
- यदि आब्राहाम र लाजरस नर्कमा छन भने तिनीहरु त्यहाँ के गरिरहेको छन ?
- यदि आब्राहाम नत स्वर्गमा छन नत नर्कमा नै छन, भने उनी कहाँ छन ?
- नरकको आगोमा कष्ट भोगिरहेको मानिसलाई अलिकति पानीको थोपा जिब्रोमा पर्दा कतिको आराम मिल्छ ?
- के लाजरसले धनी मानिसलाई नरकमा कष्ट भोगेको देख्न र उसको अनुरोधलाई सुन्न सक्छ ?
- कसरी लाजरसलाई आब्राहामको साथमा आनन्द मिलिरहन्थ्यो ?
- के धनी मानिसले भोगेको कष्टको स्पष्ट चेतावनीको बावजुद पनि वा त्यसैको कारणले गर्दा लाजरस आनन्दित थिए ?
- अहिले तिनीहरु दुई बीचको अवस्था उल्टिएको छ र के लाजरसलाई धनी मानिस प्रतिको कठोर उदासीनता बढाउन प्रोत्साहन मिल्दछ ?
- ती दुई स्थानहरु बीच यात्रा गर्न रोक्ने त्यो "महान खाडी" कतिको फराकिलो छ ?
- नरक, लाजरस र आब्राहामको स्थानहरु बीचको कुराकानी रोक्नको लागि त्यो खाडी कतिको फराकिलो हुन आवश्यक छ ?
- माहान खाडीको आरामदायी छेउमा बस्नेहरुले नरकमा सास्ती भोगिरहेकाहरुलाई तिनीहरुको कष्टलाई रोक्न यो खाडीको दुरी

कतिको हुन आवश्यक छ ? तीन सय गज ? तीन सय माईल ? के यो ब्राह्मण्डको क्षेत्र यतिमा मात्र सिमित छ होला ?

- के यो उचित निश्कर्ष हुनेछ कि येशूले यो धनी मानिस र लाजरसको दृष्टान्तमा नरकको सन्दर्भलाई जोडनुको कारण उहाँले अनन्तसम्म जलिरहने नरकको आगोको सिद्धानतलाई समर्थन गर्नु हो ?



के येशूले यो दृष्टान्तमा अनन्त जल्ने नरकको धारणा ल्याउनुको कारण यो राक्षसी सिद्धानतलाई समर्थन गर्नको सट्टा हटाउनको लागि हो भन्दा अझ उचित निश्कर्ष हुनेछ जस्तो लाग्दैन ? येशूले सिकाउँदै हुनुहुन्थ्यो कि यदि यो ब्राह्मण्डमा कहिँ त्यस्तो साँचैकै नरक भएको भए, अनन्त जीवन जीउने मानिसहरुका लागि त्यो पूर्ण शान्ति र साँचो आनन्द प्राप्त गर्न असम्भव हुनेछ । अनन्त नरकको सिद्धान्त शैतानको झुट हो, जसले हाम्रो कोमल, दयालु, प्रभावशिल र मायालु परमेश्वरलाई नराम्रो अत्यचारीको रुपमा देखाउने गर्दछ र हामीलाई स्वर्गमा बस्नुहुने हाम्रो पिताबाट टाढा लैजाने प्रयत्न गर्दछ । त्यहाँ कहिले पनि अनन्त नरकको स्थान हुनेछैन । बरु बाइबलले यो सिकाउँदछ कि, त्यो दिन आउँदैछ जब सबै दु:ख कष्टहरु सदाको लागि अन्त हुनेछ ।

*"सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।"* (प्रकाश २१ : ३ -४)

धेरै जसो मानिसहरु अनन्त जीवनको अवस्थालाई लिएर प्रश्न गर्दछन । अनन्त जीवन जीउँदा हाम्रो शरीरको रुप कस्तो हुन्छ होला ? के हामीले पाउने नयाँ शरीर अहिलेको हाम्रो मानव शरीर जस्तो हुनेछ वा हाम्रो अस्तित्व शरीर बिनाको हुनेछ ? अनि हाम्रो आत्मा के हो ? हामी बाइबलमा केहि पदहरुलाई हेर्नेछौं । ***"तब परमप्रभु परमेश्वरले भुमिको माटोबाट मानिस बनाउनुभयो र तिनको नाकमा जविनको सास फुकिदिनुभयो र मानिस जीवित प्राणी भए ।"*** (उत्पत्ति २: ७) ***"जुन प्राणले पाप गर्छ त्यहि मर्दछ ।"*** (इजिकिएल १८ : ४)

**"हाम्रो जीवनलाई जीवनको श्वास"** वा आत्मा चाहिन्छ जुन परमेश्वरबाट आउँछ । हामी संग छुट्टै जीवित आत्मा छैन । हामी प्रत्येक जीवित आत्मा हौं । हाम्रो आत्मा अविनाशी वा मर्दैन भन्ने विश्वासलाई बाइबलले समर्थन गर्दैन । खीष्टको दोस्रो आगमनमा हाम्रो असिद्ध शरीरहरु ***"आँखाको एक निमेसमा"*** **सिद्धतामा परिणत हुनेछ ।** (१ कोरिन्थी १५ : ५२) ***"पापको ज्याला मृत्यु हो ।"*** (रोमी ६ : १८)

परमेश्वरको बचनमा काहिँ पनि मृत्युलाई मृत्यु बाहेक अरु केहि भनेर वर्णन गरिएको छैन । बाइबलको सम्पूर्ण पदहरुलाई सहि ढंगले बुझ्ने हो भने, यो स्पष्ट हुन्छ कि, मृत्यु पापको नतिजा हो । तर यसलाई एउटै आवाजले उल्टो अर्थ लगाउँदछ त्यो हो सर्प । ***"सर्पले स्त्रिलाई भन्यो, "तिमीहरु मर्दैनौ ।"*** (उत्पत्ति ३ :४)

***"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"*** (यूहन्ना ३: १६)

नाशहुने भन्ने शब्दले अस्तित्व नरहने अवस्थालाई बुझाउँदछ । यसको अर्थ यो होइन कि, कुनै ठाउँमा पुगेर सतावट भोगिरहेको अवस्था हुनेछ । *"त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा परेका छन्, तर तिनलाई निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु।" चेलाहरूले उहाँलाई भने, "प्रभु, तिनी निद्रामा परेका छन् भने तिनी निको हुनेछन्।" येशूले तिनको मृत्युको विषयमा भन्नुभएको थियो, तर तिनीहरूले चाहिँ स्वाभाविक निद्राको विषयमा भन्नुभएको हो भन्ठाने। येशूले तिनीहरूलाई स्पष्ट भनिदिनुभयो, "लाजरस मरेका छन्।"* (यूहन्ना ११ : ११-१४) येशूले मृत्युलाई निन्द्रासंग तुलना गर्नुभयो, किनभने परमेश्वरले मानिसलाई मृत्युबाट ब्यूँताउन सक्नुहुन्छ । जब येशूले चिहानमा चारदिन रहेपछि लाजरसलाई जीवित पार्नुभयो, त्यसबेला लाजरसलाई स्वर्गबाट बोलाइएको थिएन । उसलाई बेहोस मृत्यु अवस्थाबाट ब्यूँझयाइएको थियो ।

***"जब तिनीहरुको आत्मा निस्कन्छ, तिनीहरु माटोमा मिलिहाल्छन् । त्यहि दिन तिनीहरुको योजनाहरु पनि नष्ट हुन्छन् ।"*** (भजनसंग्रह १४६:४)

मृतकको अवस्थामा हाम्रो सोचबिचारले कुनै ठाउँमा गएर फेरि निरन्तरता पाउनेछैन ।***"मृत्युमा तपाइको सम्झना हुँदैन, पातालमा कसले तपाइको प्रशंसा गर्न सक्छ र ?"*** (भजनसंग्रह ६ : ५)

***"किनभने हामीहरु मर्नेछौं भनि जीवितहरुले जान्दछन, तर मरेकाहरुले त केही पनि जान्दैनन् ।"*** (उपदेशक ९: ५)

जब हामी मर्दछौं सबै सज्ञानात्मक कार्यहरु त्यस बखत रोकिन्छन्, साथै हाम्रो सबै सम्झनाहरु पनि लोप हुँदछ ।

पुनरुत्थानको समय त्यस बखत आउनेछ, जब हामीले अन्तिम सास लिनेछौं ।

*"किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन् ।"*
(१ थेसलोनिकी४ :१६)

यो पुनरुत्थान येशूको दोस्रो आगमनमा हुनेछ ।

***"हेर, म चाँडै आउँदैछु । हरेक मानिसलाई उसले गरे अनुसार दिने प्रतिफल म संग छ ।"*** *(प्रकाश २२ : १२)*

येशू ख्रीष्टको आगमन नहुन्जेलसम्म हामीले हाम्रो आनन्दको इनाम पाउनेछैनौं ।

*"अनि धन्य र सर्वोच्च, राजाहरूका महाराजा, प्रभुहरूका महाप्रभुले उचित समयमा ख्रीष्टको आगमनलाई प्रकट गर्नुहुनेछ। उहाँमा नै अमरत्व छ, र उहाँ त्यस ज्योतिमा वास गर्नुहुन्छ जसको नजिक कोही जान सक्दैन। उहाँलाई कुनै मानिसले कहिल्यै देखेको छैन न देख्न सक्छ। उहाँलाई नै आदर र पराक्रम सदासर्वदा होस्। आमेन।"* (१ तिमोथी ६ :१५-१६)

परमेश्वर मात्र अमर हुनुहुन्छ । हामी छैनौं ।

*"हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, एकै क्षणमा, आँखाको एक*

*निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।"*
(१ कोरिन्थी १५ : ५१ -५४)

हामी भित्र र आफैमा अमरत्व छैन । हाम्रो अमरत्व केवल परमेश्वरसंग जीवित सम्बन्धको माध्यमबाट मात्रै सम्भव छ : **"यो मरणशिलले अमरत्व धारण गर्नुपर्ने छ"** पावलले पनि भन्नुहुन्छ, **"हामी सबै निदाउँदैनौं ।"** तिनीहरु जो ख्रीष्टको आगमनमा जीवित रहनेछन् । तिनीहरुले मृत्यु भोग्ने छैनन् ।

*"ब्वाँसोचाहिँ थुमासित बस्नेछ, र चितुवा पाठासित सुतेर बस्नेछ। बाछा, सिंह र एक वर्षे पशु एकैसाथ रहनेछन्, र एउटा सानो बालकले तिनीहरूलाई डोऱ्याउनेछ। गाई र भालू एकैसाथ चर्नेछन्, र तिनीहरूका बच्चाहरू एकैसाथ ढल्केर बस्नेछन्। र सिंहले गोरुले झैँ पराल खानेछ। दूधे-बालकले गोमन सर्पको कुरको नजिक खेल्नेछ, र भर्खर दूध छोड़ेको बालकले विषालु सर्पको दुलोमा आफ्नो हात हाल्नेछ। तिनीहरूले मेरा सबै पवित्र पर्वतमा न त केही हानि न नोक्सानी गर्नेछन्, किनकि समुद्र पानीले भरिएझैँ पृथ्वी परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ ।"*
(यशैया ११ : ६ -११)

नयाँ पृथ्वीमा परमेश्वरले सृष्टि गर्नुभएको सबै कुरा अदनको बगैंचाको पूर्णतामा पुर्नस्थापित गरिने छ। एउटा जनावरले अर्को जनावरलाई बाँच्नको लागि आर्कमण गर्नेछैन, र त्यहाँ यस्तो कुनै प्राणी हुनेछैन जसले मानिसलाई घात पुऱ्याउनेछ । त्यहाँ डर हुनेछैन, कष्ट हुनेछैन, र फेरि कहिल्यै मृत्यु हुनेछैन । *"उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।"* (प्रकाश २१ : ४)

# हाम्रो सृष्टिकर्ता र पालनहार

***"आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।"*** (उत्पत्ति १ : १)

सबै साँचो बिज्ञानको जग यहाँ पाइन्छ । परमेश्वरले हाम्रो संसारलाई बनाउनुभयो । परमेश्वरले हामीलाई बनाउनुभयो । हामी बिकाशक्रमको नतिजा होइनौं । हाम्रो अस्तित्व हुनको पछाडि परमेश्वरको पवित्र उद्देश्य रहेको छ । यधपि, आज हाम्रो संसार दर्शनशास्त्रले संतृप्त भएको छ, जसले परमेश्वरको स्पष्ट बचनको कथनलाई विरोध गर्दछ । परमेश्वरलाई पर सार्ने उद्देश्यमा नास्तिकवादले बिज्ञानलाई अपहरण गर्ने प्रयास गरेको छ । यस दर्शनले एक शताब्दी भन्दा बढि समयदेखि बिज्ञानलाई गला दबाउने काम गर्‍यो । सृष्टिमा आधारित बिज्ञानलाई समर्थन गर्ने प्रमाणहरुको मात्रा खोज्नु यो सानो पुस्तकको दायरा भित्र छैन किनकि यस विषयसंग सम्बन्धित त्यहाँ धेरै राम्रा पुस्तकहरु छन् । यधपि, परमेश्वरको अस्तित्वको बारेमा आज एउटा युद्ध चलिरहेको छ । त्यहाँ धेरै लेखक र ठुला - ठुला अनुयायीहरुको साथ पाएको वक्ताहरु छन् जो परमेश्वरलाई टाढा राख्ने उद्देश्यमा लागेका छन् । यो कस्तो अभियान हो र किन धेरै मानिसहरुले परमेश्वरलाई इन्कार गर्दछन ?

त्यहाँ धेरै इमान्दार मानिसहरु छन जसले परमेश्वर प्रति निरन्तर रुपमा गलत धारणा राख्दछन् । परमेश्वरको प्रेमको बारेमा सुन्ने जमातको वृद्धि हुँदै गएको छ, केवल एक प्रेमीलो परमेश्वरको तस्बिरलाई विवादास्पद तस्बिरले प्रभावकारी रुपमा व्यवस्था गरेको छ जसले उहाँलाई सजिलै बदला लिने क्रोधित ईश्वरको रुपमा चित्रण गर्दछ । र यो पनि भन्दछन कि, परमेश्वरले आफ्ना शत्रुहरु माथि मृत्यु, विनाश, प्राकृतिक विपत्ति र अनन्त यातना दिएर

बदला लिनुहुन्छ। यो देख्न सजिलो छ कि, किन धेरै मानिसहरुले परमेश्वरलाई अस्विकार गरे । तर हुनसक्छ ती जसले परमेश्वरलाई विश्वास गर्न अस्विकार गर्छन, जब उनीहरुले यो परमेश्वरको बारेमा गलत चित्रलाई बुझेका हुन्छन तिनीहरुले परमेश्वरलाई कहिल्यै पनि अस्विकार गरिरहेका छैनन् । यो परमेश्वरको चरित्रको बारेमा प्राथमिक प्रश्नको टुङ्गो नलागेसम्म हाम्रो दिमागमा परमेश्वरको अस्तित्वको सम्बन्धमा दोस्रो प्रश्न रहिरहनेछ।

***"आफूले बनाउनु भएको हरेक कुरा परमेश्वरले हेर्नुभयो । वास्तवमा त्यो साह्रै राम्रो थियो ।"*** (उत्पत्ति १ : ३१)

यो पदले सृष्टिको वर्णनको निष्कर्षलाई समेट्दछ। यदि उहाँले सृष्टिको काम पुरा हुनअघि त्यहाँ कुनैपनि उहाँको सृष्टिको मृत्यु भएको थियो भने, परमेश्वरले पृथ्वीमा भएका सबथोक **"असल"** थियो भन्नु हुँदैनथ्यो। परमेश्वर दुःख, कष्ट र मृत्युको रचनाकार हुनुहुन्न, यसैले मानव जीवनको पतन हुनुभन्दा पहिले हाम्रो संसारमा दुःख कष्ट र मृत्यु आउनु भन्दा पहिलेनै अस्तित्वको सबैभन्दा उत्तम तरिकालाई तोकिदिएको छ। आज हाम्रो पृथ्वीमा उचित जीवनशैली जिउनु एउटा संसारको लागि क्रुर अनुकुल बन्न पुगेको छ, जब देखि यो संसारमा पापले प्रवेश पायो । आज यो आपतकालिन अस्तित्वको मोडमा रहेको छ । पतनको कारणले गर्दा सृष्टिकर्ताबाट उहाँको सृष्टिमा जुन एक्लोपना भएको छ, अब बन्ने नयाँ पृथ्वीमा त्यो निको पारिनेछ। त्यसपछि प्रेमको कानुन हाम्रो जीवन दिने मार्गदर्शन हुनेछ, त्यहाँ कुनै प्रतिस्पर्धा हुनेछैन, डर हुनेछैन, दुःख हुनेछैन र मृत्यु हुनेछैन। त्यसपछि हाम्रो पृथ्वीको लागि परमेश्वरको वास्तविक उद्देश्यलाई हामीले मनन गर्नेछौं ।

***"उहाँको अदृश्य गुण, अर्थात उहाँको अनन्त शक्ति र ईश्वरिय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरुमा छर्लङ्गै***

***देखिएकोछ । यसैले थिनीहरुलाई कुनै किसिमको बाहाना छैन ।"***
(रोमी १ : २० )

यदि हामीले बिज्ञान अध्ययन गर्ने मौका कहिल्यै पाएका छौं भने, हामीले सृष्टिमा देखिएको चमत्कारी शुद्धता र जटिलताको कदर गर्नेछौं । परमेश्वरको हस्ताक्षर प्रत्येक थोकमा लेखिएको छ । यदि हामी परमेश्वरको अस्तित्वलाई इन्कार गर्दछौं भने, हामीले आश्चर्यकर्महरुलाई पनि इन्कार गर्नुपर्दछ । तर हामी चारैतिरबाट आश्चर्यकर्महरुले घेरिएका छौं । त्यो विशाल रुख, नाजुक जंगली फूलसंग चराको कोरस धुन, माकुराको जालो, विशाल ब्राह्मण्ड, सानो बालकले आफ्नो आमालाई चिन्दाको मुस्कान, र अहिले हामीले लिने श्वास । यो सबै उच्चदर्जाको आश्चर्यकामहरु हुन । यसलाई आश्चर्यकर्म बाहेक अरु कुनै तरिकाले उचित व्याख्या गर्न सकिन्दैन । हाम्रो पुरा जीवन नै एउटा आशचर्यकर्म हो । परमेश्वरले बनाउनु भएको हो भनेर प्रमाणित गर्ने प्रमाणहरु प्रशस्त मात्रामा छन् । हामी लगायत अरु जसमा जीवन छ, हाम्रो वरपरको असाधरण संसारलाई हेरि र परमेश्वरले यो सृष्टि गर्नुभएको होइन भन्ने निष्कर्षमा पुग्नु त्यो कदाचि उचित हुँदैन ।

*"किनकि परमप्रभु यसो भन्नुहुन्छ– उहाँ, जसले आकाश सृष्टि गर्नुभयो, उहाँ नै परमेश्वर हुनुहुन्छ, जसले पृथ्वीको रूप रच्नुभयो र बनाउनुभयो, र त्यो बसाल्नुभयो, उहाँले त्यो खाली हुनलाई सृष्टि गर्नुभएन तर उहाँले त्यो आबाद गर्नलाई बनाउनुभयो– उहाँ भन्नुहुन्छः "म परमप्रभु हुँ, मबाहेक अरू कोही छैन।"* *(यशैया ४५ : १८)* पृथ्वीलाई परमेश्वरले हाम्रो अनन्तको घर हुनको लागि सृष्टि गर्नुभयो ।

*"आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।"* (यूहन्ना १ : १ -३,१४ )

हाम्रो सृष्टिकर्ता कस्तो हुनुहुन्छ भनेर पूर्णरुपमा प्रकाश पार्नलाई उहाँ हामीहरु जस्तो बनिनुभयो ।

*"जब म तपाईंको हातले बनाएको आकाशलाई, र तपाईंले स्थापित गर्नुभएका जून र ताराहरूमाथि विचार गर्छु, मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ मानिसको छोरो के हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ तपाईंले त्यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो, र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ। आफ्नो हातका कामहरूमाथि तपाईंले त्यसलाई शासक बनाउनुभएको छ। सबै थोक तपाईंले त्यसका पैतालामुनि राखिदिनुभएको छ।"*

(भजनसंग्रह ८ : ३ -६)

मानिसजातिलाई ‘‘स्वर्गदूतहरु भन्दा अलिकति तल बनाइएको थियो ।" यधपि, ती मानिसहरु जो पृथ्वीमा बस्दछन् र परमेश्वरसंग पुनर्मिलन भएका छन, तिनीहरुले एउटा अनुभवको महसुस गर्दछन जुन ‘‘स्वर्गका दूतहरुले पनि चाहना गरेका थिए ।"

(१ पत्रुस १ : १२)

तिनीहरुको परमेश्वरको आत्मबलिदान प्रेमको अनुभवको ज्ञानले उनीहरुलाई ब्राह्मण्डमा एउटा विशेष स्थान दिँदछ ।

*"अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ।"* (प्रकाश २१ : २ -३)

*"तर परमेश्वरले नै पृथ्वीलाई आफ्नो सामर्थ्यले बनाउनुभयो। उहाँले आफ्नो बुद्धिले संसारलाई स्थापित गर्नुभयो, र आफ्नो समझशक्तिले उहाँले आकाशलाई फैलाउनुभयो।"*
(यर्मिया १० : १२)

*"किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, हामी निश्चय उहाँकै सन्तान हौं।"* (प्रेरित १७ :२८)
ब्राह्मण्ड, पृथ्वी र यस पृथ्वीमा रहेको सबै जिवहरु परमेश्वर बिना अस्तित्वमा रहने छैनन् ।
हाम्रो सृष्टिकर्ताले हाम्रो संसारलाई एउटा घडी जस्तो गरि एकचोटी बनाएर त्यसपछि आफै घुमिरहने घडीको काँटा जस्तो बनाउनु भएन । परमेश्वर ***"निरन्तर रुपमा काम गर्नुहुन्छ र उहाँको शक्तिशाली बचनले यसलाई संञ्चालन गर्नुहुनछ।"*** (हिब्रु १ : ३, कलस्सी १ : १७)

यदि तपाई एक गिलाश पानीलाई आफ्नो दायाँ हातमा लिनुहुन्छ र केहि थोपा खसाल्ने निर्णय गर्नुभयो भने, के तपाईको बायाँ हातको जरुरत पर्छ त्यो दायाँ हातलाई धकेलेर पानीको थोपा खसाल्नको लागि ?

परमेश्वरले भन्नुहुन्छ,"*मेरो आफ्नै हातले पृथ्वीका जगहरू बसालेको हो, र मेरो दाहिने हातले आकाश फिँजाएको हो। जब म तिनीहरूलाई बोलाउँछु, ती एकसाथ खड़ा हुन्छन्।*"
(यशैया ४८ : १३)

परमेश्वर विनाशकर्ता हुनुहुन्छ भनि कल्पना गर्नु उहाँ एक पालनहार हुनुहुन्छ भन्ने कुरालाई यसले तुच्छ ठान्दछ । विनाशक हुनको लागि परमेश्वरले सक्रिय रुपमा विनाश गरिरहनु आवश्यक छैन । उदाहरणको लागि सदोम र गमोराको विनाशमा एक प्रचलित उल्था अनुसार परमेश्वरले आफू को हो भनि देखाउने उद्देशयले गन्दक र आगो बर्षाउनुभयो । जुन उहाँले थामेर र सम्हालेर राख्नुभएको छ । परमेश्वर प्रतिको यो दृश्यले उहाँले आफैलाई एक द्वन्द्वमा परेको जस्तै ठहरछ, जस्तो कि हामी पनि आफै द्वन्द्वमा पर्नेछौं यदि तपाइले आफ्नो बायाँहात दायाँहातको गिलासमा रहेको पानीलाई खसाउन प्रयोग गर्नुहुन्छ भने ।

विनाश गर्नको लागि परमेश्वरले त्यतिकै छोडिमात्र दिनु पर्छ । यधपि, यो बुझ्न आवश्यक छ कि परमेश्वरले कहिल्यै पनि मृत्यु र विनाशको इच्छा गर्नुहुन्न । परमेश्वरले त्यसै हुन दिनुहुन्छ किनकि परमेश्वर प्रेमीलो हुनुहुन्छ, र प्रेमको लागि साँचो स्वतन्त्रता आवश्यक पर्दछ । परमेश्वरले कुनैपनि व्याक्तिलाई र राष्ट्रलाई गहिरो शोकमा भएर र इच्छा बिना त्यागनु हुन्छ ।

***"ए एफ्राइम, म तँलाई कसरी छोडिदिन सक्छु र ! र इस्रायल, म तँलाई कसरी दुश्मनका हातमा सुम्पिदिन सक्छु ? म तँलाई कसरी***

***आदमलाई झैं व्यवहार गर्न सक्छु ? म तँलाई कसरी सबोयिमलाई झैं बनाउन सक्छु ! मेरो हृदय मभित्र परिवर्तित भएको छ । मेरो मन दयाले जागृत भएको छ ।"*** (होशे ११ : ८)



येशूले यरुशलेमको बारेमा यसो भन्नुभयो, *"ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्। हेर, तिमीहरूको घर उजाड छोडिएको छ।"* (मत्ती २३ : ३७-३८)

***"किनभने, मानिसको पुत्र मानिसको जीवन नष्ट गर्न आएको होइन, तर बचाउन आएको हो ।"*** (लूक ९ : ५६) (किंग जेम्स बाइबल)

*"आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ। र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ। हरेक दिन तिनीहरूले वार्तालाप गर्छन्, र हरेक रात तिनीहरूले ज्ञानको प्रदर्शन गर्छन्। कुनै बोली छैन, न भाषा छ, जहाँ तिनीहरूको सोर सुनिँदैन।"* ( भजनसंग्रह १९ : १ -३)

आफ्नो सृष्टि द्वारा परमेश्वर सबै मानिस संग बोल्नुहुन्छ । भाषाको अवरोध वा मुद्रित शब्दको अभावको कारण परमेश्वरले कसैलाई पनि उहाँको बारेमा सिक्नको लागि बञ्चित गर्नुहुन्न ।

*"तिमीहरूका आँखा माथि उठाएर आकाशलाई हेर, यी सबै कसले बनाएका हुन् उहाँले नै होइन र, जसले पुञ्जलाई एक-एक गरी*

*ल्याउनुहुन्छ र प्रत्येकलाई नाउँ काढ़ी बोलाउनुहुन्छ। उहाँको ठूलो शक्ति र शक्तिशाली सामर्थ्यको कारण तिनीहरूमध्ये एउटै पनि हराउँदैन।"* (यशैया ४० : २६)

# हामीले कसरी अनन्त जीवन पाउन सक्छौं ?



हामीले यस पुस्तकको सुरुमा उत्पत्ति ३ अध्यायमा उल्लेख गरिएको मानवजातिको पतनको बारेमा पढ्यौं । छलमा फसाउने व्याक्ति सर्पले आदम र हव्वालाई परमेश्वर एक आफ्नो बारेमा मात्र सोच्ने स्वार्थी, जो विश्वास गर्न नसकिने हुनुहुन्छ भनि विश्वास दिलायो । जब तिनीहरुले त्यो झुटमाथि विश्वास गरे तिनीहरुले आफ्नो सृष्टिकर्ता संगको दुरीलाई बढाए र त्यसले मृत्युको सुरुवातलाई निम्त्यायो । त्यस दिनदेखि भएको सबै मृत्युको कारण भनेको परमेश्वरबारे सर्पले बोलेको झुट कुरामा विश्वास गर्नुको परिणाम हो ।

आदनको बगैंचामा मानवजाति परमेश्वर देखि टाढा भएका थिए, किनकि आदम र हव्वाले परमेश्वर बारे आफ्नो सोचाइ बदलेका थिए । जहाँ उनीहरुले एकपटक उहाँमाथि विश्वास गरे अहिले आएर उनीहरुले उहाँलाई अविश्वास गरे । यो अझै हाम्रो समस्या रहेको छ हाम्रो लागि आवश्यक कुरा भनेको उहाँको बारेमा हाम्रो सोचाईलाई बदल्नु हो । जब हामी यो गर्ने छौं, विश्वासले अविश्वासको स्थान लिनेछ, र प्रेमले उहाँप्रतिको त्रासलाई अटाउँदछ । हाम्रो सृष्टिकर्ता संग हाम्रो मिलाप हुनेछ, र हामीले अनन्त जीवन प्राप्त गर्नेछौं ।

जब आदम र हव्वाले परमेश्वरको बारेमा सर्पले भनेको झुटमाथि विश्वास गरे र उहाँबाट लुक्न खोजे, तब उक्त घटनाको कारण परमेश्वरले आफूलाई परिवर्तन गर्नुभएको थिएन । ती उहाँदेखि टाढा गएका छोराछोरीहरुको खातिर उहाँको प्रेममा कतिपनि कमि आएको थिएन । समस्याको समाधानको लागि , हाम्रो बारे परमेश्वरको मन परिवर्तन गरि हाम्रो प्रयासमा निर्भर मुक्तिको योजना बनाउनु परमेश्वरको कहिल्यै इच्छा छैन ।

हाम्रोलागि परमेश्वरको बिचार पहिले देखि नै असल थियो र उहाँलाई हाम्रो बारेमा राम्रो सोच्नको लागि कुनै कुराको वा कसैको सल्लाहको आवश्यक्ता पर्दैन । उहाँले हामीलाई पहिलै देखि प्रेम गनुहुन्छ र सदाको लागि हामी प्रत्येकलाई मूल्यवान ठान्नुहुन्छ ।



जब परमेश्वरले इस्रायलीहरुलाई मिश्रदेशबाट बाहिर निकाल्नुभयो, तिनीहरुलाई मूर्तिहरुको पूजाको खतराको बारेमा चेतावनी दिनुभएको थियो । यी झुट्टा देवताहरु बाइबलिय समयमा प्रख्यात थिए र विकृत कल्पनाहरुको नतिजा थिए । तिनीहरुलाई प्राय : रिसाएको र तिनीहरुलाई शान्त पार्नु आवश्यक ठान्दथे । तिनीहरुको रिसलाई शान्तपार्नको लागि भेटिहरु र बलिदानहरु चढाइन्थ्यो । हामी गम्भिर भएर सोध्न सक्छौं : के आजको हाम्रो परमेश्वर संगको सम्बन्ध लाई हेर्दा , हामीले केहि कुराहरु प्रचीन मूर्तिपूजक इस्रायलीहरबाट सिकेको जस्तो लाग्दैन ?

*"ति अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्। जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु ।"* (यूहन्ना १७ : ३ -४)

येशू ख्रीष्टले उहाँको पिता संगको प्राथनामा अनन्त जीवनलाई उहाँले स्पष्ट रुपमा परिभाषित गर्नुहुन्छ । यो एउटा परमेश्वरलाई चिन्ने अनुभव हो । हाम्रो यो अनुभवको ज्ञानले हामीलाई हाम्रो जीवनदाता संग मिलाप गराउँछ । परमेश्वरलाई एक निःस्वार्थ, दयालु, कृपालु, कोमल र क्षमाशिल परमेश्वरको रुपमा प्रस्तुत गर्नु येशूको यो संसारमा आउनु येशूको वास्तविक उद्देश्यलाई हामी देख्न सुरु गर्नेछौं । जब मानिसहरुले येशूको

बचनलाई सुने उनीहरुले परमेश्वरको बचनलाई सुनिरहेका थिए । जब मानिसहरुले येशूले बिरामीहरलाई निको पार्नुभएको, भोकाहरुलाई खुवाउनुभएको, उत्साह दिनुभएको, साना बालकहरुलाई काखमा लिनुभएको, र आफ्नो बारे गलत बुझ्न र निन्दा गर्न अनुमति दिइरहनु भएको देखे, तिनीहरुले परमेश्वरलाई देखिरहेको थिए, परमेश्वरको महिमालाई देखे । भ्रमबाट मुक्त हुनको लागि यो बुझ्न आवश्यक छ कि त्यहाँ मुक्तिको लागि धेरै योजना गरिएका तरिकाहरु छन्, तर यी सबैले परमेश्वरको बारे विवादित चित्रण गर्दछ ।

यस अध्यायले मुक्तिको एउटा प्रमुख तरिकामा केन्द्रित गर्नेछ, जुन पश्चिमी समाजमा सबैले यो केहि ढंगले व्यक्त गरेकाछन् । धेरै इमान्दार मानिसहरु येसको पालना गर्छन । यो दृष्टिकोण अनुसार मुक्तिलाई एउटा कानुनी मुद्धाको रुपमा लिइन्छ ।

यस  दृष्किोणसंग सम्बन्धित केहि विशेषताहरु यसप्रकार रहेकोछ ।

- परमेश्वर आफ्नो छोराछोरीहरुलाई स्वतन्त्रताको उपहार भन्दा पनि सर्वभौमिकतामा जोड दिनुहुन्छ ।
- यसले परमेश्वरको हामीलाई उहाँसंग मिलाप गराउने इच्छा भन्दा पनि हामीलाई बचाउने परमेश्वरको शक्तिमा जोड दिन्छ ।
- यसले परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हामी जस्तोसुकै अवस्थामा भएपनि उहाँ हाम्रो नजिक आउन चाहनुहुन्छ, उहाँ हाम्रो पापको कारण दु:खित हुनुहुन्छ र यसले परमेश्वरलाई प्रेम गर्नेहरुमा पार्ने असर देखि चिन्तित हुनुहुन्छ, यो होइन कि यसले उहाँलाई व्याक्तिगत रुपमा ठेस पुऱ्याउँछ भन्ने भन्दा पनि परमेश्वर

पवित्र र शुद्ध हुनुहुन्छ र हाम्रो पापले उहाँलाई ठेस पुऱ्याउँछ भन्ने विश्वास राख्दछ ।

- परमेश्वर हाम्रो शारीरिक डरबाट हामीलाई निको पार्न चाहानुहुन्छ अनि उहाँले हामीलाई यो बुझाउन चाहानुहुन्छ कि खतरा पाप हो तर उहाँ होइन भन्ने विश्वास गर्नुको साटो तिनीहरु विश्वास गर्छन कि परमेश्वरलाई आफ्नो क्रोधलाई शान्त पार्न रगतको आवश्यक्ता पर्दछ ।
- परमेश्वरले हामी प्रत्येकलाई बचाउन सबै कुरा गर्नुभयो भनि देखाउन उहाँले हाम्रो कामको अभिलेख राख्नुहुन्छ भन्नुको साटो तिनीहरु यो विश्वास गर्छन कि परमेश्वरले हाम्रो अभिलेख राख्नुको कारण उहाँले आउने न्यायको दिनमा त्यो हाम्रो विरुद्धमा प्रयोग गर्नुहुनेछ ।
- यो हाम्रो आफ्नै स्वार्थीपनाले गर्दा हामी प्रेमको व्यवस्थाको विचल्लीमा छौं, जसले हामीलाई दण्डित गर्दछ, जसरी हामी सजाय बिना प्राकृतिकको नियमलाई तोड्न सक्दैनौं, भन्ने विश्वासको साटो तिनीहरु यो विश्वास गर्छन कि परमेश्वर उहाँको व्यवस्था भङ्गगर्नेलाई दण्ड दिनुहुन्छ ।
- वास्तविक सुसमाचार भनेको परमेश्वर स्वय्म हुनुहुन्छ । यदि परमेश्वर त्यस किसिमको हुनुहुन्छ जसले उहाँको नियम भंङ्ग गर्नेलाई मृत्युदण्ड दिनुहुन्छ भने, यो एउटा खराब समाचार हुनेथियो । तर तिनीहरु यो विश्वास गर्छन कि, सुसमाचार भनेको एउटा तरिका वा बिधि हो जसद्वारा परमेश्वरले उहाँको आज्ञा भंङ्ग गर्नेलाई तिनीहरुको सजाय माफ गर्नुहुन्छ ।
- परमेश्वरलाई पूर्ण विश्वासनियताको रुपमा देख्नुको साटो एक मुक्ति पाएको मानसिकता हुनु । साँचै भन्नु पर्दा, हामी जति बढि हाम्रो प्रेमीलो परमेश्वरको बारेमा ध्यान केन्द्रित गर्दछौं त्यति नै कम चिन्ता हाम्रो आफ्नो मुक्तिको बारेमा गर्नेछौं, र जतिसक्दो

हामी अरुलाई प्रेम र महत्व दिन्छौं। *"कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस्, र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस् ।"* (मर्कूस ८ : ३५) कानुनी सुसमाचारले सँधै मुक्तिको आश्वासनमा अनावश्यक ध्यानलाई प्रोत्साहित गर्दछ । परमेश्वरले हामीमा कसैको उद्धारको अवस्था पक्का गर्न कुनै बोझ बोकाउनु भएको छैन । र हाम्रो आफ्नै पनि । हाम्रो आफ्नै आत्मिक अवस्थामा ध्यान केन्द्रित गर्नुको साटो हामी उहाँमा केन्द्रित हुनु आवश्यक छ जसले हामी सबैलाई हामी के हौं भनेर होइन तर हामी उहाँमा के हुनेछौं भनेर हेर्नुहुन्छ । हामीले हाम्रो जीवनको महत्व र प्रेम गर्नु भन्दा पनि धेरै परमेश्वरले हामीलाई मूल्यवान ठान्नु हुन्छ र सदाको लागि प्रेम गर्नुहुन्छ ।

बिना सोधपुछ, परमेश्वर हामी प्रत्येकलाई उहाँसंग अनन्तको जीवन जीएको देख्न चाहानुहुन्छ । उहाँ हामीले पूर्णरुपमा परमेश्वर भरोसा योग्यको हुनुहुन्छ भन्ने बुझाउन चाहानुहुन्छ, अझ बढी उहाँ हाम्रो दिमागमा भएको डरलाई निको पार्न चाहानुहुन्छ । *"प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन ।"* (१ यूहन्ना ४ : १८)

हामीले दुई भिन्नै प्रकारको सुसमाचारलाई तुलना गऱ्यौं : कानुनी सुसमाचार र निको पार्ने सुसमाचार । निको पार्ने सुसमाचार येशूको शिक्षा र उहाँको उदाहरण संग समानतामा रहेको छ ।

जब कि, कानुनी सुसमाचार मानव सहयोगी न्यायिक प्रणाली संग मिल्दोजुल्दो छ जुन येशूलाई उहाँलाई मृत्युदण्ड दिन दोषी ठहऱ्याउन प्रयोग गरिएको थियो । जो हाम्रो प्रेमिलो डाक्टर

हुनुहुन्छ । *"किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु," परमप्रभु भन्नुहुन्छ। "ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई ।"* (यर्मिया २९ : ११) हामी तर्फ परमेश्वरको राम्रो सोचाई होस भनि मनाउने लक्ष्य सहित धार्मिक कार्यहरुमा प्रशस्त समय, प्रयास र खर्च अत्यन्तै खेर फालिएको छ । *"तिमीहरूले गरेका सबै अपराधहरू त्याग, र नयाँ हृदय र नयाँ आत्मा लेओ। तिमीहरू किन मर्छौ, हे इस्राएलका घराना किनभने कसैको मृत्युमा म प्रसन्न हुन्न, परमप्रभु परमेश्वर भन्नुहुन्छ। पश्चात्ताप गर, र बाँच ।"*
(इजकिएल १८ : ३१-३२)

हामी सबैको निम्ति परमेश्वरको आग्रह भनेको स्वार्थबाट फर्केर जीवनको बाटोमा लाग्नु हो ।

*"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।"* (यूहन्ना ३ : १६-१७)

येशूमा विश्वास गर्नु भनेको उहाँ आफैले (**परमेश्वरको पुत्र**) र परमेश्वर पिताको बारेमा प्रकट गर्नुभएको कुरालाई विश्वास गर्नु हो ।

*"अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका*

*लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ।"* (२ कोरिन्थी ५ : १९)

यदि परमेश्वरले हामीलाई अनन्त मृत्युबाट जोगाउने सम्पूर्ण प्रयासलाई एक शब्दमा समेट्ने हो भने, त्यो शब्द हो **'मेलमिलाप'** "*बितेका समयमा दुष्ट काम गरेर तिमीहरू बिराना भई आफ्नो मनमा विरोधी भएका थियौ।"*(कलस्सी १ : २१)

मनिसको पतन पछि अलग भएको भन्ने हाम्रो प्रवृति केवल हाम्रो दिमागमा छ, तर परमेश्वरमा यस्तो छैन । *"जुन परमेश्वरले "अँध्यारोबाट ज्योति चम्कोस्" भन्नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरका महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्।"* (२ कोरिन्थी ४: ६)

यस पदमा उल्लेख गरेको अन्धकारले परमेश्वर बारेको गलत बुझाइलाई जनाउँदछ। परमेश्वरको महिमा उहाँको चरित्र हो, जो येशूको अनुहारमा देखिन्छ। *"हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ।"* (२ कोरिन्थी ३: १८)

हामी हेरेर परिवर्तन भएकाछौं । यो सिद्धान्त दुवै तरिकाले काम गर्दछ। यदि हामी परमेश्वरलाई आफ्नो बारेमा मात्र सोच्ने भनि, विश्वास गर्छौं भने, यसले हाम्रो आफ्नै स्वार्थलाई अझ बढाउने गर्दछ । यदि हामीले उहाँलाई पूरा रुपमा निःस्वार्थ देख्यौं भने, यसले हाम्रो जन्मजात स्वार्थलाई उखेल्न मद्धत गर्दछ। परमेश्वरको प्रेम, दया, र माफी चिन्तन मनन गरेको खण्डमा ती समान गुणहरु हामीमा प्रतिबिम्वित हुन सजिलो हुँदछ।*"म तिमीहरूलाई भन्दछु,*

*यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढ़ी आनन्द हुनेछ।"* (लूका १५ : ७) पश्चाताप भनेको परमेश्वरसंग "मलाई माफ गरिदिनु" भन्नु होइन । पश्चाताप भनेको त्यो नराम्रो काम गर्न छाडिदिनु वा मन परिवर्तन गर्नु हो । येशूले सिकाउनु भएको अनुसार साँचो पश्चाताप भनेको परमेश्वर बारे आफ्नो मन बदल्नु हो । हामीले परमेश्वरलाई देख्नेछौं किनकि येशूले उहाँको सहि प्रतिनिधित्व गर्नुभयो ।

*"हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।"* (मत्ती ११ : २८ - ३०)

हामीले आध्यात्मिक आत्म-सुधारको व्यर्थ प्रयासमा राम्रो बन्नको लागि काम गर्नु आवश्यक पर्दैन । हाम्रो सम्पूर्ण अनुमानित प्रयासहरुले हामीलाई आफू केन्द्रित बनाउनेछ र यसको नतिजा घमण्ड वा निरुत्साहित बनाउनेछ । हाम्रो समस्याको समाधान येशूसंग छ, त्यसैले उहाँ भन्नुहुन्छ,

*"उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयो: "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको*

*छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति,"* (लूका ४ : १७ -१८)



हामी सबैलाई येशू हाम्रो निम्ति के गर्न आउनुभएको हो भनेर जान्नु आवश्यक छ, त्यसबाहेक त्यहाँ अरु केहि छैन ।

# के हामीले न्यायको डर मान्नुपर्छ ?

जब हामी न्यायको बारेमा बिचार गर्छौं, तब सर्वप्रथम यो जान्न हाम्रो लागि धेरै राम्रो हुनेछ कि त्यहाँ कस्को न्याय भइरहेको छ र न्याय कस्ले गर्दैछ ? आदनको बगैंचामा हव्वा र सर्प बीचको कुराकानीलाई फर्केर हेर्दा सर्पले हव्वाको दिमाग परमेश्वरको निष्पक्षता, सद्बावना र भरोसाको बारेमा प्रश्न राखेको कुराको सम्झना गराउँदछ । केहि इमान्दार भई बिचार गर्दा, यो स्पष्ट हुन्छ कि त्यहाँ मानवजातिको परीक्षा भएको थिएन तर त्यो परमेश्वरको परिक्षा थियो ।

परमेश्वर आफैलाई परिक्षामा पर्न दिनुहुन्छ भन्ने धारणालाई स्विकार गर्न हामीलाई गाह्रो हुनसक्छ । यधपि यो परिप्रेक्ष्य तब मात्र सम्भव हुँदछ जब हामी बाइबललाई गहन रुपमा अध्ययन गर्दछौं । त्यो शैतानसंगको पहिलो वार्तालाप देखिनै हामी अन्जानमै परमेश्वरको न्याय गर्दैछौं । के हामीले उहाँलाई निश्पक्ष रुपमा छानबिन गर्न दियौं ? हाम्रो जीवनलाई न्यायको केन्द्रविन्दुमा राख्नमा हाम्रो प्रवृतिको गलत अगुवाई भएको छ । जब हामी न्यायको लागि योग्य ठह्रिन्छौं तब हामी कलिकति पनि छुट पाउँदैनौं । परमेश्वरले हामीलाई परिक्षामा पार्नुभएको छैन । यधपि हामी आफैले आफैलाई न्याय गर्न र दोषी ठहऱ्याउनमा माहिर छौं । येशूले भन्नुभयो ,उहाँको बचनहरु जीवन हुन । उहाँको शब्दहरुलाई स्विकार गर्ने कि अस्विकार गर्ने त्यो हाम्रो रोजाइको कुरा हो । यदि उहाँको बचनहरु वास्तवमै जीवनहुन भने र हामी त्यसलाई इन्कार गर्छौं भने, के हामीले आफैलाई नकरात्मक नतिजाहरुले न्याय गरेका छैनौ र ? अदालतमा गरेको जस्तै न्याय परमेश्वरले गर्नुहुन्न । जब हामी निरन्तर रुपमा आफैलाई दोष लगाउने र मृत्युको बाटोमा हिँड्ने निर्णय गर्दछौं, परमेश्वरले इच्छा

नहुँदानहुँदै हाम्रो निर्णयलाई स्विकार गर्नु सिवाय अरु केहि गर्न सक्नुहुन्न । न्यायलाई बिचार गर्नुपर्ने त्यहाँ अर्को पक्ष पनि छ । जब हामी अरुको न्याय गर्छौ यसले, हामीमा नकारात्मक प्रतिक्रिया गर्दछ, जब हामी अरुको निन्दा गर्छौं, हामी केबल प्रक्रियामा आफैलाई निन्दा गरिरहेका हुन्छौं । न्यायको लागि वास्तवमा हामी को संग डराउनु पर्छ भनेर बुझ्न हामीले केबल ऐना हेर्नुपर्छ । व्यभिचारमा फँसेकी स्त्रिको सुसमाचारमा दिएको घटनाले हामीलाई कसरी न्यायको काम हुँदछ भनेर एक उदाहरण दिँदछ ।

*"तर येशू जैतून डाँड़ामा जानुभयो। उहाँ एकाबिहानै फेरि मन्दिरमा जानुभयो, र सबै मानिसहरू उहाँकहाँ आए, र उहाँ बस्नुभयो, र तिनीहरूलाई शिक्षा दिनुभयो। शास्त्री र फरिसीहरूले व्यभिचारमा पक्राउ परेकी एउटी स्त्रीलाई ल्याए, र त्यसलाई माझमा उभ्याए। तिनीहरूले उहाँलाई भने, "गुरुज्यू, यो स्त्री व्यभिचारको कर्ममा पक्राउ परी। व्यवस्थामा मोशाले यस्ताहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन्। तपाईं यसको बारेमा के भन्नुहुन्छ, तर तिनीहरूले उहाँको जाँच गर्नलाई, र उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए। येशूले निहुरेर भूइँमा औँलाले लेख्नुभयो। तर जब तिनीहरूले उहाँलाई सोधी नै रहे, तब उहाँले खड़ा भएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमा जो पापरहित छ, त्यसैले यस स्त्रीलाई पहिले ढुङ्गा हानोस्।" अनि फेरि निहुरेर उहाँले भूइँमा औँलाले लेख्नुभयो। तर जब तिनीहरूले यो सुने, तब ठूलादेखि सुरु गरी सानासम्म एक-एक गरेर गए, र येशू त्यस स्त्रीसँग एकलै छोडिनुभयो, अनि त्यो स्त्रीचाहिँ उहाँको अगि*

*उभिरही। येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, "ए नारी, तिनीहरू कहाँ गएरु के कसैले तिमीलाई दण्ड दिएन त्यसले भनी, "प्रभु, कसैले दिएन।" येशूले भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्नँ। जाऊ, अनि फेरि पाप नगर।"* (यहून्ना ८ : १ - ११)



स्त्रि जसलाई येशू सामु ल्याएको थियो र एक व्यवस्था भंङ्ग गर्नेको रुपमा प्रस्तुत गरियो । उनि एक पिडित महिला थिइन जसलाई पाखण्डी धर्मगुरुहरले येशूलाई सिध्याउने हिसाबले उनीहरुको धर्मको एक खतरनाक चुनौतिको रुपमा न्याय गरेका थिए । र मोशाको व्यवस्था अनुरुप न्याय गर्नको लागि आग्रह गरे । त्यस्तै फरिसी संगको मुठभेटमा जब डिभोर्सको बारेमा छलफल भएको थियो, येशूले तिनीहरुलाई मोशाको व्यवस्थाले उनीहरुको कठोर हृदयलाई छुट दिएको कुरा बताउनुभयो : "तर येशूले तिनीहरुलाई भन्नुभयो तिमीहरुका हृदयको कठोरताले गर्दा उनले (मोशाले) यो आज्ञा लेखिदिए ।" (मर्कूस १० : ५)

यस न्यायिक कोठामा भएको दृश्यले स्पष्ट हुनेछ जब हामी बुझ्छौं कि येशू पृथ्वीमा ईश्वर हुनुहुन्थ्यो र न्याय कार्यन्वयन गर्ने अधिकार लगायत ईश्वरका सबै प्रवधानहरु उहाँमा थियो । येशूले तुरुन्तै उहाँ सामु ल्याइएको मुद्धामा फैसला गर्नु भएन तर उहाँ भुँइमा बसी औंलाले लेख्नुभयो । तर जब उनीहरुले उहाँलाई जवाफको लागि बाध्य बनाए, उहाँले तिनीहरुलाई भन्नुभयो "तिमीहरु मध्ये जसले कहिल्यै पनि पाप गरेको छैन तिनीहरुले पहिला यसलाई ढुङ्गाले हानोस् ।" त्यस पछि उहाँले जमिनमा लेख्न लाग्नुभयो । येशूले भन्नुभएको र गर्नुभएको सबै कुरामा एक

उद्देश्य थियो । जब उहाँले जमिनमा लेख्नुभयो, यो धार्मिक अगुवाहरुको प्रश्नबाट टाढा थिएन । उहाँलाई थाहा थियो कि उत्त महिलालाई उहाँ सामु ल्याएको स्थिति । येशूलाई ती प्रत्येक आरोपलागाउने मानिसहरुको इतिहास पनि थाहा थियो, र तिनीहरुको नियत र बिचार पनि जान्नु हुन्थ्यो । यो गवाहहरुको अघि उहाँले ती कपटी धर्मगुरुहरुलाई हप्काउन पनि सक्नुहुन्थ्यो, तर त्यसको बदला उहाँले ती धार्मिकगुरुहरुलाई कृपालु भई उनीहरुको आफ्नै पापलाई धुलोमा लेखी तिनीहरुलाई चेतावनी दिनुभयो । उनीहरुलाई एकसाथ ल्याएको परिस्थिति बावजुद, उहाँले त्यहाँ वरपर भेला भएका प्रत्येक व्यात्तिलाई प्रेम र उच्च आदर गर्नुहुन्थ्यो । उहाँको उद्देश्य भनेको यो संसारलाई बचाउनु थियो, र उहाँले महिला र उनको आरोपीहरु बीचमा मिलाप ल्याउन चाहनुभयो । उहाँको इच्छा तिनीहरुलाई अलग गर्ने कहिल्यै थिएन । येशूले ती धर्मगुरुहरुलाई भन्नुभयो “तिमीहरु बीचमा जसले पाप गरेको छैन त्यसले यसलाई पहिला ढुङ्गाले हानोस ।” यहाँ उहाँले न्याय गर्ने जिम्मा तिनीहरुलाई नै वापस दिनुहुन्छ । येशू ख्रीष्ट यो संसारमा न्याय गर्न र न्यायधिस बनेर दोष लागाउन आउनुभएको थिएन, र उहाँ न्यायधिसको भुमिकामा जोडिनु भएन । के उहाँले ती शास्त्री र फारिसीहरुलाई महिलालाई ढुङ्गाले हान्ने निम्तो दिनुभएको थियो ? स्पष्ट रुपमा दिनुभएको थिएन । किनकि तिनीहरु पालो पालो त्यस दृष्यबाट भागिरहेका थिए । परमेश्वरको रुपमा येशूले त्यस महिलालाई दोष लगाउनु भएन, तर “जाऊ र फेरि पाप नगर” भन्ने उहाँको शब्दले त्यस स्त्रिको लागि जीवनको ढोका खोलिदिएको थियो । उहाँले कुन कर्म कारणले उहाँको उपस्थितिमा उनलाई ल्याएको थियो त्यसलाई तेतिकै छाडिदिने आज्ञा गरिरहनु भएको थिएन, उहाँले घातक पापबाट उनलाई स्वतन्त्र हुन आग्रह गर्नुभएको थियो । किनकि

तिनीहरुको विश्वास यो थियो कि परमेश्वर भरोसा गर्ने योग्यको हुनुहुन्न । येशूले यस महिलालाई भविश्यमा हुनआउने दोषबाट जोगिने बाटो देखाइरहनु भएको थियो । उहाँले एक मानिसको रुपमा उनलाई परमेश्वरको प्रेम प्रकट गर्नुभयो । यस महिला जीवन दिनुहुनेको उपस्थितिमा थिइन र उनले जानिन कि उहाँलाई प्रेम गर्न र विश्वास गर्नको लागि योग्यको हुनुहुन्छ ।

यो मुठभेट पछि उनको जीवनमा परमेश्वरसंगको सम्बन्धमा आमूल परिवर्तन आएको थियो । उनको दृष्टिमा त्यहाँ भएको न्याय जीवन परिवर्तन गर्ने र जीवन दिने थियो । येशूले ती कठोर हृदय भएको शास्त्री र फरिसीहरु जो महिलालाई दोषि ठहराउनमा चाँडो थिए तिनीहरलाई दोषि ठहराउनु भएन, तर उहाँले त्यो आत्मिकि ऐनालाई उनीहरुको अघि देखाउनु भयो जसले उनीहरुको आफ्नो अन्धकारपूर्ण चरित्रलाई देखाएको थियो । र त्यसको नतिजाको रुपमा "तिनीहरुले आफ्नो पापको आफै महसुस गरे," र तिनीहरु पवित्र निःस्वार्थ प्रेमीलो जीवनदाताको सामु रहन सकेन्न र त्यहाँबाट जाने निधो गरे । तिनीहरु अरुको निन्दा गर्न आएका थिए, तर प्रक्रियामा आफैलाई दोषी भेटाए ।

*"यसकारण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गर्छौ। यस्ता काम गर्नेहरूमाथि परमेश्वरको इन्साफ ठीकसँग पर्छ भनेर हामी जान्दछौं। ए मानिस, तिमीले यस्ता काम गर्नेहरूलाई दोष लाउँछौ, र आफै*

*पनि त्यही काम गर्छौ भने, के परमेश्वरको इन्साफबाट उम्कन्छु भन्ने तिमी ठान्छौ ?"* (रोमी२ :१-३)

परमेश्वरले हामी प्रत्येकलाई साँचो स्वतन्त्रता दिनुहुन्छ । उहाँले हाम्रो आफ्नै रोजाईको आत्मा-निन्दालाई हस्तक्षेप गर्नुहुन्न । जब हामी पारस्परिक प्रेम र जीवनको घेरा बाहिर रहन छनौट गर्छौं तब यहाँ परमेश्वरको न्याय उहाँले त्यो आत्म-निन्दा प्रतिको हिचकिचाहटलाई अनुमोदन गर्नुहुन्छ । यस न्यायबाट कोहि उम्कने छैन । किनकि जीवन तर्फ लैजाने मार्गमा हिँडन, हाम्रो इच्छाको विरुद्धमा परमेश्वर हामीलाई जबरजस्ती गर्न सक्नुहुन्न ।*"किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ,"* (यहून्ना ५ : २२)

*"जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन। जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन् ।"* (यूहन्ना ६ : ६३)

*"येशूले उच्च स्वरले भन्नुभयो, ''मलाई विश्वास गर्नेले मलाई होइन, तर मलाई पठाउनुहुनेमाथि विश्वास गर्दछ। जसले मलाई देख्तछ, त्यसले मलाई पठाउनुहुनेलाई देख्तछ। म संसारमा ज्योति भएर आएको छु, ताकि ममाथि विश्वास गर्ने अन्धकारमा नरहोस्। "कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ। किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ। मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक*

*जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय*
*गर्नेछ।"* (यूहन्ना १२ : ४४-४८)

येशूले हाम्रो न्याय गर्नुहुन्न । परमेश्वरले हामीलाई जीवनको बचन दिनुहुन्छ, तर यसलाई स्विकार गर्नको लागि उहाँले कहिल्यै जबरजस्ति गर्नुहुन्न ।

*"अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ। किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ। "किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ? अथवा तिम्रो आफ्नै आँखामा मूढ़ा छ भने कसरी तिमी तिम्रो भाइलाई भन्न सक्छौ, 'मलाई तिम्रो आँखाबाट धूलोको कण निकाल्न देऊ।' ए ढोंगी, पहिले आफ्नै आँखाबाट मूढ़ा निकाल, तब तिम्रो भाइको आँखाबाट धूलोको कण निकाल्नलाई तिमी सफासँग देख्न सक्नेछौ।"* (मत्ती ७ : १-५)

यदि परमेश्वर पिताले हाम्रो न्याय गर्नुहुन्न, र येशूले पनि हाम्रो न्याय गर्नुहुन्न भने हामीलाई किन लाग्दछ कि हामी अरुको न्याय गर्न योग्यका छौं भनेर ? जब हामी न्यायिक भावनालाई राख्छौं भने यो "हाम्रो आफ्नै आँखामा मुडा राखे सरह हो ।"

*"साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन*

*छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ।"* (यूहन्ना ५ : २४)

परमेश्वरबारे तथ्य बुझ्नाले र उहाँमा भरोसा गर्न सिक्नाले हामीलाई जीवनमा डोहोर्‍याउँदछ ।

*"जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन ।"* (यूहन्ना ३:१८)

*"तर पावल र बारनाबासले साहस गरेर भने, "परमेश्वरको वचन सर्वप्रथम तपाईंहरूलाई नै सुनाउनु आवश्यक थियो। तपाईंहरूले यसलाई इन्कार गरी आफैलाई अनन्त जीवनको अयोग्य ठहराउनुभएकोले हामी अब अन्यजातिहरूकहाँ जानेछौं ।"* (प्रेरित १३ : ४६)

आत्मा निन्दा गर्नेहरुका लागि यो एउटा ज्योतिमय उदाहरण हो ।*"अरूको न्याय नगर र तिमीहरूको पनि न्याय गरिनेछैन। अरूलाई दोषी नठहराओ, र तिमीहरू दोषी ठहराइनेछैनौ। क्षमा गर, र तिमीहरूलाई पनि क्षमा गरिनेछ ।"* (लूका ६ : ३७)

लूकाको सुसमाचारमा, उडन्ते छोराको उखानले हामीलाई यो सिकाउँदछ कि हामीले सोध्नु अघि परमेश्वरले हामीलाई क्षमा दिइसक्नु भएको छ । यदि हामीलाई दोषी ठहर्‍यायो, न्याय गरियो, र क्षमा दिइएन भने हामीले आफूलाई दोषी देखाउनु शिवाय अरु केहि हुनेछैन **"मानिसले जे जस्तो छर्दछ त्यस्तै कटनी गर्दछ ।"** (गलाती ६ : ७) *"अनि येशूले भन्नुभयो, "म न्यायको लागि यस संसारमा आएँ, कि नदेख्नेहरूले देखून् र देख्नेहरूचाहिँ*

*अन्धा होऊन्।" यी कुरा सुनेर उहाँका नजिकै हुने फरिसीहरूमध्ये कुनै-कुनैले उहाँलाई भने, "के हामी पनि अन्धा हौं त" येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू अन्धा भए ता पापको दोषी हुनेथिएनौ, तर तिमीहरू 'हामी देख्छौं' भन्दछौ, यसकारण तिमीहरूको पाप रहिरहन्छ।"* (यूहन्ना ९ : ३९-४१)

येशू यस संसारमा आउनु यो कस्तो न्याय हो ? उहाँ यस संसारमा मानवजातिहरुको लागि परमेश्वरको प्रेम र हामी प्रत्येकमा उहाँले राख्नुभएको असिम मूल्यलाई प्रकट गर्न आउनुभयो ।

उहाँले हामीलाई जुन रुपमा हेर्नुहुन्छ हामीले पनि एकअर्कालाई त्यहि रुपमा हेरेको उहाँ चाहानुहुन्छ, त्यसैगरी जस्तो उहाँले हामीलाई मूल्यवान ठान्नुहुन्छ हामीले पनि एकअर्कालाई मूल्यवान ठानेको उहाँ चाहानुहुन्छ ।

येशूले हामीलाई अरुको पापको लागि अन्धा हुन र हामीलाई विभाजन गर्ने कृत्रिम तवरले निर्माण गरिएको भिन्नताहरु सिकाउँदै हुनुहुन्छ । सम्प्रादायबाद, राष्ट्रिबाद, जनजाति बाद, जातियबाद, राजनितिबाद वा कुनैपनि अन्य उपकरण जसले उनीहरुको विरुद्ध मानसिकतालाई प्रोत्साहन गर्दछ ।

येशूले सिकाउनुभएको शिक्षा फरिसीहरुले बुझ्ेनन । तिनीहरु कट्टरपन्थि थिए र अन्यजातिहरुलाई कुकुरको रुपमा हेर्दथे । तिनीहरु अरुको पाप हेर्न र त्यस अनुसारको सजाय दिन आफै विज्ञ थिए । *"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई*

*संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो। जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन। फैसलाचाहिँ यही हो: ज्योति संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकि तिनीहरूका काम दुष्ट थिए।"* (यूहन्ना ३ : १६-१९)

यो खण्डमा नामको अर्थ चरित्र हो । येशूले प्रकट गर्नुभएको परमेश्वरको चरित्रको प्रतिविम्बलाई अस्विकार गर्नुभनेको परमेश्वरलाई तिरस्कार गर्नु हो । येशूमा, परमेश्वर यसो भनिरहनुभएको छ **"यो उहि हो जो म हुँ"**

*"बिहान सबेरै, सबै मुख्य पूजाहारीहरू र जनताका धर्म-गुरुहरूले येशूलाई मृत्युदण्ड दिन भनी उहाँको विरुद्धमा सरसल्लाह गरे। अनि तिनीहरूले उहाँलाई बाँधेर लगे, र हाकिम पिलातसकहाँ सुम्पिदिए।"* (मत्ती २७ : १-२)

यो कस्तो तस्विर हो ! पापले भरिएको धार्मिक अगुवाहरु उनीहरुको जीवनदातालाई मार्ने कोशिस गर्दै थिए, र उहाँले तिनीहरुलाई प्रतिरोध गरिरहनु भएको छैन नत तिनीहरुलाई न्याय नै गर्नुभयो । खतरा के हो र को हो पाप वा परमेश्वर ?

हामी येशूको मृत्यु अघिको अन्तिम घडिको बारेमा उहाँको परिक्षा र बलिदानको पर्दा पछाडिको रहस्यलाई गहन रुपमा अर्थ नबुझी पढ्ने र सुन्ने गर्छौं । येशू पूर्ण रुपमा ईश्वर हुनुहुन्छ र पूर्ण रुपमा मानव हुनुहुन्छ । जब येशूलाई परिक्षाको लागि पिलातसको अघि ल्याइयो येशू पूर्ण रुपमा परमेश्वर हुनुहुन्थ्यो, जब उहाँलाई दोषी ठहऱ्याए र सजाय दिए उहाँ पूर्ण परमेश्वर

हुनुहुन्थ्यो । जब उहाँलाई कोर्रा लगाए, थुके, गिल्ला गरे, हप्काए र काँटी ठोकी क्रुसमा झुण्डाए सबै परिस्थितिमा उहाँ पूर्ण परमेश्वर हुनुहुन्थ्यो ।

जसलाई उहाँले प्रेम गर्नुभयो र आफूसंग मिलाप गराउन चाहनुभयो तिनीहरु द्वारा परिक्षित हुन र दोषी ठहऱ्याउन परमेश्वरले आफैलाई तिनीहरुको सामु सुम्पिदिनुभयो । किन ? किनकि हाम्रो पापले उहाँलाई के गऱ्यो भनेर हेर्न हामीलाई असाध्यै गाह्रो हुन्छ । पृथ्वीमा आफ्नो जीवनको अन्तिम घडिमा परमेश्वरको पुत्र येशू ख्रीष्टले असाध्यै दुःख कष्ट भोग्नुभयो जुन हामी कल्पना पनि गर्न सक्दैनौं ।

तर येशूको पिडा गेतसमनीको बगैंचामा सुरु भएको थिएन नत यो क्रुसमा मर्ने शब्दहरुबाट समाप्त भयो । पापले हाम्रो संसारमा प्रवेश गरे देखि नै परमेश्वरले हामी संग र हाम्रो लागि कष्ट भोग्नुभयो, पापको विनाशकारी मार्गको अन्तिम बिन्दु नपुगेसम्म र हाम्रो दुःख कष्ट र मृत्युको सदाको लागि अन्त्य नहुन्जेल सम्म उहाँ हामी र हाम्रो लागि पिडित रहनु हुनेछ ।

उहाँको असिम प्रेम बाँडनलाई सृष्टिगर्नुभएको हातमा येशूको परिक्षा र कष्टले हजारौं वर्ष देखि हामीले परमेश्वरमाथि राखेको दुःख र कष्टको चित्रण हामी पाउँछौं । हामी उदासीनता, निष्क्रियता, एक्लोपना, र सक्रिय प्रतिरोधात्मक विनाशको आरोपहरुको जवाफ दिन हामी निरन्तर रुपमा परमेश्वरलाई हाम्रो मानव अदालत अघि खडा गराउँछौं । धेरै पटक हाम्रो फैसला सजाय जस्तै दोषी छ । परमेश्वरले अनौठो छोराछोरीहरुलाई आफूसंग मिलापमा ल्याउनको लागि यो भन्दा बढी अरु के गर्नुहुन्छ होला ? क्रुस परमेश्वरको मिलापको पवित्र र उत्कृष्ट नमुना हो । परमेश्वर आफ्नो मात्र ख्याल गर्नुहुन्छ, हामीलाई वास्ता गर्नु हुन्न, र अविश्वासनिय हुनुहुन्छ भन्ने शैतानको तर्कलाई येशूको क्रुसले खारेज गर्दछ ।

हामीले परमेश्वरको चरित्रलाई जति धेरै कालो पारेका छौं, त्यहाँ एक सुसमाचार छ। परमेश्वरलाई थाहा छ कि हामी उहाँलाई किन गलत बुझ्छौं तर पनि यसको लागि उहाँले हामीलाई दोष लगाउनुहुन्न। उहाँले हाम्रो खातिर के गर्नुभयो भनि हामी धन्यवादी नभएता पनि उहाँले हामीलाई निरन्तर प्रेम गर्नुहुन्छ र प्रत्येक दिन गर्नुहुनेछ। के यो परमेश्वरको लागि अनौठो हुँदैन र यदि हामीले यो सब हाम्रो बारेमा होइन भनि ठान्छौं भने ? हाम्रो सृष्टिकर्ता हाम्रो दुविधामा पनि घनिष्ट रुपमा सामेल हुनुहुन्छ, के हामी उहाँको बारेमा साच्छौं ? बिना सम्झौता के हामी आफूलाई वास्तवमा उहाँ कस्तो हुनुहुन्छ भनि देख्ने मौका दिन सक्छौं ? जस्तै उहाँ सम्झौता नगर्ने अरुमा केन्द्रित प्रेम भएको हुनुहुन्छ, के उहाँले पाउनु पर्ने प्रेम हामी उहाँलाई फिर्ता गर्न सक्छौं ? के यो माग्नु ज्यादा हुन्छ ? ***"हामी उहाँलाई प्रेम गर्छौं किनकि उहाँले हामीलाई पहिले प्रेम गर्नुभयो।"*** (१ यूहन्ना ४: १९)

*"तिनीहरूका सारा दु:खमा उहाँ पनि दु:खित हुनुभयो, र उहाँको उपस्थितिका दूतले तिनीहरूलाई बचाए। उहाँको प्रेम र कृपामा उहाँले मोल तिरेर तिनीहरूलाई छुटकारा दिनुभयो। उहाँले तिनीहरूलाई उठाउनुभयो, र प्राचीनका सबै दिनमा उहाँले तिनीहरूलाई बोक्नुभयो।"* (यशैया ६३ : ९)

# परमेश्वरको न्याय कस्तो हुनेछ ?



*“भलाइ गर्न सिक! न्याय खोज, अत्याचारमा परेकाहरूलाई प्रोत्साहन देओ, टुहुरा-टुहुरीको रक्षा गर, विधवाको पक्षमा बोलिदेओ।” (यशैया १ : १७)*

परमेश्वरको इन्साफले कहिल्यै पनि हामीलाई न्यायिक सजाय दिँदैन । यो यहाँ अनुचित दुःखबाट छुटकारा दिन र अन्यायपूर्ण संसारमा निष्पक्षतालाई बढवा दिन परिभाषित गरिएको छ ।

*“मेरा दास जसलाई मैले चुनेको छु, मेरा प्रिय जोसँग म प्रसन्न छु, म मेरो आत्मा तिनमा राखिदिनेछु, र तिनले जाति-जातिलाई न्यायको घोषणा गरिदिनेछन्। तिनी न त झगड़ा गर्नेछन् न साह्रै चिच्च्याउनेछन्, न त कसैले तिनको सोर गल्लीहरूमा सुन्नेछ। फुटेको निगालो तिनले भाँच्नेछैनन्, र धिपधिप भइरहेको सलेदो तिनले निभाउनेछैनन्, र अन्त्यमा न्यायलाई विजयसम्म पुर्‍याउनेछन्। तिनैको नाउँमा जाति-जातिहरूले आशा राख्नेछन्।”* (मत्ती १२ : १८ -२१)

परमेश्वरको निश्पक्ष, कोमल न्यायले विश्वासलाई अभिवृद्धि गर्दछ ।*“तिमीहरूसित वास गर्ने परदेशीसँग दुर्व्यवहार नगर्नू। तिमीहरूले त्यसलाई आफ्नै देशमा जन्मेको जस्तै ठान्नू। तिमीहरूले त्यसलाई आफूलाई झैं प्रेम गर्नू, किनभने तिमीहरू पनि मिश्रमा परदेशी थियौ। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। “तिमीहरूले नाप्दा, जोख्दा र भर्दा छल नगर्नू।*

*तिमीहरूसँगठीक-ठीक तराजू र ढक, र ठीक-ठीक नाप र तौलहरू राख्नू। तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।"* (लेवी १९ : ३३-३६)

*"धिक्कार तिनीहरूलाई, जसले अन्यायी व्यवस्था बनाउँछन्, तिनीहरूलाई जसले अत्याचारी विधि निकाल्छन्। गरीबहरूका हक खोस्न र थिचोमिचोमा परेका मेरा प्रजाहरूका न्याय नगर्न, विधवाहरूलाई शिकार बनाउन र टुहुरा-टुहुरीहरूका धन लुट्नलाई तिनीहरूले यसो गर्छन्।" (यशैया १० : १-२)*

परमेश्वर समावेशी हुनुहुन्छ - उहाँले कसैलाई छुट्याउनु हुन्न । परमेश्वर मानव कानुन, व्यपारिक अभ्यास र गरीबहरुको खर्चमा धनीलाई फाइदा पुऱ्याउने संस्थाबारे सचेत हुनुहुन्छ । उहाँले यसलाई चोरी भन्नुहुन्छ । गलत व्यपारको प्रतिनिधि गर्ने कुनैपनि संकायलाई बाइबल अन्तर्गत चोरको रुपमा पभिाषित गरिन्छ ।

*"तिनीहरू भन्छन्, 'हामीहरू उपवास बस्यौं, र किन तपाईं देख्नुहुन्न हामीहरू विनम्र भयौं, र किन तपाईं ध्यान दिनुहुन्न "तापनि तिमीहरूका उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा गर्दछौ, र तिमीहरूका कामदारहरू सबैलाई तिमीहरू शोषण गर्दछौ। तिमीहरूका उपवासको दिन लड़ाइँ र झगड़ामा अन्त्य हुन्छ र एउटाले अर्कालाई दुष्ट मुक्काले हिर्काउँछौ। तिमीहरू आजको जस्तो उपवास बसेर तिमीहरूको सोर स्वर्गमा सुनिने आशा गर्न सक्दैनौ। के मैले चुनेको उपवास यस्तै हो मानिसले आफैलाई एक दिन मात्र विनम्र राख्ने के निगालोझैं आफ्नो*

*शिर झुकाउने र भाङ्ग्रा र खरानी ओछ्याउने दिन मात्र यो हो के यसैलाई तिमीहरू उपवास र परमप्रभुको निम्ति ग्रहणयोग्यको दिन भन्छौ "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र?" (यशैया ५८ : ३ - ७)*

यदि हामी खाँचोमा परेकाहरुलाई सहयोग गर्न बेवास्ता गर्छौं भने, धार्मिक प्रर्दशन बेकार हो। येशूले घोषणा गर्नुभयो,

*"तर तिमी फरिसीहरूलाई धिक्कार! किनकि तिमीहरू पुदीना, आरूद र हरेक जडीबुटीको दशांश दिन्छौ, तर न्याय र परमेश्वरका प्रेमको उपेक्षा गर्दछौ। तर अरू कामको पनि उपेक्षा नगरी यी काम पनि तिमीहरूले गर्नुपर्नेथियो।"* (लूका ११:४२)

*"सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, 'साँचो न्याय गर, एकले अर्कालाई दया देखाओ र टिठ्याओ। विधवाहरू र टुहुरा-टुहुरी, विदेशी अथवा गरीबहरूमाथि अत्याचार नगर। आफ्नो हृदयमा एका-अर्काप्रति खराब नसोच'।"* (जकरिया ७ : ९-१०)

परमेश्वर कुनैपनि प्रकारको दमनको अनुमोदन गर्नुहुन्न, न त अर्काको खर्चमा आफ्नै फइदाको लागि कुनै योजना बनाउनु हुन्छ।

*मेरा भाइ हो, प्रभु येशू ख्रीष्ट, महिमाका प्रभुमाथि तिमीहरूको विश्वास भएको हुनाले तिमीहरूले कुनै भेदभाव नदेखाओ। यदि कोही मानिस सुनका औँठीहरू र राम्रा-राम्रा लुगा लगाएर तिमीहरूको सभामा आयो, र कुनै एक जना गरीब पनि झुत्रे-झाम्रे लुगा लगाएर आयो भने, तिमीहरूले त्यो राम्रो लुगा लाउनेलाई आदर गरेर, ''यहाँ राम्रो ठाउँमा बस्नुहोस्'' भन्छौ, र त्यस "गरीबलाई चाहिँ "तँ त्यहीँ उभि" अथवा "मेरा पाउनेर बस्" भन्छौ भने, के तिमीहरूले आफ्नै बीचमा भेदभाव देखाएनौ, र कुविचार भएका न्यायकर्ता भएनौ र मेरा प्रियहरू, सुन, के परमेश्वरले संसारका गरीबहरूलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र यहि राज्य उहाँलाई प्रेम गर्नेहरूलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र तर तिमीहरूले त गरीब मानिसको अपमान गरेका छौ। के धनीहरूले तिमीहरूलाई अत्याचार गर्दैनन् र के तिनीहरूले तिमीहरूलाई अदालतमा लाँदैनन् र के तिनीहरूले त्यही आदरणीय नाउँको अपवाद गर्दैनन् र, जुन नाउँद्वारा तिमीहरूलाई बोलावट भएको छ यदि "आफ्ना छिमेकीलाई आफूलाई झैँ प्रेम गर" भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ।"*
(याकूब २ : १-८)

परमेश्वरमा कुनै मदभेद हुँदैन, हामी सबै जना परमेश्वरमा समान छौं । ''*परमेश्वरले पक्षपात गर्नुहुन्न,*" (प्रेरित १० : ३४)

शुद्ध धर्म भनेको सम्प्रादयवाद, समारोह चाडपर्व मान्ने, कटिलतावाद, भावनात्मकता वा चर्चको अनुरुप होइन ।

*"तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पतिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।' "तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ।"* (मत्ती २५ : ३४-४०)

येशूको भाई वा बाहिनी हुन के योग्यताहरु चाहिन्छ ? त्यहाँ एक मात्र छ त्यो हो मानवजातिको सदस्य । हामी सबै येशूको परिवारका सदस्यहरु हौं । *"म तिमीहरूलाई भन्दछु, पूर्व र*

*पश्चिमबाट धेरै जना आउनेछन्, र अब्राहाम, इसहाक र याकूबसँग स्वर्गका राज्यको भोजमा बस्नेछन्।"* (मत्ती ८ : ११)

# परमेश्वर नम्र हुनुहुन्छ।

यहाँ येशू समाजको सबैभन्दा गरीबको रुपमा आफूलाई चिनाउनु हुन्छ : एक घर बिहीनको रुपमा *“के तिमीहरूलाई थाहा छैन, जे मुखभित्र पस्छ त्यो पेटमा गइहाल्छ, र बाहिर निस्किहाल्छ तर जुन कुराहरू मुखबाट बाहिर आउँछन्, ती हृदयबाट निस्कन्छन्, र तिनैले मानिसलाई अशुद्ध तुल्याउँछन्। किनकि हृदयबाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, झूटो गवाही र निन्दा बाहिर निस्कन्छन्। यी कुराहरूले चाहिँ मान्छेलाई अशुद्ध पार्छन्। तर हात नधोई खानाले उसलाई अशुद्ध पार्दैन।” उहाँले भन्नुभयो, “म इस्राएल जातिका हराएका भेड़ाहरूका निम्ति मात्र पठाइएको हुँ।” त्यसले भनी, “हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन्।” तब येशूले त्यसलाई जवाफ दिनुभयो, “ए नारी, तिम्रो विश्वास ठूलो रहेछ। तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस्।” त्यसकी छोरी त्यही घड़ी निको भइहाली।”* (मत्ती १५ : १७-२०, २४, २७-२८)

उहाँको साधरण जन्मदेखि लिएर दुई चोरहरु बीच क्रुसमा टाँगिनु भएको अवस्था सम्म परमेश्वरको पुत्र, येशूले, निरन्तर नम्र र नम्रतालाई मात्र पस्तुत गर्नुभयो।

*“ए मानिस, जे असल छ, त्यो उहाँले तँलाई देखाउनुभएको छ। र परमप्रभुले तँबाट के चाहनुहुन्छ केवल यति, ठीकसित काम*

*गर्नू र कृपालाई प्रेम गर्नू र तेरा परमेश्वरसित विनम्र भएर हिँड्नू ।"* (मिका ६ : ८) *"के दुई जना आपसमा सहमत नभएसम्म सँगसँगै हिँड्छन् र ?"* (आमोस ३ : ३)

जब हामी उहाँ जस्तै नम्र हुन्छौं, तब हामी उहाँसित एकतामा हिँडनेछौं । जब हामी हाम्रो कोमल परमेश्वरले देखाउनुभएको नम्रतालाई बुझ्दछौं, तब हामी कसरी उहाँको विश्वासनियता माथि शंकाको एक कणले रमाउन सक्छौं ?

*"हामी सबै भेड़ाझैँ बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ। ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन। मारिनलाई लगेको थुमाजस्तै ऊ डोऱ्याएर लगियो। आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैँ उसले पनि आफ्नो मुख खोलेन। अत्याचार र इन्साफद्वारा ऊ लगियो। उसका सन्तानका बारेमा कसले विचार गर्न सक्छरु किनकि ऊ जीवितहरूको देशबाट अलग गरियो, र मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पऱ्यो। उसको चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन न त उसको मुखमा केही छल थियो ।"* (यशैया ५३ : ६-९)

# परमेश्वर एक सेवक हुनुहुन्छ, दास बनाउने होइन ।



*"अबदेखि म तिमीहरूलाई नोकर भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन। तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु।"* (यहून्ना १५ : १५)

परमेश्वर हाम्रो अन्ध विश्वासलाई चाहानु हुन्न । उहाँ हाम्रो मित्रता चाहानु हुन्छ । जब हामी एक साथी संग कुरा गर्छौं, हामी कुनै औपचारिक नियम वा रहस्यमयबादको प्रयोग गर्दैनौ । परमेश्वर हामीले उहाँसित इमान्दार भई कुरा गरेको चाहानुहुन्छ जस्तो हामीले घनिष्ट साथीसित कुरा गर्छौं । यो नै प्राथनाको वास्तविक अर्थ हो । परमेश्वरले हामीलाई तर्क गर्ने क्षमता सहित सृष्टि गर्नुभयो र हामीलाई त्यो योग्यता अभ्यास गरेको चाहानुहुन्छ *"परमप्रभु भन्नुहुन्छ, "अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं। तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन्। गाढ़ा राता रङ्गका भए तापनि ती ऊनजस्तै हुनेछन्।"* (यशैया १ : १८)

*"तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो*

*तिमीहरूको सेवक हुनुपर्छ। जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।"* (मत्ती २० : २५-२८)
येशूले जीवनको व्यवस्थालाई देखाउनुभयो । अरुको सेवा गर्न आफूलाई अर्पण गर्नुभयो ।

*"अनि येशू तिनीहरूका सभाघरहरूमा सिकाउँदै, राज्यको सुसमाचार प्रचार गर्दै, र मानिसहरूमा भएका हरेक किसिमका रोग र शारीरिक दुर्बलता निको पार्दै सारा गालीलभरि घुम्नुभयो। उहाँको कीर्ति सिरियाभरि फैँजियो, र बिरामीहरू, अर्थात् विभिन्न प्रकारका रोग र पीडाले सताइएका, भूत लागेका, र छारेरोग लागेका, र पक्षाघात भएकाहरू सबैलाई मानिसहरूले उहाँकहाँ ल्याए। उहाँले तिनीहरूलाई निको पार्नुभयो। अनि गालील, डेकापोलिस, यरूशलेम, यहूदिया र यर्दन पारिदेखिका ठूला भीड़हरू उहाँको पछि लागे।"* (मत्ती ४ : २३-२५)
*"अनि एक जना कुष्ठरोगी उहाँकहाँ आएर घुँड़ा टेक्दै यसो भनेर बिन्ती गऱ्यो, "तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ।" तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, "म इच्छा गर्दछु, तिमी निको भइजाऊ।" त्यति नै बेला त्यसको कुष्ठरोग त्यसबाट हट्यो, र त्यो निको भइहाल्यो।"* (मर्कूस १ : ४०-४२)

सबै किसिमको कष्टलाई कम गर्न येशूले सहनुभूतिपूर्वक बिना थकान काम गर्नुभयो । उहाँको मायालु हेरचाह र ख्याल देखि कोहि पनि पर थिएन : *"येशूले अरू पनि धेरै काम गर्नुभयो। तीमध्ये प्रत्येकको बारेमा लेखिने हो भने, मलाई यस्तो लाग्छ, कि तिनका विषयमा लेखिएका पुस्तकहरू संसारैभरि पनि अटाउने थिएनन् ।"* (यहून्ना २१ : २५)

*"पिताले सबै थोक उहाँका हातमा दिनुभएको छ, र उहाँ परमेश्वरको तर्फबाट आउनुभएको हो, र परमेश्वरकहाँ नै जाँदैहनुहुन्छ भन्ने कुरा येशूले जान्नुहुँदथियो। अनि उहाँ भोजनबाट उठ्नुभयो, र बाहिरी वस्त्र एकातिर राखी एउटा तौलिया आफ्नो कम्मरमा बेह्रनुभयो। तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरूका गोडा धुन लाग्नुभयो, र आफूले बेह्रेको तौलियाले तिनीहरूका गोडा पुछ्न लाग्नुभयो ।"*

*(यहून्ना १३ : ३-५)*

यो परमेश्वरको कार्यलाई प्रकट गर्ने काम ख्रीष्टको अन्तिम भोजमा, मात्र उहाँको परिक्षण र क्रुसको बलिदान हुन केहि घण्टा अघि हुँदछ । लूकाको सुसमाचारले यस अवस्थामा येशूको चेलाहरुको बारेमा विचित्र विवरण दिँदछ ।*"अब तिनीहरूमध्ये सबैभन्दा प्रमुख को गनिने हो भनी चेलाहरूका बीचमा वाद-विवाद हुन लाग्यो ।"* (लूका २२ :२४) यहाँ एउटा दृष्य छ : येशूलाई थाहा थियो उहाँ परमेश्वरबाट आउनुभएको हो । अनि सबै कुरा उहाँकै हातमा सुम्पिएको थियो । अर्को शब्दमा भन्नुपर्दा, येशू पूर्णरुपमा जान्नुहुन्थ्यो कि उहाँ परमेश्वर हुनुहुन्छ र सम्पूर्ण ईश्वरत्व उहाँमा निहित थियो । उहाँको आफ्नै चेलाहरु

परमेश्वरको राज्यमा ठूलो को हुने भन्ने विवादमा थिए भनेर उहाँ सजक हुनुहुन्थ्यो । येशूले के गर्नुभयो ? उहाँले ‘‘एउटा तौलिया लिनुभयो र आफूलाई बेर्नुभयो” र आफ्नो महत्त्वपूर्ण चेलाहरुको खुट्टा धुनुभयो । (यस संस्कृतिमा एक घरको दासले गर्ने काम थियो ।)



*“तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रित्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो।”* (फिलिप्पी २ : ५-७)

# परमेश्वरले तपाईलाई निःस्वार्थ प्रेम गर्नुहुन्छ



*"के कुनै आमाले आफ्नो दूधेबालकलाई बिर्सन सक्छे र आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र त्यसले बिर्सन पनि सक्छे, तर म त तँलाई बिर्सन सक्दिनँ। हेर्, मैले तँलाई मेरो हत्केलामा खोपेको छु। तेरा पर्खालहरू निरन्तर मेरै सामुन्ने छन्।"* (यशैया ४९ : १५- १६)

कहिलेकाहिँ हामीलाई लाग्छ कि परमेश्वरले हामीलाई बिर्सनुभयो, तर भावनाहरु मात्र वास्तविकताको सहि उपाय हुँदैनन् । परमेश्वर भन्नुहुन्छ उहाँले हामीलाई बिर्सनुहुने छैन : *"के दुई पैसामा पाँच वटा भँगेरा बिक्दैनन् तीमध्ये एउटालाई पनि परमेश्वरले बिर्सनुहुन्न। तर तिमीहरूका त शिरका केशसमेत गनिएका छन्। यसकारण नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ़ी मोलका छौ।"* (लूका १२ : ६-७)

*"किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।"*
(रोमी ८ : ३८-३९)

परमेश्वरको हामीप्रतिको प्रेमलाई वर्णन गर्न असम्भव छ। उहाँको प्रेमलाई वर्णन गर्ने हाम्रो प्रयास केवल अप्रयाप्त हुनेछ।

*"हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि। यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन।"* (१ यूहन्ना ३: १)

हामी सबैको लागि परमेश्वरको आशा यो हो कि हामी उहाँलाई हाम्रो स्वर्गमा हुनुहुने पिताको रुपमा चिन्न सकौं। त्यसपछि हामीले हाम्रो वंशलाई परमेश्वरको छोराछोरीको रुपमा महसुस गर्नेछौं।

*"होशियार रहो, तिमीहरूले यी सानाहरूमध्ये एक जनालाई पनि हेला नगर। किनभने म तिमीहरूलाई भन्दछु, स्वर्गमा तिनीहरूका दूतहरूले स्वर्गका मेरा पिताको दर्शन सदैव गरिरहन्छन्। [ किनभने मानिसको पुत्र हराएकालाई बचाउन आएको हो। ] "तिमीहरू के विचार गर्छौ कोही मानिसका सय भेड़ामा एउटा भड्केर गयो भने, उसले उनान्सय वटालाई छोड़ेर पर्वत हुँदो गएर त्यस भड्केर जाने एउटालाई खोजी गर्न जाँदैन र यदि उसले त्यसलाई भेट्टायो भने, साँच्चै म तिमीहरूलाई भन्दछु, ती भड्केर नजाने उनान्सयभन्दा त्यस एउटाको लागि ऊ बढ़ी रमाउनेछ। यसरी नै स्वर्गमा हुनुहुने तिमीहरूका पिताको यो इच्छा छ, कि यी सानाहरूमध्ये एक जना पनि नष्ट नहोस्।"* (मत्ती १८ : १०-१४)

प्रत्येक व्याक्ति, सिंहासनमा अहंकारी राजादेखि सडकको सबैभन्दा गरीब भिखारीसम्म, परमेश्वरको लागि मूल्यवान छ। यो कति मूल्यवान छ ? यदि एउटै मात्र व्यक्तिलाई पनि मिलापको उद्धारको खाँचो पऱ्यो भने उहाँले स्वर्ग छाड्नु हुने थियो र उहाँले आफ्नो मानव परिवारको एउटा मात्र सदस्यको लागि पनि कष्ट भोगी मर्नुहुने थियो।

*"परमप्रभु विगत समयमा हामीकहाँ यसो भन्दै देखा पर्नुभयो: "सधैँभरि रहने प्रेमले मैले तँलाई प्रेम गरेको छु। मैले तँलाई दया गरी खिँचेको छु।"* (यर्मिया ३१ : ३)

# परमेश्वरको राज्य

*“परमेश्वरको राज्य कहिले आउँछ भन्ने फरिसीहरूको प्रश्नको जवाफमा उहाँले तिनीहरूलाई भन्नुभयो, “परमेश्वरको राज्य देखिने गरी आउँदैन, न त मानिसहरूले भन्नेछन्, ‘हेर, यहाँ छ!’ अथवा ‘त्यहाँ छ!’ किनभने हेर, परमेश्वरको राज्य तिमीहरूकै बीचमा छ।”* (लूका १७ : २० २१)

सरकार र मुख्यालयको देख्न सकिने कुर्सीको साथमा, यस संसारका राज्यहरु र संस्थाहरु सबै देख्न सकिन्छन् । यदि हामीले परमेश्वरको राज्यलाई एक देख्न सकिने दृश्यात्मक प्रदर्शनको रुपमा खोजिरहेका छौं भने हामीले यसलाई भेटाउने छैनौं । परमेश्वरको राज्य हाम्रो हृदय भित्र केवल परमेश्वर प्रतिको प्रेमको रुपमा सावित हुँदछ र एकअर्कामा हाम्रो स्वार्थीपनालाई हटाउनेछौं ।*“उहाँले फेरि भन्नुभयो, “परमेश्वरका राज्यको तुलना केसँग गरौं अथवा कुन दृष्टान्तमा यसको व्याख्या गरौं?”* (मर्कूस ४ : ३०)

मानव भाषामा शब्दहरु भेटाउन कति गाह्रो छ कि जसले केवल यस संसारको राज्यहरु संग परिचित व्यक्तिहरुलाई परमेश्वरको राज्यको सहि चित्रण गर्नसक्छ । *“येशूले तिनलाई जवाफ दिनुभयो, “साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।”* (यूहन्ना ३ : ३)

यो आत्मिक चिजहरुलाई बुझ्न योग्य बनाउने काम पवित्र आत्माको हो । जब हामी पवित्र आत्माको कोमल प्रभावलाई स्वागत गर्दछौं, तब आत्मिक सत्यताहरुले परमेश्वरको राज्यलाई

देख्न वा बुझ्नको लागि सम्भव बनाउन हाम्रो ध्यानलाई केन्द्रित गर्दछ । यस नयाँ वास्तविकताको परिपेक्षमा, परिवर्तन एक मेलमिलाप र जीवन दिने नयाँ गरि फेरि जन्मनु जस्तै हुँदछ। पवित्र आत्मा हामीले कल्पना गरे जस्तो धार्मिक परिधि भित्र मात्र कार्य गर्न सिमित हुनुहुन्न । उहाँ सबै पृष्ठभूमि, स्थान, अर्थात कुनैपनि विचारधाराको परवाह नगरि सबै संग बोल्नुहुन्छ । नास्तिकहरुको हृदय समेत पवित्र आत्माको कामबाट मुक्त छैन। परमेश्वर हामी जस्तो छोटो दर्शी हुनुहुन्न र कुनै व्याक्तिले उहाँको अस्तित्वमा विश्वास नगर्दैमा उहाँ रिसाउनु हुन्न ।

आत्मिक चिजहरु जसलाई पवित्र आत्माले बुझ्न सक्ने बनाउनु हुन्छ त्यो केवल हाम्रो शिरको ज्ञान मात्र होइन, तर यो हाम्रो हृदयको परिवर्तन हो। उदाहरणको लगि एक आफूलाई धर्मी ठान्ने कठोर हृदय भएको धार्मिक आस्था बोकेको व्याक्ति भन्दा एक सहनुभुती दयालु नास्तिक पवित्र आत्माको प्रभावमा जिम्मेवारी ठहरिन्छ र उ परमेश्वरको राज्यको नजिक हुँदछ । परमेश्वरको. लागि कुन चाहिँ कठिन हुँदछ, परमेश्वरको बारेमा व्याक्तिको मन परिवर्तन गर्न वा कठोर हृदयको परिवर्तन गर्न ?

*"मानिसहरूले साना बाल-बालिकाहरूलाई येशूले छोड्देऊन् भन्ने उद्‌देश्यले उहाँकहाँ ल्याए, तर चेलाहरूले तिनीहरूलाई हकारे। तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो। साँच्चै म तिमीहरूलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो*

*बालकले जस्तै ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन।"* (मर्कूस १० : १३-१५)



जब परमेश्वर र उहाँको बारेमा सत्य कुरा जान्न खोजिन्छ, सबैभन्दा गाह्रे कुरा सिक्नु होइन तर नसिक्नु हो । हामी मध्ये धेरैले परमेश्वर प्रतिको हाम्रो तस्बिरलाई विकाश गर्नमा ठूलो लगानी गरेका छौं । यदि त्यो तस्बिर गलत ठहरियो भने, यसलाई त्यसै जान दिन विशेष रुपमा गाह्रो हुनसक्छ। यति लामो समयदेखि परमेश्वर प्रतिको गलत तस्बिर प्रख्यात धर्महरुमा सम्मिलित भएको हुनाले, यो परमेश्वर र उहाँको राज्यको सत्यता बारेमा बुझ्न एक ठूलो अवरोधको रुपमा खडा भएको छ । तुलनात्मक रुपमा यो परमेश्वर प्रतिको गलत चित्रण बच्चाहरुमा कम पाइन्छ जसले गर्दा हाम्रो प्रेमिलो परमेश्वरको सत्यतालाई स्विकार गर्न बच्चाहरुलाई सजिलो हुँदछ ।

*"त्यही समय चेलाहरू येशूकहाँ आएर सोधे, "स्वर्गको राज्यमा सबैभन्दा महान् को हो" उहाँले एउटा सानो बालकलाई नजिक बोलाएर तिनीहरूका माझमा उभ्याउनुभयो, र भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ। जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ।"* ( मत्ती १८ : १-४)

स्वर्गको राज्य संसारको राज्य भन्दा ठीक विपरित छ । अहंकार, हेरफेर, जबरजस्ती, वा कुर्सीको (पद) को घमण्डको लागि त्यहाँ कुनै ठाउँ छैन । हाम्रो स्वर्गीय पितामा बच्चाहरुको जस्तो भरोसा र सिक्नको लागि खुला इच्छा भएको आवश्यक पर्छ ।

*"स्वर्गको राज्य कुनै एउटा खेतमा गाडी राखिएको गाड़धनजस्तो हो, जो एक जना मानिसले भेट्टाएर लुकाइराख्दछ, र आनन्दित भएर ऊ जान्छ र आफूसित भएका सबै बेच्छ, र त्यो खेत किन्छ। "फेरि स्वर्गको राज्य असल मोतीहरू खोज्ने एउटा व्यापारीजस्तो हो। त्यसले एउटा बहुमूल्य मोती भेट्टाएपछि गएर आफूसँग भएका सबै बेचेर त्यो मोती किन्यो।"* (मत्ती १३ : ४४-४६)

जब हामी परमेश्वर बारेको सत्यतालाई बुझ्दछौं कि उहाँ संग असिम अरुप्रतिको प्रेम छ, र उहाँ पूर्ण रुपमा भरोसा योग्य, कृपालु र उद्धार हृदयको हुनुहुन्छ भनेर, तब हामीले त्यहि समय उहाँको राज्य कस्तो हुँदछ भनेर स्पष्ट ज्ञान पाउनेछौं । र उहाँ प्रतिको हाम्रो गलत तस्बिरलाई मूल्यहिनको रुपमा हेर्नेछौं र परमेश्वर र उहाँको राज्यको वास्तविक चित्र खरिद गर्न यसलाई खुशीसाथ बेच्नेछौं ।

*"शास्त्रीहरूमध्ये एक जना आए, र तिनीहरूलाई आपसमा विवाद गरिरहेका सुने। येशूले मानिसहरूलाई ठीक जवाफ दिनुभएको देखेर तिनले उहाँलाई सोधे, "सबै आज्ञाहरूमा मुख्यचाहिँ कुन हो" येशूले जवाफ दिनुभयो, "सबैभन्दा मुख्यचाहिँ यो हो: 'हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्।' दोस्रोचाहिँ यो हो, 'तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम*

*गर्।' योभन्दा ठूलो आज्ञा अर्को छैन।" त्यस शास्त्रीले उहाँलाई भने, "गुरुज्यू, तपाईंले ठीक भन्नुभयो, परमेश्वर एउटै हुनुहुन्छ, उहाँबाहेक अर्को कोही छैन। उहाँलाई सारा हृदयले, सारा समझले, सारा शक्तिले प्रेम गर्नु, र छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु सबै होमबलि र बलिदानहरूभन्दा उत्तम हो।" तिनले बुद्धिमानीसाथ जवाफ दिएका देखेर येशूले तिनलाई भन्नुभयो, "तिमी परमेश्वरको राज्यदेखि टाढ़ा छैनौ।" त्यस समयदेखि उहाँलाई प्रश्न गर्ने कसैको साहस भएन।"* (मर्कूस १२ : २८-३४)



**"येशूले शास्त्रीलाई प्रोत्साहन दिँदै जवाफ दिइरहनुभएको थियो । तपाई परमेश्वरको राज्यबाट टाढा हुनुहुन्न ।"** शास्त्रीले आत्मिक सत्यताको सब भन्दा गहिरो बुझाइलाई व्यक्ति गरे । उनी धर्मशास्त्रको गहिरो अध्ययनमा गए र येशूले उसको अगाडि ल्याउनु भएको प्रेमको व्यवस्थाको दर्शनलाई बुझे ।

नयाँ आकाश र नयाँ पृथ्वी कस्तो हुनेछ जब प्रेमको व्यवस्था मात्र त्यहाँको कानुन हुनेछ ? अरुमा केन्द्रित परमेश्वरको प्रेम सबै मानवजातिमा झल्किने छ। प्रत्येक व्यक्तिले त्यहाँ अर्को व्यक्तिलाई प्रेम र इज्जत गर्नेछ। "आफूलाई भन्दा पनि ज्यादा" (फिलिप्पी २ : ३) हामीले कल्पना पनि गर्न नसकिने खुशी र सुरक्षाको अवस्था त्यहाँ हुनेछ।

*"तर यसो लेखिएको छ, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ।"*

(१ कोरिन्थी २ : ९)

# परमेश्वरले हामीलाई साँचो स्वतन्त्रता दिनुहुन्छ ।



*"अनि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पाल्तु पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।"* (उत्पत्ति १: २६)

परमेश्वरले मानवजातिलाई पृथ्वीमा शासन गर्न दिने अधिकारले दुरुपयोग वा शोषणलाई अनुमोदन गरेन । आदम र हव्वा र तिनीहरुका सन्तानहरु पृथ्वी र यसमा भएका सबै प्राणीहरुलाई प्रेमिलो हेरचाह गर्नु पर्ने थियो । बाइबलले उल्लेख गर्दछ, "पृथ्वी उहाँले मानिसका सन्तानलाई दिनुभएको छ" (भजनसंग्रह १५० : १६) जब हाम्रो प्रथम मातापिताले परमेश्वर स्वार्थी र प्रतिबन्धित हुनुहुन्छ भन्ने झुटलाई विश्वास गरे, तिनीहरु धोकामा परेका थिए र उनीहरुको दिमागमा उनीहरु दासत्वमा परेका थिए, "*तिनीहरूलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञा गर्छन्, तर तिनीहरू आफै भ्रष्टताका दास छन्, किनकि जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ।"* (२ पत्रुस २ : १९)

जहाँ आदम र हव्वाले एक पटक स्वतन्त्र पाएका थिए अब उनीहरु र तिनीहरुका छोराछोरीहरु शैतानको बन्धनमा थिए । शैतान र अन्य पतित दूतहरुको जस्तै मानवजातिको लागि बिना उपाय, सहायतता विहिन अपरिहार्य विनाशको रुपमा नष्ट हुने, जस्तो एक डरलाग्दो क्षण पतन पछि प्रकट भयो । तर यहाँ एउटा

सुसमचार छ, उनीहरुको र तिनीहरुको सन्तानको लागि दासत्वबाट छुटकारा पाउन परमेश्वरले एक तरिका प्रदान गर्नुभयो । यस आपतकालिन अवस्थाको सामना गर्न परमेश्वरले शैतानलाई यी शब्दहरु बोल्नुभयो । " ***तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।"*** (उत्पत्ति ३ : १५)



यो कस्तो दुश्मनी हो ? जब शैतान र त्यसका अनुयायी दूतहरुले स्वर्गमा परमेश्वर विरुद्ध विद्रोह गरे, तिनीहरुले पिता, पुत्र र पवित्र आत्माको साथ लामो समय पछिको सम्बन्धबाट त्यसो गरे । उनीहरु संग परमेश्वरको प्रेम जान्ने प्रशस्त अनुभव थियो र उहाँसंगको भलाई माथि शंका गर्ने कुनै कारण थिएन । जब उनीहरुले आफूलाई परमेश्वरबाट अलग पारे तब उनीहरु पवित्र आत्माको साथ जवाफ दिन असमर्थ भए । तिनीहरुको बाधापूर्ण घमण्डले, तिनीहरुले आफैलाई अन्धकारमा डुबाए र अन्तिम विस्मृति पश्चाताप गर्न र उनीहरुको सृष्टिकर्तामा फर्कन असक्षम भए ।

जब आदम र हव्वाले पाप गरे, तिनीहरुले परमेश्वरसंगको सिमित ज्ञान र उहाँसंगको सिमित अनुभवको स्थानबाट त्यसो गरे । तिनीहरुलाई शैतानले धोका दियो । परमेश्वरलाई इन्कार गर्ने कुनै ठोस योजना उनीहरुले बनाएका थिएनन् । परमेश्वरबाट मानवजाति अलग्गिनु, कुनै उपया बिहिन थिएन, परमेश्वरले प्रतिज्ञा गर्नुभयो कि उहाँले शैतान र स्त्रिको बीचमा 'दुश्मनी' राख्नु हुनेछ । यो पृथ्वीको मूल सुसमाचारको सन्देश थियो ।

परमेश्वरले दया गरि आदम र हव्वा र तिनीहरुका संतानहरुलाई आशा राख्नुभयो कि उनीहरुको हृदय र दिमाग अझै पवित्र

आत्माको जवाफ दिन सक्षम हुनेछ -तिनीहरु अझै पनि परमेश्वरको प्रेमको लागि संवेदनशिल हुनेछन । शैतानसंगको मानवजातिको बन्धन पूर्णतामा हुँदैन । प्रत्येक व्यक्तिको स्वतन्त्र इच्छाले हामीमा शैतानको प्रभावलाई सिमित राख्नेछ र हाम्रो सृष्टिकर्ता संगको मिलापको छनौट गर्न हाम्रो स्वतन्त्रतालाई सुनिश्चित गर्दछ । *''कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ।"* (रोमी ८ : २१) *"स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ। यसकारण दह्रा भएर खड़ा होओ, र फेरि दासत्वको जुवामुनि नपर।"* (गलाती ५ : १) *"यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ।"* (यूहन्ना ८ : ३६)

*"तिनीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ। जुन परमेश्वरले "अँध्यारोबाट ज्योति चम्कोस्" भन्नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरका महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्।"* (२ कोरिन्थी ४: ४, ६)

के यो समय अन्धकारले ढाकेको कानुनबाद र बिसंगतिलाई फ्याक्ने समय हो, जस संग शैतानले खीष्टको सुसमाचारलाई समेट्यो र हाम्रो प्रेमीलो परमेश्वरको बारेमा भएको गलत प्रचारलाई पर्दाफास गर्न असभागिता जनायो ।

*"येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, ''तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।"* (यूहन्ना ८ : ३१- ३२)

हाम्रो प्रेमिलो परमेश्वर बारेको सुसमाचार नै सत्यता हो ।

*"परमप्रभु यसो भन्नुहुन्छ: परमप्रभु यसो भन्नुहुन्छ: द्धिमान् मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस्, अथवा बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, अथवा धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्, तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा घमण्ड गरोस्: 'म परमप्रभुलाई जान्दछु र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रसन्न हुन्छु,'' परमप्रभु भन्नुहुन्छ।"* (यर्मिया ९ : २३-२४)

# संक्षिप्तमा

- सही रुपमा बुझिसकेपछि बाइबल व्यवहारिक छ । बाइबलले बाइबललाई आफै व्याख्या र परिभाषित गर्दछ। (यशैया १ : १८, १ कोरिन्थी २ : १३)
- हाम्रो तरिका र विचारहरुले परमेश्वरको विचार र तरिकालाई प्रतिबिम्बित गर्दैन । (यशैया ५५ : ८-९, भजनसंग्रह ५० : २१)
- परमेश्वरको महिमा उहाँको चरित्र हो । ( प्रस्थान ३४ : ६-७, २ कोरिन्थी ८ : ४,६)
- परमेश्वर प्रेम हुनुहुन्छ। (१ यूहन्ना ४: ८, १६)
- परमेश्वरको प्रेम पूर्ण निःस्वार्थ छ। (यूहन्ना ३ : १६-१७, रोमी ५ : ८)
- प्रेमलाई स्वतन्त्रता चाहिन्छ। (व्यवस्था ३० : १९-२०, यूहन्ना ८ : ३२, ३६)
- येशू परमेश्वर हुनुहुन्छ । ( यूहन्ना १ : १-३, १४, कलस्सी १ : १३-१७)
- येशू परमेश्वरको सपष्ट प्रतिरुप हुनुहुन्छ। (हिब्रु १ : ३)
- परमेश्वर कहिल्यै परिवर्तन हुनुहुन्न । (मलाकी ३ : ६, हिब्रु १३ : ८, याकुब १ : १७)
- परमेश्वर सृष्टिकर्ता र पालनहार हुनुहुन्छ, विनाशक होइन । ( उत्पत्ति १ : १, भजनसंग्रह ३३ : ६, ९, हिब्रु १ : ३, लूका ९ : ५६, यूहन्ना १० : १०)
- विवादित प्रश्न परमेश्वरको शासनको सिद्धान्तको बारेमा हो, उहाँको शक्तिको होइन ।
  (उत्पत्ति ३ : १-५)

- परमेश्वरको राज्य प्रेमको व्यवस्थाले चल्दछ, शासनको व्यवस्थाले होइन । ( मत्ती २२ : ३६- ४०, गलाती ५ : १४, २२-२३, १ कोरिन्थी १३ :)
- परमेश्वरले कहिल्यै शक्ति प्रयोग गर्नुहुन्न, उहाँले भलाइले दुष्टतालाई जित्नुहुन्छ । (मत्ती ५ : ४३ -४८, रोमी १२ : २०-२१, लूका २३ : ३४)
- शैतान परमेश्वरको विरोधी र छलको मालिक हो (यूहन्ना ८ : ४४, २ कोरिन्थी ११ : १४, प्रकाश १२ : ७ -९, १ पत्रुस ५ : ८)
- पाप भनेको परमेश्वरलाई स्वार्थी र अविश्वासको रुपमा हेर्नु हो । (उत्पत्ति ३ : १-५, कलस्सी १ : २१)
- पाप खतरा हो परमेश्वर होइन । ( रोमी ६ : २३, याकूब १ : १३-१५)
- परमेश्वरले हाम्रो न्याय गर्नुहुन्न, हामी आफैले आफैलाई न्याय गर्दछौं । ( यूहन्ना ३ : १७-२१, ५ : २२, १२: ४४ -४८, मत्ती ७ : १-५, लूका ६ : ३७, रोमी २ : १-३)
- सुसमाचार परमेश्वरको बारेमा असल समाचार हो । २ कोरिन्थी ४ : ३ -६, प्रकाश १४ : ६-७, लूका १५ : ११ -३२, यूहन्ना ३ : १६ -१७, रोमी ५ : ८)
- मुक्तिले मेलमिलापको समाधान गर्दछ । यो कानुनी मुद्धा होइन । (मर्कूस २ : १६-१७, लूका ४ : १८-१९, प्रेरित २८ : २७, २ कोरिन्थी ५ : १८)
- परमेश्वरलाई चिन्नु अनन्त जीवन हो । (यूहन्ना १७ : ३)



हाम्रो परमेश्वरमाथिको अरुको चासो नराख्ने, आलोचकरुपी व्यवहार, अरुलाई जबरजस्ती आफ्नो नियन्त्रणमा राख्ने, पक्षपाती, रिस गर्नमा छिटो, हिंसात्मक चरित्रले भरिपूर्ण  जस्तो अभियोगहरुलाई पवित्र धर्मशास्त्र बाईबलबाट अस्विकृत गर्ने काम गरेको छ। यदि सम्पूर्ण बाइबललाई सहि रुपमा बुझियो भने, बाइबलमा उल्लेख गरिएको जस्तै **'परमेश्वर प्रेम हुनुहुन्छ'** (१ यूहन्ना ४:८) भन्ने कुरा संग मेल खाएको छ भन्ने कुरालाई यस पुस्तकले उजागर गरेको छ।



प्रेमिलो परमेश्वरको स्पष्ट चित्र बुझ्न लेखकले आफ्नो जीवनको बहुमूल्य ५० वर्ष विताउनु भएको छ। आफ्नो प्रिय पत्नी जुलिसंग उहाँ संयुक्त राज्य अमेरिकाको उत्तरी मिनोसोटामा स्थित आफ्नो सानो घरमा बस्नुहुन्छ। उहाँ जीव-जन्तुहरु र चरा-चुरुंगीहरुको बीचमा बस्न रमाउनु हुन्छ।